विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

# गाउँपालिका पार्श्वचित्र

अन्तिम प्रतिवेदन

२०८१

# विषयसूची


परिच्छेद - १: परिचय 1

१.१ पृष्ठभूमि 1

१.२ उद्देश्य 1

१.३ कानूनी तथा नीतिगत आधारहरू 2

१.४ तयारीका चरणहरू 2

१.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी 3

१.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला 3

१.४.३ तथ्याङ्क संकलन 3

१.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारी 4

१.४.५ वस्तुस्थिति विवरणको मस्यौदा तयारी 4

१.४.६ वस्तुस्थिति विवरण सुझाव संकलन 4

१.४.७ गाउँपालिकाको वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयारी 4

१.५ वस्तुस्थिति विवरणको सीमा 4

परिच्छेद - २: गाउँपालिकाको चिनारी 5

२.१ भौगोलिक अवस्थिति 5

२.२ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण 5

२.३ राजनीतिक र प्रशासनिक संरचना 5

२.४ धरातलीय अवस्था 6

२.५ प्राकृतिक सम्पदा 9

२.६ साँस्कृतिक उत्कृष्टता 9

२.७ विकासका मुख्य सम्भावनाहरू 10

२.८ गार्हस्थ उत्पादन 12

२.९ मानव विकास सुचकाङ्क 12

२.१० नक्सा स्रोत 12

परिच्छेद - ३: पारिवारिक तथा जनसांख्यिक विवरण 16

३.१ मुख्य बस्ती र घरपरिवारको विवरण 16

३.१.१ मुख्य बस्ती 16

३.१.२ घरपरिवारको विवरण 17

३.२ जनसंख्या वितरणको अवस्था 18

३.३ उमेर समूह तथा लिङ्ग अनुसार जनसंख्याको विवरण 19

३.४ मातृभाषाको आधारमा जनसंख्याको विवरण 21

३.५ धर्म अनुसार जनसंख्याको विवरण 23

३.६ जातजातीको आधारमा जनसंख्याको विवरण 24

३.७ घरमुलीको विवरण 27

३.८ पेशाको आधारमा जनसंख्याको विवरण 28

३.९ आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण 28

३.१० अपाङ्गताका आधारमा जनसंख्याको विवरण 30

३.११ बसाईसराई सम्बन्धी विवरण 32

३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण 34

३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण 38

**परिच्छेद - ४: आर्थिक अवस्था 40**

**४.१ प्रमुख आर्थिक विवरण 40**

४.१.१ आर्थिक कामको औद्योगिक क्षेत्र बर्गिकरण अनुसारको जनसंख्या 40

४.१.२ आवास संरचना विवरण 41

४.१.३ आयात तथा निर्यातको अवस्था 45

४.१.४ औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था 45

४.१.५ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण 45

४.१.६ सुकुम्बासी सम्बन्धी विवरण 46

**४.२ भू-उपयोग तथा स्वामित्व 47**

४.२.१ भू-उपयोगको वितरण 47

४.२.२ खेतीयोग्य जमिन सम्बन्धि विवरण 47

४.२.३ बाँझो जमिन सम्बन्धी विवरण 48

**४.३ कृषि तथा पशु विकास 48**

४.३.१ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा 48

४.३.२ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा 49

४.३.३ पशुपन्छीमा लाग्ने रोग तथा किरा 49

४.३.४ व्यवसायिक कृषि तथा पशुपालन फर्महरूको विवरण 49

४.३.५ कृषि तथा पशुसेवासँग सम्बन्धित मानव संशाधन 52

४.३.६ कृषि तथा पशुपालनसँग सम्बन्धित समूह तथा सामुदायिक संस्थाको विवरण 53

४.३.७ संकलन केन्द्र तथा चिस्यान केन्द्र 53

४.३.८ कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण 54

**४.४ पर्यटन विकास 54**

४.४.१ पर्यटकीय स्थलहरूको विवरण 54

४.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण 55

**४.५ उद्योग व्यापार तथा बैङ्किङ 56**

४.५.१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी) 56

४.५.२ व्यापार/व्यवसाय सम्बन्धी विवरण 56

४.५.३ खनिज तथा खानी सम्बन्धी विवरण 56

४.५.४ स्थानीय बजार तथा व्यापारिक केन्द्रहरूको विवरण 57

४.५.५ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण 57

४.५.६ सहकारी संस्थाहरूको विवरण 58

**परिच्छेद - ५: सामाजिक अवस्था 59**

**५.१ शैक्षिक तथा मानव संशाधन विकास 59**

५.१.१ पाँच वर्ष माथिको जनसंख्याको साक्षरता 59
५.१.२ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय र विद्यार्थी विवरण 62
५.१.३ विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण 64
५.१.४ विजयनगर गाउँपालिकाका सामुदायिक विद्यालय, शिक्षक र विद्यार्थी सम्बन्धी विवरण 65
५.१.५ सिकाई उपलब्धी तथा उत्तीर्ण दर 65
५.१.६ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण 67
५.१.७ विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सम्बन्धी विवरण 69
५.१.८ विजयनगर गाउँपालिकाको शिक्षा क्षेत्रमा लगानी 73
५.१.९ शैक्षिक गुणस्तर सम्बन्धी विवरण 73
५.१.१० बालमैत्री शिक्षा सम्बन्धी विवरण 73
५.१.११ स्रोत नक्शा 74
**५.२ स्वास्थ्य तथा पोषण 75**
५.२.१ स्वास्थ्य संस्थाको विवरण 75
५.२.२ स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण 75
५.२.३ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण 76
५.२.४ बालस्वास्थ्य तथा कुपोषणको अवस्था 78
५.२.५ प्रमुख रोग र उपचारसम्बन्धी विवरण 79
५.२.६ सुरक्षित मातृत्व 79
५.२.७ विवाहित तथा अविवाहित महिला तथा पुरुषको विवरण 81
५.२.८ स्रोत नक्सा 83
**५.३ खानेपानी तथा सरसफाई 84**
५.३.१ खानेपानीको श्रोतको विवरण 84
५.३.२ शौचालयको प्रयोगको अवस्था 85
५.३.३ सार्वजनिक शौचालयको विवरण 86
५.३.४ फोहोर व्यवस्थापन सम्बन्धी घरपरिवारको विवरण 87
५.३.५ ढल निकासको तथा ल्याण्डफिल साइटको अवस्था 87
५.३.६ बालक्लव तथा संजालको विवरण 88
५.३.७ घरपरिवारविहिन बालबालिकाको अवस्था 89
**५.४ युवा, खेलकुद तथा मनोरञ्जन 89**
५.४.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण 90
५.४.२ युवा क्लब सम्बन्धी विवरण 90
**५.५ कला, भाषा तथा संस्कृति 91**
५.५.१ सार्वजनिक स्थल, पाटी, पौवा र चौतारा 91
५.५.२ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण 91
**५.६ शान्ति तथा सुरक्षाको विवरण 93**
५.६.१ सुरक्षा निकायसम्बन्धी विवरण 93
**परिच्छेद - ६: वन तथा वातावरणीय स्थिति 94**
**६.१ वन क्षेत्रको अवस्था 94**
६.१.१ वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्वारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजी वन) 94

६.१.२ वृक्षारोपणका लागि खाली स्थान सम्बन्धी विवरण 96
६.१.३ जडिबुटी उत्पादन, संकलन तथा निकासी सम्बन्धी विवरण 96
६.१.४ गाउँपालिकाका क्षेत्रबाट निकासी हुने वन पैदावरको विवरण 98
**६.२ जलश्रोत तथा जलाधार क्षेत्र 99**
६.२.१ प्रमुख नदी तथा खोलाहरू 99
**६.३ जैविक विविधता र वातावरणीय सेवा 100**
६.३.१ बासस्थानका आधारमा महत्वपूर्ण जनावर र चराचुरुङ्गीको विवरण 100
६.३.२ महत्वपूर्ण वनस्पती विवरण 101
६.३.४ स्रोत नक्शा 102
**६.४ विपद् जोखिम व्यवस्थापन 103**
६.४.२ विपद् प्रकोपबाट भएको मानवीय र भौतिक क्षतिको विवरण 103
६.४.३ विपद्को किसिम अनुसार जोखिमको समय 103
६.४.४ विपद् व्यवस्थापनको पूर्वतयारी 104
६.४.५ आपतकालिन यातायात साधन सम्बन्धी विवरण 104
**परिच्छेद - ७: भौतिक विकासको अवस्था 105**
**७.१ यातायात पूर्वाधार 105**
७.१.१ सडक संजालको विद्यमान अवस्था 105
७.१.२ सवारी सुविधा र रुट 105
७.१.३ नगरक्षेत्रभित्र चल्ने सवारी साधन 105
७.१.५ बसपार्क तथा बस बिसौनी सम्बन्धी विवरण 106
७.१.७ स्रोत नक्सा 107
**७.२ विद्युत् तथा वैकल्पिक उर्जा 108**
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार) 108
७.२.२ बत्ती बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार 110
७.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाट विद्युत उत्पादन विवरण 111
७.२.४ वैकल्पिक ऊर्जा (लघु जलविद्युत, सोलार, बायोग्याँस, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार 111
**७.३ सञ्चार तथा प्रविधि 111**
७.३.१ रेडियो स्टेशन सम्बन्धी विवरण 112
७.३.२ आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण 112
**७.४ आवास तथा भवन 113**
७.४.१ छानोको प्रकारका आधारमा घरधुरी 113
७.४.२ गाउँपालिकाका अन्तर्गतका सरकारी भवन सम्बन्धी विवरण 114
७.४.३ गाउँपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दुरी 114
७.४.४ पशु वधशालाको विवरण 114
७.४.५ शवदाहस्थल सम्बन्धी विवरण 115
**परिच्छेद - ८: संस्थागत तथा सुशासनको स्थिति 116**
**८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था 116**

८.१.१ गाउँपालिकाको संगठनात्मक ढाँचाः संगठनात्मक सर्वेक्षणमा रहेको प्रस्तावित संगठन तालिका 116
८.१.२ गाउँपालिकाको विगत ३ आर्थिक वर्षको आय विवरण 117
८.१.३ गाउँपालिकाको अचल सम्पत्ति विवरण 119
**८.२ सेवा सुविधा सञ्चालन र व्यवस्थापन 119**
८.२.१ उपलब्ध सेवा सुविधाको प्रकार 119
८.२.२ सेवा प्रवाह प्रक्रिया र पृष्ठपोषण 119
८.३.१ गाउँपालिकाभित्रका नागरिक सचेतना केन्द्र, नागरिक मंच र टोल विकास संस्था सम्बन्धी विवरण 122
८.३.२ सामुदायिक मेलमिलाप समिति सम्बन्धी विवरण 122
**८.४ ऐन, नीति नियम र कार्यप्रणाली 122**
८.४.१ गाउँपालिकाका स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु 122
८.४.२ गाउँकार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी 123
**अनुसूचीहरू 126**
**अनुसूची - १: गाउँपालिकाका निर्वाचित पदाधिकारीको विवरण 126**
**अनुसूची - २: चालु आ.व.को बजेट विवरण 127**
**अनुसूची - ३: विजयनगर गाउँपालिकाको डिजिटल प्रोफाइल तयारीको लागि गरिएको अभिमुखीकरण कार्यक्रममा सहभागीहरू 128**

# तालिका सूची


तालिका नं. १ : राजनीतिक र प्रशासनिक संरचना 5
तालिका नं. २ : गाउँपालिकाको भिरालोपनको विवरण 8
तालिका नं. ३ : जमिनको मोहडाको विवरण 9
तालिका नं. ४ : गाउँपालिकाका मुख्य बस्तीको विवरण 16
तालिका नं. ५ : वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण 17
तालिका नं. ६ : जनसंख्याको विवरण 18
तालिका नं. ७ : उमेर र लिङ्गअनुसार जनसंख्याको विवरण 19
तालिका नं. ८ : मातृभाषाअनुसार जनसंख्याको विवरण 21
तालिका नं. ९ : धर्म अनुसार जनसंख्याको वडागत विवरण 23
तालिका नं. १० : जातजातीको आधारमा जनसंख्याको विवरण 24
तालिका नं. ११ : परिवारमूलीको लिङ्गअनुसार उमेरगत घरधुरी विवरण 27
तालिका नं. १२ : मुख्य पेशाको आधारमा उमेर समुहगत जनसंख्याको विवरण 28
तालिका नं. १३ : आर्थिक रुपले सक्रिय तथा आश्रित जनसंख्याको विवरण 28
तालिका नं. १४ : अपाङ्गताको किसिम अनुसार जनसंख्या विवरण 31
तालिका नं. १५ : जन्म स्थानको आधारमा जनसंख्या विवरण 32
तालिका नं. १६ : बसाईसराइ सरेर आउने संख्याको आधारमा जनसंख्याको विवरण 33
तालिका नं. १७ : पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण 34
तालिका नं. १८ : लिङ्ग र उमेर अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण 36
तालिका नं. १९ : मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण 37
तालिका नं. २० : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्यात्मक विवरण 38
तालिका नं. २१ : आर्थिक रुपले सकृय जनसंख्याको मूख्य औद्योगिक क्षेत्र अनुसारको विवरण 40
तालिका नं. २२ : घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण 41
तालिका नं. २३ : जगको आधारमा घरधुरीको विवरण 42
तालिका नं. २४ : बाहिरी गारोको आधारमा घरधुरीको विवरण 43
तालिका नं. २५ : घरको भुँईको आधारमा घरधुरीको विवरण 44
तालिका नं. २६ : गाउँपालिकामा रहेका बैदेशिक रोजगारीमा गएका जनसंख्याको विवरण 45
तालिका नं. २७ : खाद्यान्न बालीमा लाग्ने रोगको विवरण 48
तालिका नं. २८ : तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा 49
तालिका नं. २९ : व्यवसायिक कृषि तथा पशुपालन फर्महरूको विवरण 50
तालिका नं. ३० : कृषि जनशक्तीको विवरण 52

तालिका नं. ३१ : २०८० को अन्त्यसम्ममा नवीकरण भएका कृषक समुहहरुको विवरण 53
तालिका नं. ३२ : पर्यटकीय तथा धार्मिक स्थलहरूको विवरण 55
तालिका नं. ३३ : प्रमुख बजार सम्बन्धी विवरण 57
तालिका नं. ३४ : बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण 57
तालिका नं. ३५ : गाउँपालिकामा रहेका सहकारी संस्थाहरू सम्बन्धी विवरण 58
तालिका नं. ३६ : ५ वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्याको वडागत साक्षरताको विवरण 59
तालिका नं. ३७ : औपचारिक शिक्षाको जनसंख्याको साक्षरताको स्थिति 60
तालिका नं. ३८ : विजयनगर गाउँपालिकाका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण 64
तालिका नं. ३९ : गाउँपालिकाको शिक्षक तथा शैक्षिक जनशक्ति विवरण 67
तालिका नं. ४० : विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सम्बन्धी विवरण 69
तालिका नं. ४१ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाको विवरण 75
तालिका नं. ४२ : गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्तिको विवरण 75
तालिका नं. ४३ : खोप सम्बन्धी विवरण 77
तालिका नं. ४४ : सुरक्षित मातृत्वको अवस्थाको विवरण 77
तालिका नं. ४५ : बाल स्वास्थ्य कुपोषणको अवस्था 78
तालिका नं. ४६ : प्रमुख १० स्वास्थ्य समस्याहरुको विवरण 79
तालिका नं. ४७ : १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले जन्म दिएको विवरण 79
तालिका नं. ४८ : गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका शिशुहरूको विवरण 80
तालिका नं. ४९ : १५-४९ उमेरसमूहका विवाहित महिलाहरूले हाल सम्म जिवित जन्माएका बच्चाहरुको संख्या अनुसार महिलाको जनसंख्या 81
तालिका नं. ५० : विवाहित तथा अविवाहित महिला तथा पुरुषको विवरण 81
तालिका नं. ५१ : खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण 84
तालिका नं. ५२ : परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण 85
तालिका नं. ५३ : सार्वजनिक शौचालयको विवरण 87
तालिका नं. ५४ : रंगशाला, खेल मैदान, व्यायामशाला, पौडी पोखरी सम्बन्धी विवरण 90
तालिका नं. ५५ : गाउँपालिकामा रहेका युवा क्लब तथा खेलकुद क्लबको विवरण 90
तालिका नं. ५६ : स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण 91
तालिका नं. ५७ : गाउँपालिकामा रहेका प्रमुख सुरक्षा निकायहरुको विवरण 93
तालिका नं. ५८ : विजयनगरक्षेत्रमा पाइने महत्वपूर्ण स्थानीय जडिबुटीहरू 96
तालिका नं. ५९ : गाउँपालिकामा भएका नदीनाला, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाहरूको विवरण 99
तालिका नं. ६० : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण 103

| | |
|---|---|
| **तालिका नं. ६१ :** खाना पकाउने मुख्य इन्धनको आधारमा घरपरिवारको विवरण | 108 |
| **तालिका नं. ६२ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण | 110 |
| **तालिका नं. ६३ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण (बहुउत्तरमा आधारित) | 112 |
| **तालिका नं. ६४ :** छानोको आधारमा घुरधुरीको विवरण | 113 |
| **तालिका नं. ६५ :** कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण | 123 |
| **तालिका नं. ६६ :** आ.व. २०८०/०८१ को बजेट विनियोजन | 127 |

# परिच्छेद - १: परिचय

## १.१ पृष्ठभूमि

नेपाली जनताको बलिदानपूर्ण लामो संघर्षपश्चात नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था कायम भएको छ । विश्वभर विभिन्न देशहरूमा सफल अभ्यासमा आएको यो व्यवस्था नेपालमा नौलो भएकाले यसमा अभ्यस्त हुन केही समय अवश्य लाग्नेछ। संघीय शासन प्रणालीको सवल पक्ष भनेको जनता केन्द्रीत शासन हो । नेपालको संघीय प्रणाली अर्न्तगत राज्यको संरचनालाई तीन तहमा विभाजन गरिएको छ। संघीय अर्थात केन्द्रीय शासन, प्रादेशिक शासन बीचमा र तल्लो तहमा स्थानीय सरकार सरह नेपालको संविधानले स्थानीय तहहरूलाई स्थानीय स्वायत्त सरकारको रुपमा स्थापित गरेको छ। संविधानको अनुसूची ८ को क्र.सं. ६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय सरकारलाई भएको उल्लेख छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को च मा माथि उल्लेखित विषयलाई थप विस्तार गरिएको छ।

तसर्थ नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार प्रयोग गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७८ अनुरुप स्थानीय स्तरका विकासको योजना निर्माण, नीतिनिर्माण तथा स्थानीय सूचनाको प्रमुख श्रोतको रुपमा रहने यो वस्तुगत विवरणले गाउँपालिकालाई विकास र समृद्धिको समुचित दिशातर्फ उन्मुख हुन सहयोग गर्ने विश्वासका साथ यो प्रतिवेदन तयार भएको छ।

## १.२ उद्देश्य

पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य भनेकै गाउँपालिकाको समग्र वस्तुगत अवस्थाको जानकारीहरूलाई सुव्यवस्थित ढङ्गले अभिलेखीकरण गर्ने र ती तथ्याङ्क वा सूचनाहरूलाई अद्यावधिक गर्दै आवश्यक पर्दा सरोकारवालाहरूलाई सूचना उपलब्ध गराउनु हो। पार्श्वचित्रका अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) गाउँपालिकाको समग्र भौतिक पूर्वाधार, आर्थिक पक्ष, सामाजिक पक्ष, प्राकृतिक सम्पदा तथा विपद् व्यवस्थापन सम्बद्ध पक्षहरूको सूचना तथा तथ्याङ्कको अभिलेख तयार पार्ने ।

ख) सेवाप्रवाह तथा संस्थागत संयन्त्रहरूका बारेमा सूचना तथा तथ्याङ्कहरूको अभिलेख तयार गर्ने ।

ग) सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू, चुनौतीहरू तथा सम्भावनाहरूको विश्लेषण गर्ने ।

घ) विभिन्न विषयगत आधार नक्सा तयार गर्ने ।

ङ) समग्र जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्ने ।

च) प्राप्त सूचनाहरूको वर्गीकरण गरी सुव्यवस्थित र सरल ढंगले सर्वसाधारणले बुझ्न सक्ने गरी विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गर्ने ।

छ) माथि उल्लेखित सम्पुर्ण विषयसँग सम्बन्धित एकमुष्ठ तथ्याङ्कीय आधार तयार पार्ने ।

## १.३ कानूनी तथा नीतिगत आधारहरू

पृष्ठभूमिमा उल्लेख भएजस्तै गाउँपालिकाको वस्तुगत विवरण तयारीका निम्न आधारहरू रहेका छन् ।

### (क) वैधानिक आधार

नेपालको संविधानको अनुसूची ८ र ९ लाई व्याख्या गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तथ्याङ्कहरूको अभिलेख तयार गरी अध्यावधिक गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेकोले गाउँपालिकालाई पार्श्वचित्र तयार पार्ने आधार बनेको छ ।

### (ख) नीतिगत आधारहरू

नीतिगत आधारहरू अन्तर्गत नेपाल सरकारले तयार पारेको समग्र योजनाहरू, नीतिहरू, प्रादेशिक नीतिहरू र यी नीतिहरूका आधारमा तयार भएका स्थानीय तहका नीतिहरूलाई कार्यान्वयन गर्न आधारभूत रुपमा आवश्यक तथ्याङ्कहरूको अनिवार्यता हुने भएकाले गाउँपालिकाको समग्र सूचनाहरू तयार पार्नुपर्ने नीतिगत आवश्यकता रहेको र सूचना व्यवस्थापनको नीतिगत व्यवस्था समेत रहेकाले सोका आधारमा यो वस्तुगत विवरण तयार पारिएको हो ।

### (ग) स्थानीय आवश्यकता

स्थानीय सरकार सञ्चालन गर्न तथा स्थानीय आवश्यकताहरूको पहिचान गर्न वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । स्थानीय आवश्यकताहरूको पहिचान पश्चात् विकास निर्माण नीति, योजना तथा कार्यक्रमहरू तय गर्न सकिन्छ । तसर्थ समग्र विकास प्रक्रियालाई अगाडि बढाउँदै स्थानीय सरकार सञ्चालन गर्न आवश्यक सूचना तथा तथ्याङ्कहरूको संगालोको टड्कारो आवश्यक रहने हुँदा यो नै वस्तुगत विवरण तयारीको अर्को महत्वपूर्ण आधार हो ।

यी बाहेक नेपालले पक्षराष्ट्र भई हस्ताक्षर गरेका अन्तराष्ट्रिय सन्धी तथा सम्झौताहरूलाई कार्यान्वयन गर्न समेत वस्तुगत सूचनाहरूको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न, मानवअधिकारको सुनिश्चितता गर्न, पर्यावरणीय सन्तुलन कायम गरी दिगो विकास गर्न तथ्यपरक सूचनाहरूको आवश्यकता पर्ने भएकाले यी आवश्यकताका आधारमा यो विवरण तयार पारिएको हो ।

## १.४ तयारीका चरणहरू

यस गाउँपालिकाको पार्श्वचित्रको तयारी गर्दा प्रयोग गरिएका विधिहरू निम्नानुसार रहेका छन् –

- ✓ यसमा गाउँपालिकाको विभिन्न विषयगत शाखा, विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।
- ✓ सबै वडाका अध्यक्ष तथा अन्य पदाधिकारीसँग प्रत्यक्ष अन्तर्वार्ता विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको ।
- ✓ राष्ट्रिय जनगणना २०७८ र अन्य विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरिएको ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरू, चित्रहरू तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन पद्ती प्रयोग गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, भौगोलिक सूचना प्रणाली तथ्याङ्क (GIS Data), स्थलस्वरुप नक्सा, हवाई नक्सा, नापी नक्सा, स्थलगत निरीक्षण तथा अन्तर्वार्ता विधि प्रयोग गरी संकलन गरिएको छ । यसका साथै गाउँपालिका स्थित विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजीवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसँग छलफल एवं अन्तर्वार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू बारे जानकारी लिइएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै: भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू सम्बन्धित विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

### १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी

यस तयारीको पहिलो चरणमा देहाय बमोजिमका गतिविधिहरु संचालन गरिएका छन् :-

- विजयनगर गाउँपालिका क्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक तथा सामाजिक रुपमा खण्डीकृत विवरण खुल्ने गरी वस्तुस्थिति विवरण तयारी कार्य प्रारम्भ गर्न कार्यपालिका बैठकबाट निर्णय गरियो ।
- वस्तुस्थिति विवरणको स्तरीय ढाँचा अनुसार राष्ट्रिय जनगणना २०७८ र अन्य विभिन्न सर्वेक्षण आदिका नतिजाहरू समावेश गरी संस्थागत सर्वेक्षण एवं सहभागितामुलक लेखाजोखा सर्वेक्षणका लागि विज्ञहरुको समेत संलग्नतामा प्रश्नावलीलाई अन्तिम रुप दिइयो ।

### १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला

वस्तुस्थिति विवरण तयारीका लागि विजयनगर गाउँपालिकाले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरुबीच वस्तुस्थिति विवरणको स्तरीय ढाँचा, तथ्याङ्कको स्रोत तथा संकलन एवं विश्लेषण तयारी विधिबारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न छलफलबाट कार्ययोजना तयार गर्नका लागि तथा वस्तुस्थिति विवरण तयार गर्ने कार्यको जिम्मेवारी र कार्ययोजना निर्धारण गर्नका लागि गाउँपालिका प्रमुख, उप-प्रमुख, कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरु, विषयगत शाखा/उपशाखा/इकाई प्रमुखहरु, गाउँपालिकाबाट छनौट गरिएका स्थानीयस्तरको जानकार विशेषज्ञ वा स्थानीय विज्ञहरुको सहभागितामा एक दिनको वस्तुस्थिति विवरण तयारी कार्यशाला गोष्ठी संचालन गरियो ।

### १.४.३ तथ्याङ्क संकलन

गाउँपालिकाको वस्तुस्थिति विवरण निर्माणका लागि दुई किसिमका तथ्याङ्कहरू संकलन गर्न संस्थागत विवरण तथा राष्ट्रिय जनगणना २०७८, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन, लगायतबाट प्राप्त विवरणहरु संकलन गरिएको थियो । संस्थागत विवरण संकलन अन्तर्गत प्रश्नावलीहरूको माध्यमबाट हरेक वडा कार्यालय तथा कार्यपालिकाको विभिन्न शाखाहरूको समेत सहयोग र समन्वयमा विवरणहरू संकलन गर्ने कार्य गरियो । यसरी संस्थागत विवरणहरू संकलन गर्ने सन्दर्भमा स्रोत नक्सा एवं GIS Mapping लाई व्यवस्थित गर्नका लागि GIS Coordinates लिइएको थियो ।

### १.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारी

प्राप्त तथ्यांकलाई व्यवस्थित तथा विश्लेषणका लागि कम्प्युटर सफ्टवेयरको डिजाइन तथा विकास गरी आवश्यकता अनुसारका तालिकाहरू तयार गरिनुका साथै थप विश्लेषणका लागि MS Excel को पनि प्रयोग गरियो भने प्राप्त सबै प्रकारका तथ्यांकहरूलाई MS Excel को प्रयोग गरी विश्लेषण गर्ने कार्य गरियो । स्रोत नक्सा तयारीका लागि पनि दुवै तरिकाहरू जस्तै GIS Database लाई आधार मानी सफ्टवेयरको प्रयोग गरी GIS मा आधारित स्रोत नक्सा बनाउने, तथ्यांक व्यवस्थापनका लागि विकास गरिएको सफ्टवेयरमा पनि GIS Coordinates राखेर Google Map को प्रयोगबाट Mapping गर्ने विधिको प्रयोग गरियो ।

### १.४.५ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोत नक्सा तयारीबाट प्राप्त प्रतिवेदनहरूलाई व्यवस्थित गर्दै तथा वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७८ ले निर्देश गरे अनुसार ढाँचाको अनुशरण गर्दै विज्ञहरूद्वारा वस्तुस्थिति विवरणको मस्यौदा प्रतिवेदन तयार गरी निश्चित समयावधिमा विजयनगर गाउँपालिकामा पेश गरियो ।

### १.४.६ वस्तुस्थिति विवरण सुझाव संकलन

निर्धारित ढाँचामा पालिकाको वस्तुस्थिति विवरणको पहिलो मस्यौदा तयार भए पश्चात् वस्तुस्थिति विवरणको मस्यौदामा छलफल गर्न विजयनगर गाउँपालिकामा एक दिने प्रमाणीकरण कार्यशालाको आयोजना गरियो । प्रमाणीकरण कार्यशालामा प्रस्तुत भएका सूचना तथा विवरणको शुद्धता र तथ्य यकिन गरी सुधारका लागि सुझाव संकलन गर्ने, वस्तुस्थिति विवरणको मस्यौदाले समेट्न नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरूलाई समावेश गर्न सुझाव आदान प्रदान गर्ने, वस्तुस्थिति विवरणमा प्रस्तुत तथ्याङ्क, सूचना तथा विवरणहरूको अन्तरसम्बन्ध र तुलनात्मक पक्षहरू यकिन गर्ने, वस्तुस्थिति विवरण प्रकाशन पश्चात् यसका विवरणहरू योजना तर्जुमा, विकास निर्माण, सेवाप्रवाह, कार्यसम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने आदि कार्यहरू गरिएको थियो ।

### १.४.७ गाउँपालिकाको वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयारी

कार्यशालाबाट प्राप्त भएका सुझावहरूलाई समावेश गरी तथा मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरु, कार्यशालाबाट प्रस्तुत सुझावहरू बारे सम्बन्धित सरोकारवालासँग आवश्यकता अनुसार पुनःपरामर्श गरी एवं वस्तुस्थिति विवरणको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरूका सुझावहरूलाई समेत ध्यान दिई वस्तुस्थिति विवरणलाई अन्तिम रुप दिईएको हो ।

## १.५ वस्तुस्थिति विवरणको सीमा

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरूको स्रोत र आधार वर्ष खुलाइएको छ। गाउँपालिकाका विषयगत शाखा, सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, विभिन्न मन्त्रालय, विभागहरू आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यसले विजयनगर गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा सूचना व्यवस्थापन सिमितताका कारण अपेक्षित सम्पूर्ण सूचनाहरू प्राप्त हुन सकेका छैनन् । तथापी, अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्क भने समावेश गरिएको छ ।

# परिच्छेद - २: गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाबाट करिब ४० कि.मि. को दुरीमा रहेको विजयनगर गाउँपालिका भौगोलिक हिसाबले तराई क्षेत्रमा अवस्थित गाउँपालिका हो । यहाँको कुल क्षेत्रफल १७३.१९ वर्ग कि.मी. रहेको छ । यो गाउँपालिका समुन्द्र सतह देखि ९७ मिटर देखी ८८५ मिटर सम्मको उचाईमा रहेको छ भने भौगोलिक रुपमा ८२$^0$४१'४५.९०" देखि ८२$^0$५०'४.५३" पूर्वी देशान्तर र २७$^0$३२'५८.९९" देखि २७$^0$४६'२७.७४" उत्तरी अक्षांशमा फैलिएको छ । गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका, पश्चिममा दाङ जिल्ला र छिमेकी मुलुक भारत, उत्तर दिशामा दाङ जिल्ला तथा दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन् । यहाँको अधिकांश भू-भाग समथर तराईको भूमि अन्तर्गत पर्ने हुँदा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । यहाँ उष्ण प्रकारको हावापानी पाइने हुँदा पुष र माघ महिनामा धेरै जाडो हुन्छ भने बैशाख, जेठ, असारमा अत्याधिक गर्मी हुने गर्दछ ।

## २.२ ऐतिहासिक पृष्ठभूमि तथा नामाकरण

वि. सं. १८७२ सालमा अंग्रेजसँग नेपालको युद्ध हुँदा पच्चिम नेपालको साविक कपिलवस्तुको पत्थरदेइया गाविसको विजयनगर भन्ने स्थानमा आएर बसेका अंग्रेजहरुलाई शिवगढीमा रहेका नेपाली सेनाले आक्रमण गरी विजय प्राप्त गरेकाले सो स्थानलाई विजयनगर भनिदै आएको र हाल सोही ऐतिहासिक स्थलको नामबाट गाउँपालिकाको नामाकरण भएको ऐतिहासिक तथ्य रहेको छ । यो गाउँपालिका प्राकृतिक रुपमा सुन्दर र भौगोलिक रुपमा सुगम रहेको छ ।

## २.३ राजनीतिक र प्रशासनिक संरचना

साबिकका पथ्थरदेइया, गुगौली, गणेशपुर र खुरहुरिया गाँउ विकास समितिलाई समेटेर वि. सं. २०७३ साल फाल्गुण २७ गते विजयनगर गाउँपालिकाको स्थापना भएको हो । हाल गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् । जसको  विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ :** राजनीतिक र प्रशासनिक संरचना

| वडा नं. | समावेश गाविस/गाउँपालिका | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | गुगौली (१-३) | ५५१३ | ९२.८३ |
| २ | गुगौली (४-९) | ६६०२ | १६.३३ |
| ३ | पत्थरदेइया(१-५) | ७३१६ | १६.४३ |
| ४ | पथ्थरदेइया (६-९) | ५८१७ | ९.४८ |
| ५ | खुरहुरिया (१-३, ५,९) | ५६९४ | १३.३५ |
| ६ | खुरहुरिया (४,६-८) | ५१३४ | १०.०५ |
| ७ | गणेशपुर (१-९) | ७२१५ | १४.४२ |

*स्रोत: भू सूचना प्रणालीमा आधारित स्थलगत तथ्याङ्क, राष्ट्रिय जनगणना, २०७८*

## २.४ धरातलीय अवस्था

गाउँपालिकाको भौतिक अवस्थाको विवरण तयार पार्दा यहाँको धरातलीय अवस्थाका बारेमा उल्लेख गर्नु अनिवार्य हुन्छ । क्षेत्रफलका हिसाबले नेपाल सानो भए तापनि धरातलीय विविधताका हिसाबले विश्वमै सम्पन्न मानिन्छ। विशेषतः भौगर्भिक प्रक्रियाका दौरान पछिल्लो समयमा निर्माण भएको महालङ्गुर हिमश्रृङ्खला निर्माण हुँदा तिब्बतीयन भू-खण्ड र भारतीय उपमहाद्वीपको एक आपसमा टकराव हुँदा यी दुई भू-खण्डका बीचमा रहेको टेथिस सागरको अस्तित्व समाप्त भई उच्च हिमालय पर्वत, मध्यम महाभारत पर्वत श्रृङ्खला तथा होचा चुरे पर्वत श्रृङ्खला र सबैभन्दा दक्षिण भेगमा फैलिएको विशाल गंगाको मैदानको अंशको रुपमा रहेको तराई भू-भाग मिलेर समग्र देशको भू-सतह निर्माण भएको छ । यो भू-धरातलको वस्तुगत चरित्रहरू मध्ये एक वा अर्को प्रकारको भू-धरातलको प्रधानता नेपालका गाउँपालिका वा नगरपालिकामा रहेको पाईन्छ । भू-धरातलीय स्वरुपले विकास निर्माणमा अहम् भूमिका खेल्दछ । भू-धरातलको विवरण अन्तर्गत विशेषतः भिरालोपन, मोहडा, उचाई, भू-आवरण, माटोको बनावट जस्ता आधारभूत पक्षहरू पर्दछन् । यो गाउँपालिका विशाल गंगाको मैदानको अंशको रुपमा रहेको तराई भू-भाग हो ।

### क) माटोको बनावट

विजयनगर गाउँपालिकाको भौगर्भिक संरचना भारतीय उपमहाद्वीप (Indian Plate) र तिब्बतीयन प्लेट ( Tibetan Plate) को एकआपसको टकरावबाट उत्पत्ति भएको महाभारत पर्वत श्रृङ्खला निर्माण हुँदाको बखत भएको हो । यो विशाल गंगा नदीको एक अंशको रुपमा रहेको छ । यद्यपि धरातलीय Profile हेर्दा माटो र चट्टानहरूमा विविधता रहेको पाइन्छ । यसको कारण भू-धरातलमा निरन्तर भइरहने प्राकृतिक प्रक्रियाहरू ( Natural Phenomena) जस्तै मौसम तथा ऋतु परिवर्तन, भू-क्षय, वायुमण्डलीय चापको प्रभाव, वर्षा, शीत, भूकम्प, जलवायु परिवर्तन, सामान्य हावाहुरी आदि हुन् । नदीको प्रत्यक्ष प्रभाव क्षेत्रमा रहेको माटोमा बालुवाको मात्रा बढी छ भने केही भित्री भागमा रातो र दोमट किसिमको माटो पाइन्छ । यसरी प्राङ्गारिक पदार्थको मात्रा भने निरन्तर खेती भइरहेको क्षेत्रमा केही बढी छ भने बाँझो क्षेत्रमा क्रमशः घटिरहेको अवस्था छ । यो गाउँपालिकाको प्रायः क्षेत्र समथर हुँदा खेतीपातीका लागि अब्बल रहेको छ ।

### ख) भिरालोपनाको विवरण

विजयनगर गाउँपालिकाको भूमिलाई भू-बनोट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-बनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन विश्लेषण गरिएको छ । विजयनगर गाउँपालिकामा भू-बनोट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलनजस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा गाउँपालिकाको जमिनमा न्यूनतम ० डिग्रीदेखि अधिकतम ६० डिग्रीसम्मको भिरालोपन देखिन्छ । जसलाई नक्शामा उल्लेख गरिएको छ ।

#### अ) Slope ०°-५° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्ध भूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं

अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस् भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत माध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्य फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ । माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाई भएमा हिउँदे एवं वर्षे बाली पनि लगाउन सकिन्छ।

### आ) Slope ५°-३०° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° भिरालो रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्य रुपमा देखा परिरहन्छन् । त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ । वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन । गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिन विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीको परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सीपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाईको प्रयोग नियमित रुपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाई गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाई प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाई भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### इ) Slope ३०°–४०° माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन । यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षति पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमिनमा वनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुन्छ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ । जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटबिरूवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ । यस वर्गमा पर्ने जमिनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइका साथ नियन्त्रण गर्नुपर्छ । यदि इन्धन,

पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तार र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतीको लागि उपयुक्त हुँदैन।

### ई) Slope >40° माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भू-क्षय भइरहने पुनरुत्पादनको सम्भावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नुपर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीव्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनःअधिग्रहण (reclaim) गर्न असम्भव हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने तथा भिरालोपन भएकोले माटो सजिलैसँग बग्दछ। तलको तालिकामा विजयनगर गाउँपालिकाको भिरालोपनको विवरण उल्लेख गरिएको छ।

**तालिका नं. २ :** गाउँपालिकाको भिरालोपनको विवरण

| भिरालोपन (डिग्रीमा) | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|
| ० डिग्री देखि ५ डिग्री | १३१.०३ | ७५.६६ |
| ५ डिग्री देखि १० डिग्री | १४.७० | ८.४९ |
| १० डिग्री देखि २० डिग्री | ९.७६ | ५.६४ |
| २० डिग्री देखि ३० डिग्री | १३.२७ | ७.६६ |
| ३० डिग्री देखि ६० डिग्री | ४.४३ | २.५६ |
| **जम्मा** | **१७३.१९** | **१००** |

*स्रोत : भू-सूचना प्रणालीमा आधारित स्थलगत तथ्याङ्क, २०८०*

यो गाउँपालिका समथर क्षेत्रमा अवस्थित भएकोले यहाँको जमिनमा भिरालोको मात्रा कम रहेको छ। यहाँको करिब ७५.७७ प्रतिशत भू-भाग ० डिग्री देखि ५ डिग्रीसम्मको, ८.४९ प्रतिशत भू-भाग ५ डिग्रीदेखि १० डिग्रीसम्मको, ५.६४ प्रतिशत भू-भाग १० डिग्रीदेखि २० डिग्रीसम्मको, ७.६६ प्रतिशत भू-भाग २० डिग्रीदेखि ३० डिग्रीसम्मको, २.५६ प्रतिशत भू-भाग ३० डिग्रीदेखि ६० डिग्रीसम्मको भिरालोपनको स्थितिमा छ।

यसको अर्थ यहाँको जमिनमा खेतीपाती गर्न धेरै सहज रहेको छ। खेतीपातीमार्फत् अन्नभण्डार बन्ने क्षमता गाउँपालिकाले राख्दछ। यहाँको भूमिको सही सदुपयोग गर्न सके प्राकृतिक सम्पदाको धनी विजयनगर गाउँपालिकाले विकासमा कायापलट हुन सक्ने क्षमता राख्दछ।

### ग) जमिनको मोहडाको विवरण (Aspect)

जमिनको भिरालोपन र मोहडा सामान्यतया एक अर्काका परिपूरक हुन्छन्। अर्थात् भिरालोपन विषम हुँदा मोहडामा पनि विषमता हुन्छ। समथर क्षेत्रमा मोहडामा विषमता नभए तापनि गाउँपालिकामा निम्नानुसारको मोहडाको विवरण रहेको छ।

**तालिका नं. ३ :** जमिनको मोहडाको विवरण

| मोहोडा | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|
| समथर | ०.९६ | ०.५५ |
| उत्तरी | १५.९९ | ९.२३ |
| उत्तर-पूर्वी | १८.७३ | १०.८१ |
| पूर्वी | २३.५७ | १३.६१ |
| दक्षिण-पूर्वी | २५.८२ | १४.९१ |
| दक्षिणी | २४.४७ | १४.१३ |
| दक्षिण-पश्चिम | २४.५५ | १४.१७ |
| पश्चिमी | २२.६७ | १३.०९ |
| उत्तर-पश्चिम | १६.४४ | ९.४९ |
| **जम्मा** | **१७३.१९** | **१००** |

*स्रोत: GIS तथ्याङ्कमा आधारित*

## २.५ प्राकृतिक सम्पदा

हरेक क्षेत्रको विकासको प्रमुख आधार नै त्यहाँ उपलब्ध प्राकृतिक श्रोतहरू हुन् । प्राकृतिक सम्पदा अन्तर्गत स्थानीयस्तरमा उपलब्ध जमिन, वन, वनस्पती, वन्यजन्तु, जडिबुटी, खानी तथा खनिज, नदी, खोला, ताल, हिमाल, झरना, जलाधार क्षेत्र, सिमसार, निकुञ्ज, आरक्ष तथा संरक्षित क्षेत्र आदि पर्दछन् । यीनै प्राकृतिक सम्पदाहरूको दिगो र विवेकपूर्ण सदुपयोग गर्नसकेको खण्डमा मात्र हामी समृद्ध बन्न सक्छौं ।

## २.६ साँस्कृतिक उत्कृष्टता

मानवीय चालचलन, भाषा, व्यवहार तथा जनजीवन निश्चित परम्पराबाट अमूर्त हिसाबले निर्देशित हुन्छ । दैनिक व्यवहारहरू सञ्चालन गर्न मानिस परिवार र समाजको स्वरूपमा बाँधिएको हुन्छ । विवाह, परम्पराले नाता सम्बन्ध स्थापित गर्दछ र यसले परिवारको श्रृजना हुन्छ । जन्म, मृत्यु, विवाह, खानपान, भेषभुषा, चाडपर्व, भाषा, रहनसहन आदि सबै साँस्कृतिक विशेषताहरू भित्र पर्दछन् । यी सभ्यता र संस्कृतिका आयामहरू मानिसको पहिचानका प्रमुख पक्षहरू हुन् । साँस्कृतिक गतिविधिहरूले मानिसलाई परिस्कृत जीवन जिउन मद्दत पुर्याउँछ । यसले समाजलाई संगठित र गतिशील तुल्याउँछ ।

गाउँपालिकामा ३५,३१८ अर्थात ८१.५८ प्रतिशत हिन्दु धर्मावलम्बीको बसोबास भएकोले यहाँ बडादशैं, तिहार, माघी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, माघे संक्रान्ति, रामनवमी, ठूलो एकादशी, आदि विशेष महत्वका साथ मनाउनेको बाहुल्यता रहेको छ । यसै गरी यहाँका ७३३७ अर्थात १६.९५ प्रतिशत व्यक्तीहरुले इस्लाम धर्म मान्ने गर्दछन । यी धर्मावलम्बीहरुले बकर इद विशेष महत्वका साथ मनाउने गर्दछन यसका साथै बौद्ध धर्मावलम्बीहरुले बुद्ध जयन्ती, ल्होसार, लगायतका पर्वहरु मनाउने गर्दछन् । यहाँ बसोबास गर्ने थारु समुदायले धुरहेरी, अष्टमिकी, अट्वारी अथवा अन्तहर, दशिया, देवारी, हरदौहा, माघी, हुरहेरी, गुरिया आदि चाडपर्व मनाउने गरेका छन् । हिन्दू धर्मावलम्बीले मनाउने प्रमुख संस्कारमा कुल पुजा, गोठ पुजा, ब्रतवन्ध, विवाह, देउडा गीत तथा नृत्य काजक्रिया, वार्षिक काम, न्वारन, तिथि श्राद्ध, सोह्रश्राद्ध, औंशी,

पूर्णिमा, सक्रान्ति, मसान्त, सत्यनारायणको पुजा, एकाह, होमहोमादी, यज्ञ, सप्ताह, रुद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्र ग्रहण, आदि रहेका छन् । यसैगरी परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, भ्याउरे भाका र दोहोरी गीत, देउसी आदि यस गाउँपालिकामा लोकप्रिय छन् ।

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै धर्म, संस्कृति र चालचलनहरू छन् । विशेष गरी मुसलमान र थारु समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा चाडपर्वको समयमा थारूहरुले आफ्नो संस्कृति झल्कने टोपी, पोक्टा, भेग्वा पहिरन लगाउने गरेको पाइन्छ भने मुस्लीम समुदायका पुरुषहरुले कुर्ता सलवार र शिरमा मुसलमानी टोपी लगाउँछन भने महिलाहरुले शिर देखि पाउ सम्म छोप्ने कालो रङको पातलो कपडा (बुर्का) लगाउने गर्दछन । यसका साथै मगर, क्षेत्री, बाहुन, सन्यासी तथा अन्य समुदायका पुरुषले कमिज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने महिलाहरुले साडी ब्लाउज तथा चोली लगाउने गर्दछन् । तर आधुनिक समयमा सबै जातजातिका युवा, युवतीहरूले क्रमशः पाइन्ट, सर्ट, टिसर्ट साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् ।

## २.७ विकासका मुख्य सम्भावनाहरू

हरेक स्थानको आफ्नै विशेषता हुन्छ । कुनै स्थानमा जंगलको भू-भाग अत्याधिक हुन्छ । कुनै स्थानमा पर्याप्त मात्रामा जलश्रोतको उपलब्धता हुन्छ भने कुनै स्थान सुख्खा क्षेत्रको रूपमा रहेका हुन्छन् । तसर्थ कृषियोग्य क्षेत्रमा कृषिको व्यवसायीकरण गरेर माथि उठ्न सकिन्छ भने दिगो वन व्यवस्थापन मार्फत् वनक्षेत्र अत्याधिक भएको स्थानीय तहलाई समृद्ध बनाउन सकिन्छ । उपलब्ध श्रोत र साधनका आधारमा गाउँपालिकाको सम्भावनाहरू उजागर गर्न सकिन्छ । यस गाउँपालिकाको वर्तमान भू-उपयोग हेर्दा ४१.६३ प्रतिशत खेतीयोग्य क्षेत्र भएकाले वैज्ञानिक कृषी प्रणालीमार्फत यहाँको समृद्धि हासिल गर्न सकिन्छ ।

दिगो वन व्यवस्थापन भन्नाले वनजंगललाई बालीनाली सरह हेरचाह र सुधार संभार गर्ने भन्ने बुझिन्छ । गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत परम्परागत तथा आधुनिक कृषि, जडिबुटी, पर्यटन, पशुपालन तथा साना तथा मझौला उद्योगहरूको विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् । साथै गाउँपालिकाको विभिन्न स्थानमा पार्क, उद्यान तथा धार्मिक सम्पदाहरूको निर्माण गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पर्याप्त अवसर रहेको छ ।

गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नका साथै अन्य नगदे बाली तरकारी बाली, फलफूल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरण, आधुनीकिकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा आधुनिक कृषि प्रणालीको अभावले गर्दा खेतीयोग्य भूमिको पूर्ण सदुपयोग हुन सकेको छैन भने अर्कोतर्फ माटोको उर्वरशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको बस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको

मर्मत सुधार गरी माटोको उर्वरशक्ति बढाई दिगो विकासको धारणा अनुरुप काम गर्न सकेमा भावी पुस्ताको लागि यस गाउँपालिकालाई बस्न लायक ठाउँको रुपमा विकसित गर्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा विभिन्न स्थानहरूमा दुध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/कोल्ड स्टोर, मासुजन्य उद्योग आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूका स्थानीय स्तरमा आवश्यक रोजगारी श्रृजना गर्नुको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिका क्षेत्रमा केही खोलाहरू तथा व्यवसायिक माछापालनका लागि पोखरीहरु भएको र थप केही सम्भाव्य ठाउँहरूमा पोखरी तथा कृत्रिम ताल निर्माण गरी यस क्षेत्रको हावापानीमा हुने जातका माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

देशमा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका युवाहरूलाई सिपमूलक तालिम प्रदान गरी स्थानीय स्तरमै रोजगारी श्रृजना गर्ने व्यवस्था भएमा गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउन सकिने सम्भावना देखिन्छ ।

पर्यटनको प्रचुर सम्भावना बोकेको यस गाउँपालिकामा संचालनमा रहेको होमस्टेलाई स्तरोन्नती र आवश्यक स्थानहरुमा थप होमस्टे सञ्चालन गरी कपिलवस्तु जिल्लामा भ्रमण गर्न आउने पर्यटकहरुलाई आर्कषण गर्न सकिन्छ। यसका अतिरिक्त विजयनगर गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका भूमिगत पानीको श्रोत तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै जीवनस्तरको स्तरोन्नती र समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भइरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.८ गार्हस्थ उत्पादन

गार्हस्थ उत्पादन (जिडिपी) भनेको एक प्रकारको मापदण्ड हो जसले कुनै एक मुलुकको समग्र अर्थतन्त्रलाई प्रतिविम्बित गर्दछ । यसले कुनै एक निश्चित अवधिमा मुलुकभित्र वा ठाँउभित्र भएको वस्तु तथा सेवाको अन्तिम कारोवार मूल्यको योगफललाई जनाउँछ । सबै निजी तथा सार्वजनिक खपत, सरकारको खर्च, लगानी, मौज्दात सामग्री, निर्माणका क्रममा भएका खर्च, आयात तथा निर्यातमा भएको खर्च तथा आम्दानी सबै पर्दछन् । नेपालमा यसको वार्षिक रुपमा नै गणना गर्ने गरिएको देखिन्छ । ट्रेडिङ्ग इकोनोमिक्सका अनुसार सन् २०२३ मा नेपालको जिडिपी करिब ४० खर्ब हाराहारीमा रहेको छ भने प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ अमेरिकी डलर रहेको छ ।

## २.९ मानव विकास सुचकाङ्क

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को २०२१ को प्रतिवेदन अनुसार नेपालको मानव विकास सुचकाङ्क ०.६०२ रहेको र यसका आधारमा विश्वका १९१ देशहरु मध्ये नेपाल १४३ श्रेणीमा रहेको छ । नेपालको यो सूचकाङ्क मध्यम मानव विकास सूचकाङ्क भएका देशहरुको औसत ०.६३६ भन्दा पनि कम रहेको छ । सन् १९९० मा नेपालको यो सूचकाङ्क ०.३७८ थियो ।

## २.१० नक्सा स्रोत




विजयनगर गाँउपालिका
भिरालोपन नक्सा
उ
दाङ
जिल्ला
शिवराज
न.पा.
भा. र. त.
कृष्णनगर न.पा.
संकेत सुचक
गाँउपालिका कार्यालय
वडा कार्यालय
राष्ट्रिय राजमार्ग
वडा सिमाना
भिरालोपन (डिग्रीमा)
० - ५
५ - १०
१० - २०
२० - ३०
३० - ६०
H01: महेन्द्र राजमार्ग
H17: हुलाकी राजमार्ग
स्रोत: स्थलगत भ्रमण २०८०
नक्सा, नापी विभाग
मिटर
Projection System: Modified UTM_81, Speroid : Everest 1830
H01
H17
Year 2021
विजयनगर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
कपिलवस्तु



विजयनगर गाँउपालिका
भूउपयोग नक्सा
उ
दाङ
जिल्ला
शिवराज
न.पा.
भा. र. त.
H01
संकेत सुचक
गाँउपालिका कार्यालय
वडा कार्यालय
राष्ट्रिय राजमार्ग
कृषि क्षेत्र
वन क्षेत्र
उद्योग क्षेत्र
सार्वजनिक क्षेत्र
सांस्कृतिक तथा पुरातत्व क्षेत्र
आवास तथा बजार क्षेत्र
खोलानाला तथा पोखरी क्षेत्र
वडा सिमाना
कृष्णनगर न.पा.
Projection System: Modified UTM_81, Speroid : Everest 1830
Year 2021



विजयनगर गाँउपालिका
मोहडा नक्सा
उ
दाङ
जिल्ला
शिवराज
न.पा.
भा. र. त.
H01
H17
कृष्णनगर न.पा.
संकेत सुचक
गाँउपालिका कार्यालय
वडा कार्यालय
राष्ट्रिय राजमार्ग
वडा सिमाना
मोहडा
समथर जमिन
उत्तरी मोहडा
उत्तरी पुर्व मोहडा
पुर्व मोहडा
दक्षिण पुर्व मोहडा
दक्षिण मोहडा
दक्षिण पश्चिम मोहडा
पश्चिम मोहडा
उत्तर पश्चिम मोहडा
स्रोत: स्थलगत भ्रमण २०८०
नक्सा, नापी विभाग
स्केल
मिटर
Projection System: Modified UTM_81, Speroid : Everest 1830
©Er.Umesh Manandhar
Year 2021

# परिच्छेद - ३: पारिवारिक तथा जनसांख्यिक विवरण

## ३.१ मुख्य बस्ती र घरपरिवारको विवरण

### ३.१.१ मुख्य बस्ती

विजयनगर गाउँपालिकाको विषम भौगोलिक अवस्था भएतापनि जलवायुको आधारमा बसोबासका लागि उपयुक्त मानिएको छ। हुलाक, टेलिफोन, स्वास्थ्य चौकी र विद्यालयको पहुँचका साथै यातायातको सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ । यसका साथै विभिन्न स्थानहरूमा गाउँपालिकाहरूले आफ्नो आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजार व्यवस्थापन गर्ने कामका साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित बस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरू संचालन गर्नुपर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

**तालिका नं. ४ :** गाउँपालिकाका मुख्य बस्तीको विवरण

| वडा नं. | मुख्य वस्तीहरूको विवरण |
|---|---|
| १ | गुगौली, चाँफा, बलुइया डाँडाटोल, तिलकहवा, नेवलागंज, नौदीहवा, गुवरहवा, जौवावारट, मधनगर, नयाँ गाउँ, बिरनगर, असनहरा तीनघरे, अमृतदेउवा, वनखेत, लरौली, नौसरा, हनुमान नगर, भागीरामपु |
| २ | गहीरा, तीनघरवा, जलैया, बगैया, महुवावारी, मगरघट्ट, लालपुर, इमिलीखर्क, पडरीया, लोहरौला महुवादुधार, इमिलिहवा, परौना, मधवानगर, कुकुर, भुकुवा, |
| ३ | महादैया, पर्सहवाडिहवा, मैनारी, पथरदैहिया, कढियार, जगदीशपुर, रामनगरडिहवा, अमलाहवा, उदयपुर, डगडै, दिपेन्द्रनगर, |
| ४ | डगडवा, जगदीश, चौराहा, छिटैलिवा, छोड्की, मैलहवार, वर्गदी, वर्गदहवा, देउपुरा, भू.पू.सैनिकटोल, बुद्धनगर, ज्योतीनगर, त्रिपालनगर, शंकरपुर, शंकरपुर, थारुगाउँ, मिझनिया, कुडउ, टाडी, विजयनगर बेतनी, इमिलिखर्क, जुलाई, जुलाईथारु गाउँ |
| ५ | महादेवजुगुनिया, सिसवा, वघमखा ,मनहरापुर, वघमैरी, ठकुरापुर, कटुवा, वनगाई, पिपरी, नयाँवस्ती डालपुर, देवीपुर, कटनिया, डालपुर, पुरानो वस्ती, डालपुर, डिहिवा, नौरङ्गीया |
| ६ | प्रेमनगर, खुरुहुरिया, खडैचा, वढ्ढोर, छटपाटी, थानखजानी, डिगवा, जुटपानीया, फरेनी, फरेना, डिहवा, विच्छहवा, उज्वलपुर |
| ७ | गणेशपुर, छौ-अमौली, प्रसोहिया, ढोढी, बडसुडवा, मानपुर, मानपुरडाँडा, धन्धरा, गेडुवाजोत, दत्तपुर मधुनगर, लालपुर |

*स्रोत : वडास्तरीय छलफल, २०८०*

### ३.१.२ घरपरिवारको विवरण

**तालिका नं. ५** : वडागत क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा | घरधुरी | २०६८ को जनसंख्या | २०७८ को जम्मा जनसंख्या | | | जनसंख्या वृद्धिदर | क्षेत्रफल( वर्ग कि.मी.) | जनघनत्व | औषत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | जम्मा | | | | | |
| १ | ९५२ | ५३०४ | २७२७ | २७८६ | ५५१३ | ०.३९ | ९२.८३ | ५९.३९ | ६ | ९७.८८ |
| २ | ११०६ | ५६०१ | ३२२८ | ३३७४ | ६६०२ | १.७९ | १६.३३ | ४०४.२९ | ६ | ९५.६७ |
| ३ | ११६९ | ६०२२ | ३६६९ | ३६४७ | ७३१६ | २.१५ | १६.४३ | ४४५.२८ | ६ | १००.६० |
| ४ | १०७० | ४९२७ | २७८३ | ३०३४ | ५८१७ | १.८१ | ९.४८ | ६१३.६१ | ५ | ९१.७३ |
| ५ | ८३३ | ४८८७ | २८३५ | २८५९ | ५६९४ | १.६५ | १३.३५ | ४२६.५२ | ७ | ९९.१६ |
| ६ | ८५३ | ३८२८ | २६२३ | २५११ | ५१३४ | ३.४१ | १०.०५ | ५१०.८५ | ६ | १०४.४६ |
| ७ | १०७६ | ६३६८ | ३५४५ | ३६७० | ७२१५ | १.३३ | १४.७२ | ४९०.१५ | ७ | ९६.५९ |
| जम्मा | ७०५९ | ३६९३७ | २१४१० | २१८८१ | ४३२९१ | १.७२ | १७३.१९ | २४९.९६ | ६ | ९७.८५ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

विजयनगर गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं ३ मा रहेको छ जसमा जम्मा जनसंख्या ७३१६ रहेकोमा (पुरुष ३६६९ जना र महिला ३६४७ जना,) रहेका छन् । यस वडाको औषत परिवार आकार ६ र घरधुरी संख्या ११६९ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या वडा नं. ६ मा रहेको छ जसको जनसंख्या ५१३४ (पुरुष २,६२३ जना र महिला २५११ जना) रहेका छन् भने घरधुरी संख्या ८५३ र औषत परिवार संख्या ६ रहेको छ । सबैभन्दा कम जनघनत्व भएको वडा नं १ मा रहेको छ जसको जनघनत्व ५९.३९ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ भने सबैभन्दा बढी जनघनत्व भएको वडा नं. ४ रहेको छ जसको जनघनत्व ६१३.६१ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने तालिकालाई तल स्तम्भ चित्रमा देखाईएको छ ।




## ३.२ जनसंख्या वितरणको अवस्था

कुनै पनि स्थानको जनसंख्या, विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासका लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण हुनु आवश्यक हुन्छ । नेपालमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षणमार्फत् समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

**तालिका नं. ६ :** जनसंख्याको विवरण

| विवरण | वि.सं. २०८० |
|---|---|
| जम्मा जनसंख्या | ४३२९१ |
| जम्मा पुरुष | २१४१० |
| जम्मा महिला | २१८८१ |
| लैंगिक दर (प्रति १०० महिलामा पुरुषको संख्या) | ९7=85 |
| कुल परिवार | ७०५९ |
| cf}ift kl/jf/ cfsf/ | ६ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | २५० |
| वार्षिक जनसंख्या वृद्धिदर (प्रतिशत) | १.७२ |
| साक्षरता दर (५ वर्ष र सोभन्दा बढी उमेरसमूह) | ६४.२ प्रतिशत |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकामा विजयनगर गाउँपालिकाको जनसंख्याको विवरण प्रस्तुत गरिएको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार विजयनगर गाउँपालिकाको जम्मा जनसंख्या ४३,२९१ रहेको छ जस मध्ये पुरुष ४९.५ प्रतिशत (२१,४१० जना) र महिला ५०.५ प्रतिशत (२१,८८१ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (sex ratio) अर्थात प्रति १०० महिलामा पुरुषको संख्या ९७.८५ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २५० जना प्रति वर्ग किलोमिटर रहेको छ। पछिल्लो तथ्याङ्क बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १.८ प्रतिशत अपाङ्गता भएकाहरू रहेका छन्। कुल ७०५९ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औसत ६ जना सदस्य रहेको देखिन्छ।

## ३.३ उमेर समूह तथा लिङ्ग अनुसार जनसंख्याको विवरण

**तालिका नं. ७ :** उमेर र लिङ्गअनुसार जनसंख्याको विवरण

| उमेर समुह | पुरूष | महिला | जम्मा |
|---|---|---|---|
| ०-४ वर्ष | २३०३ | २२९४ | ४५९७ |
| ५-९ वर्ष | २७०० | २५८९ | ५२८९ |
| १०-१४ वर्ष | २७७४ | २७८७ | ५५६१ |
| १५-१९ वर्ष | २३७५ | २४६७ | ४८४२ |
| २०-२४ वर्ष | १८६० | २०८२ | ३९४२ |
| २५-२९ वर्ष | १५७३ | १७११ | ३२८४ |
| ३०-३४ वर्ष | १२११ | १५०६ | २७१७ |
| ३५-३९ वर्ष | १२९३ | १३४० | २६३३ |
| ४०-४४ वर्ष | १११५ | ११२५ | २२४० |
| ४५-४९ वर्ष | ८९५ | ८७७ | १७७२ |
| ५०-५४ वर्ष | ८३८ | ७८५ | १६२३ |
| ५५-५९ वर्ष | ६४० | ५६७ | १२०७ |
| ६०-६४ वर्ष | ५५१ | ५४३ | १०९४ |
| ६५-६९ वर्ष | ५३८ | ५२९ | १०६७ |
| ७०-७४ वर्ष | ३९० | ३६४ | ७५४ |
| ७५-८० वर्ष | २१४ | १८९ | ४०३ |
| ८०-८४ वर्ष | ८० | ६३ | १४३ |
| ८५-९० वर्ष | ३४ | २८ | ६२ |
| ९०-९४ वर्ष | १४ | १४ | २८ |
| ९५-वर्ष माथि | १२ | २१ | ३३ |
| जम्मा | २१४१० | २१८८१ | ४३२९१ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकामा रहेको कूल ४३,२९१ जनसंख्यामध्ये २१,४१० पुरुष र  २१,८८१ जना महिलाको जनसंख्या रहेको छ। ० देखि १४ वर्ष उमेर समूह र ४५ देखि ९० वर्ष उमेर समूहको जनसंख्यामा पुरुषको बाहुल्यता रहेको छ भने बाँकी उमेर समूहमा महिलाको बाहुल्यता रहेको छ। ९० देखि ९४ बर्ष उमेर समुहका महिला पुरुषको समान संख्या रहेको छ  । यसरी उमेर समूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्यामा र उमेर पुगेका महिलाहरूको शारिरिक, मानसिक, सामाजिक तथा आर्थिक मूद्दाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्नु जरुरी छ। प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य, रजस्वला सम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, बाल विवाह महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले गाउँपालिकाले यी विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




युवा उमेरको (१५ बर्ष देखि ३९ बर्ष)  जनसंख्या (१७,४१८) बढी हुन राम्रो भए तापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा राज्यले व्यापक लगानी गर्नुपर्ने हुन्छ। युवा उमेर समूह धेरै हुनुलाई जनसंख्याको लाभांश भनिन्छ। अर्कोतर्फ युवाहरूलाई सही दिशातर्फ उन्मुख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ । बालबालिका तथा शिशुहरूको संख्या कम हुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने वृद्धवृद्धाहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढ अवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ। यद्यपि बढ्दो उमेरको संख्या कम हुनु स्वभाविक हो । उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ । बालबालिकाको पोषण र स्याहार तथा शिक्षा,

युवालाई उचित रोजगारी र वृद्धहरूलाई आवश्यक सामाजिक सुरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् ।

## ३.४ मातृभाषाको आधारमा जनसंख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । यस गाउँपालिकामा पनि भाषिक विविधता रहेको देखिन्छ । गाउँपालिकामा रहेका कुल ४३,२९१ जनसंख्या मध्ये सबैभन्दा बढी ३०२३९ अर्थात ६९.९७ प्रतिशतले अवधी भाषा बोल्ने गरेको पाइयो भने ५८०६ अर्थात १३.४१ प्रतिशतले नेपाली भाषा, ५२३१ अर्थात १२.०८ प्रतिशतले थारु भाषा, र बाँकी अन्य नगण्य संख्याले हिन्दी, मगर, भोजपुरी लगायतका भाषा बोल्ने गरेको पाइयो । संविधानको धारा ३२ ले भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१ को शिक्षासम्बन्धी हकको उपधारा ५ बमोजिम “नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।” भनी स्पष्ट किटान गरेको छ । आफ्नो मातृभाषामा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने प्रावधान रहेको छ । मातृभाषा अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ८ :** मातृभाषाअनुसार जनसंख्याको विवरण

| मातृभाषा | जम्मा जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| नेपाली | ३१२७ | २६७९ | ५८०६ | १३.४१ |
| भोजपुरी | ५१ | ५५ | १०६ | ०.२४ |
| थारु | २६६० | २५७१ | ५२३१ | १२.०८ |
| मगर (दुत) | ४५६ | ३६८ | ८२४ | १.९० |
| उर्दु | ३१४ | २५९ | ५७३ | १.३२ |
| अवधी | १४९९७ | १५२९३ | ३०२९० | ६९.९७ |
| हिन्दी | १३५ | ५७ | १९२ | ०.४४ |
| मगर(खाम) | १२४ | ११२ | २३६ | ०.५५ |
| अन्य | १७ | १६ | ३३ | ०.०८ |
| जम्मा | २१८८१ | २१४१० | ४३२९१ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

**गाउँपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको विवरण**




## (क) आदिबासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका जाति वा समुदायलाई बुझिन्छ। यस गाउँपालिकाको कुल जनसंख्या ४३,२९१ मध्ये थारु समुदायका ५३४८ अर्थात् १२.३५ प्रतिशत बसोबास गर्दछन्। यसैगरी मगर समुदायका २१७७ अर्थात् ५.०३ प्रतिशत, तामाङ समुदायका ३२ अर्थात् ०.०७ प्रतिशत, नेवार समुदाका ३५ अर्थात् ०.०८ प्रतिशत बसोबास गर्दछन्। यहाँ सबैभन्दा धेरै बोलिने भाषा अवधि रहेको छ। त्यसैगरी दोस्रोमा नेपाली भाषा र तेस्रोमा थारु भाषा बोल्ने व्यक्तिहरू बसोबास गर्दछन्। अन्य समुदायका व्यक्तिहरुको बसोबास रहेको पाउन सकिन्छ। यी समुदायद्वारा गाउँपालिकाको मौलिक संस्कृतिलाई जीवन्त राख्न सहयोग पुऱ्याएको देखिए तापनि यो समुदाय सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले पछाडि परेको देखिन्छ। गाउँपालिकाको विकासका लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन क्षमता विकास, सशक्तिकरण जस्ता विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

## (ख) उत्पीडित तथा सिमान्तकृत समुदाय

नेपालको संविधानको भाग ३४ अन्तर्गतको धारा ३०६ को (ड) मा सीमान्तकृत समुदाय भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ भनी उल्लेख गरेको छ।

सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको अनुभूत गर्नु परेको छ। यस समुदायका आधारभूत र मा.वि. मा अध्ययनरत छात्र छात्राहरूको संख्या तुलनात्मक रुपमा कम रहेको छ । परम्परागत सिपको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। निजामती सेवा र गैरसरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६, साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ।

राजनितिक नेतृत्वमा भने सिमित व्यक्तिहरूले मात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन् । यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाउँपालिकाको विकासका लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको थालनी गर्नुपर्ने अवस्था देखिन्छ ।

## ३.५ धर्म अनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ। अझै विधिवत रुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गऱ्यो। त्यस्तै नेपालको संविधान, २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प उल्लेख गरिएको छ। फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाइन्छ ।

गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेको हुनाले उनीहरूका आ-आफ्नै चाडपर्वहरू छन् । जस्तैः मुस्लीम धर्मावलम्बीहरुले बकर इद, रमदान, हिन्दू धर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा,नयाँवर्ष सोह्रश्राद्ध, कूल-थानी पूजा, बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती तथा ल्होसार पर्व, आदि मनाउने गर्दछन । क्रिश्चियनहरूले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि मनाउने गर्दछन् ।

**तालिका नं. ९ :** धर्म अनुसार जनसंख्याको वडागत विवरण

| लिङ्ग | हिन्दू | बौद्ध मार्गी | ईस्लाम | क्रिस्चियन | प्रकृति | जम्मा |
|---|---|---|---|---|---|---|
| पुरुष | १७४८३ | १५६ | ३६२१ | ११२ | ३८ | २१४१० |
| महिला | १७८३५ | १९० | ३७१६ | १०६ | ३४ | २१८८१ |
| जम्मा | ३५३१८ | ३४६ | ७३३७ | २१८ | ७२ | ४३२९१ |
| प्रतिशत | ८१.५८ | ०.८० | १६.९५ | ०.५० | ०.१७ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा रहेका कुल ४३,२९१ जनसंख्या मध्ये ३५,३१८ अर्थात ८१.५८ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् भने दोस्रोमा इस्लाम धर्म मान्नेको संख्या ७३३७ अर्थात १६.९५ प्रतिशत रहेका छन् । त्यसैगरी ०.८० प्रतिशत बौद्धमार्गी रहेका छन् भने क्रिस्चियन धर्मावलम्बी ०.५० प्रतिशत रहेका छन् र बाँकी ०.१७ प्रतिशतले प्रकृति धर्म मान्ने गरेका छन् । गाउँपालिकामा धार्मिक विविधता रहे तापनि हिन्दु र इस्लाम

धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । नेपालमा सदियौंदेखि रहि आएको धार्मिक सहिष्णुता यस गाउँपालिकामा पनि कायमै रहेको देखिन्छ। विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.६ जातजातीको आधारमा जनसंख्याको विवरण

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ६,९४२ अर्थात १६.०४ प्रतिशत मुसलमान, दोस्रोमा ५,३४८ अर्थात १२.३५ प्रतिशत थारु, तेस्रोमा ५,२८५ अर्थात १२.२१ प्रतिशत यादव रहेका छन् । त्यसैगरी गाउँपालिकामा मगर, क्षेत्री, नेवार, गुरुङ, पहाडी ब्राम्हण, तराइ ब्राम्हण लगायत अन्य ५० भन्दा बढी जातजातिहरूको बसोबास रहेको छ । यसरी जातीय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ । आफ्नो छुट्टै भाषा, संस्कृति र रहनसहन भएका नेपालको सीमान्तकृत जाति लगायत गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिको मौलिक संस्कृति, परम्परा, भाषा र रहनसहनलाई संरक्षण गरी उनीहरूको पहिचान कायम राख्ने कार्यक्रमहरूको निर्माण गर्नु आवश्यक छ । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०** : जातजातीको आधारमा जनसंख्याको विवरण

| जातजाति | लिङ्ग | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| क्षेत्री | ५८६ | ६८४ | १२७० | २.९३ |
| ब्राह्मण पहाड | ४४२ | ५०७ | ९४९ | २.१९ |
| मगर | ९९३ | ११८४ | २१७७ | ५.०३ |
| थारु | २६२८ | २७२० | ५३४८ | १२.३५ |
| तामाङ | १७ | १५ | ३२ | ०.०७ |
| नेवार | १८ | १७ | ३५ | ०.०८ |
| विश्वकर्मा | ५०७ | ५९९ | ११०६ | २.५५ |

| जातजाति | लिङ्ग | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| मुसलमान | ३४१३ | ३५२९ | ६९४२ | १६.०४ |
| यादव | २७०५ | २५८० | ५२८५ | १२.२१ |
| राइ | ८ | १५ | २३ | ०.०५ |
| गुरुङ | ३८ | ५० | ८८ | ०.२० |
| परियार | २९१ | ३१२ | ६०३ | १.३९ |
| ठकुरी | ५० | ५१ | १०१ | ०.२३ |
| मिजार | ४३ | ५९ | १०२ | ०.२४ |
| तेली | ६१५ | ५८१ | ११९६ | २.७६ |
| चमार/हरिजन/रामकोइरी/कुशवहा | १८१ | १७९ | ३६० | ०.८३ |
| कोइरी/कुशहवा | २८७ | २४२ | ५२९ | १.२२ |
| कुर्मी | १४०५ | १४०० | २८०५ | ६.४८ |
| सन्यासी/दशनामी | ३८ | ३७ | ७५ | ०.१७ |
| दुशाह/पाशवान/पासी | १०६३ | १०७८ | २१४१ | ४.९५ |
| मल्लाह | १०६ | ९७ | २०३ | ०.४७ |
| केवट | ५८९ | ५७९ | ११६८ | २.७० |
| कथाभैयान | ५३ | ५० | १०३ | ०.२४ |
| तराइ ब्रामह्ण | २८६ | २६६ | ५५२ | १.२८ |
| कलवार | १९९ | २०१ | ४०० | ०.९२ |
| कुमाल | ८० | ७० | १५० | ०.३५ |
| घर्ती/ भुजेल | ४ | ७ | ११ | ०.०३ |
| हजाम/ठाकुर | १७२ | १५५ | ३२७ | ०.७६ |
| धोवी | २०८ | २१० | ४१८ | ०.९७ |
| लोहार | १९० | १९७ | ३८७ | ०.८९ |
| ख्वाती | ६ | ६ | १२ | ०.०३ |
| माभी | ९ | १२ | २१ | ०.०५ |
| बरै | ९८ | ९२ | १९० | ०.४४ |
| नुनीया | ३७० | ३७५ | ७४५ | १.७२ |
| चेपाङ/प्रजा | ६ | १० | १६ | ०.०४ |
| सुनार | २१ | ३९ | ६० | ०.१४ |
| कुमार | ४७ | ४६ | ९३ | ०.२१ |
| कहर | ३६७ | ३८२ | ७४९ | १.७३ |

| जातजाति | लिङ्ग | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| कायस्थ | ८ | १८ | २६ | ०.०६ |
| राजपुत | १४८ | १५० | २९८ | ०.६९ |
| ओरान/कुदुख | २५ | २४ | ४९ | ०.११ |
| लोध | १५ | १३ | २८ | ०.०६ |
| बादी | १८१ | १९८ | ३७९ | ०.८८ |
| गडेरी/भेडीयार | २५९ | २५४ | ५१३ | १.१९ |
| माली | ३४ | ४१ | ७५ | ०.१७ |
| धुइना | १५८ | १४७ | ३०५ | ०.७० |
| कोरी | १२४६ | १२२८ | २४७४ | ५.७१ |
| छन्त्याल | ५ | १४ | १९ | ०.०४ |
| राजभर | ७९१ | ७१३ | १५०४ | ३.४७ |
| गैनी | १२ | २६ | ३८ | ०.०९ |
| धारीखर | १६ | १३ | २९ | ०.०७ |
| बनियान | ९७ | ९७ | १९४ | ०.४५ |
| कथिक | २४१ | २५१ | ४९२ | १.१४ |
| अन्य | ३५ | ६१ | ९६ | ०.२२ |
| जम्मा | २१४१० | २१८८१ | ४३२९१ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## ३.७ घरमुलीको विवरण

**तालिका नं. ११ :** परिवारमूलीको लिङ्गअनुसार उमेरगत घरधुरी विवरण

| उमेर समुह | पुरुष परिवारमूली | महिला परिवारमूली | जम्मा परिवार संख्या |
|---|---|---|---|
| ७० माथि | ५११ | १२५ | ६३६ |
| ६०-६९ | ८९४ | १८४ | १०७८ |
| ५०-५९ | १२७२ | १६८ | १४४० |
| ४०-४९ | १४४६ | २६५ | १७११ |
| ३०-३९ | ११९२ | ३५९ | १५५१ |
| २०-२९ | ४२८ | १८४ | ६१२ |
| १५-१९ | १२ | ९ | २१ |
| १४ बर्ष मुनि | ५ | ५ | १० |
| जम्मा | ५७६० | १२९९ | ७०५९ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा रहेको कुल घरपरिवार संख्या ७,०५९ मध्ये ५,७६० अर्थात ८१.६० प्रतिशत घरपरिवारमा पुरुष घरमूली रहेका छन् भने १,२९९ अर्थात १८.४० प्रतिशत घरपरिवारमा महिला घरमूली रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ :-



## ३.८ पेशाको आधारमा जनसंख्याको विवरण

**तालिका नं. १२** : मुख्य पेशाको आधारमा उमेर समुहगत जनसंख्याको विवरण

| परिवारको मुख्य पेशा | उमेर समुह | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | | |
| सैनिक अधिकारीहरु | ० | ० | १ | ० | ० | ० | ० | १ | ०.०० |
| व्यवस्थापकहरु | ० | ११ | १७ | ५५ | ५५ | ३२ | २९ | १९९ | ०.९२ |
| पेशाविद्हरु | ० | १२ | ३८ | ३९ | ३० | २८ | १८ | १६५ | ०.७६ |
| प्राविधिक तथा सहायक पेशाविद्हरु | ० | २ | ४ | ८ | ४ | ३ | ६ | २७ | ०.१३ |
| कार्यालय सहायकहरु | ० | १ | ४ | १० | ० | ५ | ४ | २४ | ०.११ |
| सेवा तथा बस्तु विक्री गर्ने कामदारहरु | ० | २० | २७ | ५६ | ४७ | ३८ | ४९ | २३७ | १.१० |
| कृषि कार्य सँग सम्बन्धित रोजगारहरु | ६१ | ८६१ | १८९९ | २८४९ | ३०९६ | ३०८० | २५२७ | १४३७३ | ६६.५९ |
| शिल्पकला तथा कालिगढ र यस सँग सम्बन्धी व्यापार गर्नेहरु | ० | १० | २२ | ४२ | ३८ | २८ | १३ | १५३ | ०.७१ |
| यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरु | ० | २ | ० | २ | ० | ० | ० | ४ | ०.०२ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | २७ | २५० | ६४२ | ६२० | ७२३ | ६४३ | ४३७ | ३३४२ | १५.४८ |
| उल्लेख नभएका | ० | ० | ९ | ४ | ५ | ३ | ४ | २५ | ०.१२ |
| आर्थिक रुपमा सकृय नभएकाहरु | ३५ | ३६७ | ५७४ | ६४३ | ६०१ | ४३३ | ३८२ | ३०३५ | १४.०६ |
| जम्मा | १२३ | १५३६ | ३२३७ | ४३२८ | ४५९९ | ४२९३ | ३४६९ | २१५८५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा रहेका १५ देखि ४९ वर्ष उमेर समुहका जम्मा जनसंख्या मध्ये कृषि पेशालाई मुख्य पेशा बनाएका सबैभन्दा बढी अर्थात १४,३७३ जना (६६.५९ प्रतिशत) रहेका छन्। दोस्रोमा सामान्य वा प्राथमिक पेशाका कामदारहरु ३,३४२ अर्थात १५.४८ प्रतिशत रहेको छन् । जसको उमेर समुहगत विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

## ३.९ आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण

**तालिका नं. १३** : आर्थिक रुपले सक्रिय तथा आश्रित जनसंख्याको विवरण

| वडा न. | लिङ्ग | १० बर्ष माथिको जम्मा जनसंख्या | आर्थिक रुपले सकृय जनसंख्या | | हाल सकृय नरहेका | आर्थिक रुपमा सकृय नभएका | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | रोजगारमा संलग्न | रोजगारीमा संलग्न नरहेका | | | |
| १ | पुरुष | २१२९ | ८६१ | ५४३ | ३१७ | ४०२ | ६ |
| | महिला | २२०५ | ९०३ | ४०६ | ४५६ | ४३७ | ३ |
| | जम्मा | ४३३४ | १७६४ | ९४९ | ७७३ | ८३९ | ९ |
| २ | पुरुष | २५२६ | १६९५ | २५ | २९६ | ५०८ | २ |
| | महिला | २६५१ | १५०६ | २९ | ४४५ | ६७० | १ |

| वडा न. | लिङ्ग | १० बर्ष माथिको जम्मा जनसंख्या | आर्थिक रुपले सकृय जनसंख्या | | हाल सकृय नरहेका | आर्थिक रुपमा सकृय नभएका | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | रोजगारमा संलग्न | रोजगारीमा संलग्न नरहेका | | | |
| | जम्मा | ५१७७ | ३२०१ | ५४ | ७४१ | ११७८ | ३ |
| ३ | पुरुष | २७५१ | १२२८ | ७२ | ६७४ | ७७६ | १ |
| | महिला | २७४० | ६२० | ४६ | ९६९ | ११०४ | १ |
| | जम्मा | ५४९१ | १८४८ | ११८ | १६४३ | १८८० | २ |
| ४ | पुरुष | २१६८ | १२३८ | १०२ | ३५८ | ४७० | ० |
| | महिला | २४११ | १०२४ | ८३ | ६४२ | ६६२ | ० |
| | जम्मा | ४५७९ | २२६२ | १८५ | १००० | ११३२ | ० |
| ५ | पुरुष | २१६५ | १३४३ | १० | १८९ | ६२३ | ० |
| | महिला | २२२४ | १०२४ | ४४ | ३४९ | ८०७ | ० |
| | जम्मा | ४३८९ | २३६७ | ५४ | ५३८ | १४३० | ० |
| ६ | पुरुष | २०३० | १३१२ | २९ | १६९ | ५१९ | १ |
| | महिला | १९६९ | १२८६ | १५ | १६८ | ४९८ | २ |
| | जम्मा | ३९९९ | २५९८ | ४४ | ३३७ | १०१७ | ३ |
| ७ | पुरुष | २६३८ | १४९२ | २३ | ४२८ | ६९१ | ४ |
| | महिला | २७९८ | ८२० | २० | ८४६ | ११०५ | ७ |
| | जम्मा | ५४३६ | २३१२ | ४३ | १२७४ | १७९६ | ११ |
| जम्मा | पुरुष | १६४०७ | ९१६९ | ८०४ | २४३१ | ३९८९ | १४ |
| | महिला | १६९९८ | ७१८३ | ६४३ | ३८७५ | ५२८३ | १४ |
| | जम्मा | ३३४०५ | १६३५२ | १४४७ | ६३०६ | ९२७२ | २८ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा रहेको कुल जनसंख्यामध्ये आर्थिक रूपले हाल सक्रिय पुरुषको जनसंख्या ९,१६९ र महिलाको जनसंख्या ७,१८३ जना गरी जम्मा १६,३५२ जना रहेका छन् । विस्तृत वडागत विवरण माथि तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१० अपाङ्गताका आधारमा जनसंख्याको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक, हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

### क) अपाङ्गताको किसिम अनुसार जनसंख्या विवरण

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण विहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोतसाधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम सञ्चालनमा ल्याउनुपर्ने देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा रहेको कूल जनसंख्या मध्ये ७९० जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जसमध्ये शारिरिक अपाङ्गता भएका

२९९ जना, १४० जना न्युन दृष्टियुक्त भएका व्यक्ती रहेका छन् । यसैगरी दृष्टिविहिन ५९ जना, बहिरोपना भएका ५० जना, न्युन श्रवण शक्ति भएका ५१ जना, बहिरोपना र आँखा नदेख्ने २२ जना, बोल्न नसक्ने ४४ जना, मानसिक  अपाङ्गता भएका ३० जना, वौद्धिक अपाङ्गता भएका ३१ जना, अनुवंशिय रक्तश्राव भएका ४ जना अटिजम भएका ६ जना, तथा बहुअपाङ्गता भएका ५४ जना रहेका छन् । जसको विवरण निम्न अनुसार रहेको छ :-

**तालिका नं. १४ : अपाङ्गताको किसिम अनुसार जनसंख्या विवरण**

| उमेर समुह | शारिरिक अपाङ्गता | न्युन दृष्टियुक्त | दृष्टिविहिन | बहिरोपना भएका | न्युन श्रवण शक्ति भएका | बहिरोपन र आँखा देख्न नसक्ने दुवै | बोल्न नसक्ने | मानसिक | बौद्धिक अपाङ्गता | अनुवंशिय रक्तश्राव | अटिजम | बहुअपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०-४ वर्ष | ३० | ३ | ११ | ० | २ | ० | ३ | ० | २ | ० | १ | ३ | ५५ |
| ५-९ वर्ष | ३७ | ३ | ९ | ३ | ३ | ० | ५ | १ | १ | ० | ० | ६ | ६८ |
| १०-१४ वर्ष | १७ | ३ | ९ | ५ | ३ | १ | ५ | ४ | २ | ० | १ | ५ | ५५ |
| १५-१९ वर्ष | २५ | १ | ६ | ५ | ४ | ३ | ७ | ४ | ४ | ० | ० | ८ | ६७ |
| २०-२४ वर्ष | ३३ | २ | १ | ३ | २ | ० | २ | ४ | ४ | ० | ० | ५ | ५६ |
| २५-२९ वर्ष | १७ | १ | २ | ३ | १ | २ | ३ | १ | ४ | १ | १ | १ | ३७ |
| ३०-३४ वर्ष | १५ | २ | १ | १ | ० | १ | १ | १ | २ | १ | ० | ४ | २९ |
| ३५-३९ वर्ष | २० | २ | ४ | ३ | १ | १ | २ | ३ | ३ | ० | ० | २ | ४१ |
| ४०-४४ वर्ष | ७ | २ | १ | २ | १ | २ | २ | ३ | २ | २ | १ | २ | २७ |
| ४५-४९ वर्ष | ८ | ३ | ४ | ३ | ० | ० | १ | ३ | ३ | ० | ० | ३ | २८ |
| ५०-५४ वर्ष | १५ | ६ | १ | ४ | २ | ० | २ | ० | १ | ० | १ | ४ | ३६ |
| ५५-५९ वर्ष | १४ | ५ | २ | ३ | ३ | ३ | ४ | २ | १ | ० | ० | २ | ३९ |
| ६०-६४ वर्ष | १३ | १० | १ | १ | ४ | ० | ४ | १ | १ | ० | ० | ४ | ३९ |
| ६५-६९ वर्ष | १९ | २५ | १ | ४ | ४ | ३ | २ | १ | ० | ० | १ | १ | ६१ |
| ७०-७४ वर्ष | १४ | २८ | ४ | ३ | ८ | २ | १ | २ | ० | ० | ० | १ | ६३ |
| ७५वर्षमाथि | १५ | ४४ | २ | ७ | १३ | ४ | ० | ० | १ | ० | ० | ३ | ८९ |
| जम्मा | २९९ | १४० | ५९ | ५० | ५१ | २२ | ४४ | ३० | ३१ | ४ | ६ | ५४ | ७९० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*




## ३.११ बसाईसराई सम्बन्धी विवरण

### क) जन्म स्थानको आधारमा जनसंख्या विवरण

**तालिका नं. १५ :** जन्म स्थानको आधारमा जनसंख्या विवरण

| उमेर समुह | जम्मा जनसंख्या | नेपाल भित्र जन्मेको संख्या | यही जिल्लामा जन्मेको संख्या | | | अर्को जिल्लामा जन्मेको | विदेशमा जन्मेको | जन्म स्थान नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | यही गाउँपालिकामा | अर्को पालिकामा | जम्मा | | | |
| ०-४ वर्ष | ४५९७ | ४५९२ | ४५६८ | ८ | ४५७६ | १६ | ३ | २ |
| ५-९ वर्ष | ५२८९ | ५२७० | ५१९७ | १४ | ५२११ | ५९ | १७ | २ |
| १०-१४ वर्ष | ५५६१ | ५५२९ | ५४०२ | २० | ५४२२ | १०७ | ३२ | ० |
| १५-१९ वर्ष | ४८४२ | ४७८७ | ४५०८ | ७२ | ४५८० | २०७ | ५५ | ० |
| २०-२४ वर्ष | ३९४२ | ३७०० | ३०४७ | ३७४ | ३४२१ | २७९ | २४२ | ० |
| २५-२९ वर्ष | ३२८४ | २९९३ | २३०८ | ३९८ | २७०६ | २८७ | २९० | १ |
| ३०-३४ वर्ष | २७१७ | २४१७ | १८११ | ३५२ | २१६३ | २५४ | २९९ | १ |
| ३५-३९ वर्ष | २६३३ | २३३० | १७६७ | ३२८ | २०९५ | २३५ | ३०३ | ० |
| ४०-४४ वर्ष | २२४० | २००० | १५०४ | २५९ | १७६३ | २३७ | २४० | ० |
| ४५-४९ वर्ष | १७७२ | १५५६ | ११५९ | १८० | १३३९ | २१७ | २१५ | १ |
| ५०-५४ वर्ष | १६२३ | १४५० | १०९३ | १५७ | १२५० | २०० | १७३ | ० |
| ५५-५९ वर्ष | १२०७ | १०७७ | ८३२ | ९० | ९२२ | १५५ | १२८ | २ |
| ६०-६४ वर्ष | १०९४ | ९६६ | ७१६ | ८६ | ८०२ | १६४ | १२८ | ० |
| ६५-६९ वर्ष | १०६७ | ९३९ | ७०३ | ८९ | ७९२ | १४७ | १२८ | ० |
| ७०-७४ वर्ष | ७५४ | ६९० | ४९७ | ५६ | ५५३ | १३७ | ६४ | ० |

| उमेर समुह | जम्मा जनसंख्या | नेपाल भित्र जन्मेको संख्या | यही जिल्लामा जन्मेको संख्या | | | अर्को जिल्लामा जन्मेको | विदेशमा जन्मेको | जन्म स्थान नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | यही गाउँपालिकामा | अर्को पालिकामा | जम्मा | | | |
| ७५- वर्षमाथि | ६६९ | ६१० | ४४० | ५६ | ४९६ | ११४ | ५९ | ० |
| जम्मा | ४३२९१ | ४०९०६ | ३५५५२ | २५३९ | ३८०९१ | २८१५ | २३७६ | ९ |

*स्रोत :राष्ट्रिय जनगाणना, २०७८*

विजयनगर गाउँपालिकाको कुल जनसंख्या ४३,२९१ मध्ये ४०,९०६ जना अर्थात ९४.४९ प्रतिशत जनसंख्याको नेपालमा नै जन्म भएको पाइयो । यही गाउँपालिका जन्म लिनेको संख्या ३५,५५२ जना, कपिलवस्तु जिल्लाकै अर्को पालिकामा जन्म लिनेको संख्या २,५३९ अर्को जिल्लामा जन्मलिनेको संख्या २,८१५ र विदेशमा जन्मेकाहरूको हाल बसोबास यसै पालिकामा रहेको संख्या २,३७६ जना रहेको छ । गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक क्षेत्रहरूको विकास हुँदा अन्य स्थानबाट बसाइँ सरेर आउने जनसंख्यामा वृद्धि हुने देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ख) बसाईसराई सरेर आउने संख्याको आधारमा जनसंख्याको विवरण

**तालिका नं. १६** : बसाईसराइ सरेर आउने संख्याको आधारमा जनसंख्याको विवरण

| बसाईसराईको किसिम | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| यही गा.पा. मा | १९८१८ | ९२.५६ | १५६०२ | ७१.३० | ३५,४२० | ८१.८२ |
| यही जिल्लाको अर्को गा.पा. | २५० | १.१७ | २४३६ | ११.१३ | २,६८६ | ६.२० |
| अर्को जिल्ला | १०७८ | ५.०४ | १६४२ | ७.५० | २,७२० | ६.२८ |
| विदेश | २६४ | १.२३ | २२०१ | १०.०६ | २,४६५ | ५.६९ |
| **जम्मा** | २१४१० | १०० | २१८८१ | १०० | ४३२९१ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा पछिल्लो १२ महिनामा बसोवास स्थानको आधारमा जम्मा ४३,२९१ मध्ये सबैभन्दा धेरै ३५,४२० अर्थात ८१.८२ प्रतिशत जनसंख्या यही पालिकामा, २,६८६ अर्थात ६.२० प्रतिशत यही जिल्ला अन्तर्गतका अन्य स्थानीय तहहरुबाट आएर बसोवास गरिरहेका छन् । यसैगरी यहाँ अन्यत्र जिल्लाबाट

बसाइसराइ गरी आउनेको संख्या २,७२० अर्थात ६.२८ प्रतिशत रहेको छ भने सबै भन्दा कम विदेशबाट आउनेको संख्या रहेको छ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरू पालना गर्नुपर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाइँसराइ विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नुपर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थानविन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । ती व्यक्तिगत घटना दर्ताका आधारमा राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ ? कति जन्मे ? कतिको मृत्यु भयो ? कतिले बसाइँसराइ गरे ? कतिको सम्बन्ध विच्छेद भयो ? जस्ता कुराको जानकारी राज्यले पाउनुपर्छ । यसको आधारमा सरकारले सेवा प्रवाह सम्बन्धी नीति बनाउने हुँदा व्यक्तिगत घटनादर्ता समयमा नै गर्न जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### क) पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

गाउँपालिकामा जन्म भएका पाँच वर्ष मुनिका ५,६८७ बालबालिकाहरू मध्ये ३,९८८ जनाको जन्म दर्ता गरिएको छ भने बाँकी १,६९९ जनाको जन्म दर्ता नभएको तथ्याङ्क रहेको छ । जन्म, मृत्यु, बसाईसराई र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ । यसबाट स्थानीय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्कोतर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी क्रियाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ अनिवार्य रुपमा जन्मदर्ता गर्न स्थानीय सरकारले प्रोत्साहन गर्नुपर्ने देखिन्छ । जन्मदर्ता सम्बन्धी वडागत विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत विवरण

| वडा | जन्मदर्ता | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | छ | २५० | २०९ | ४५९ |
| | छैन | ९३ | ९१ | १८४ |
| | जम्मा | ३४३ | ३०० | ६४३ |
| २ | छ | २६४ | ३१० | ५७४ |
| | छैन | १११ | ११८ | २२९ |
| | जम्मा | ३७५ | ४२८ | ८०३ |
| ३ | छ | ४३३ | ४४० | ८७३ |
| | छैन | १०८ | ९७ | २०५ |
| | जम्मा | ५४१ | ५३७ | १०७८ |
| ४ | छ | २७३ | २७३ | ५४६ |
| | छैन | ७१ | ९१ | १६२ |
| | जम्मा | ३४४ | ३६४ | ७०८ |
| ५ | छ | १८० | १६३ | ३४३ |
| | छैन | २१४ | १८९ | ४०३ |

| वडा | जन्मदर्ता | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| | जम्मा | ३९४ | ३५२ | ७४६ |
| ६ | छ | २३६ | २०९ | ४४५ |
| | छैन | ११५ | १११ | २२६ |
| | जम्मा | ३५१ | ३२० | ६७१ |
| ७ | छ | ३६६ | ३८२ | ७४८ |
| | छैन | १६१ | १२९ | २९० |
| | जम्मा | ५२७ | ५११ | १०३८ |
| जम्मा | छ | २००२ | १९८६ | ३९८८ |
| | छैन | ८७३ | ८२६ | १६९९ |
| | जम्मा | २८७५ | २८१२ | ५६८७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*




## ख) विगत १२ महिनाको मृत्यु सम्बन्धी विवरण

यस गाउँपालिकामा रहेका कूल ४३,२९१ जनसंख्या मध्ये विगत १२ महिनामा २९७ जनाको मृत्यु भएको छ। जसमध्ये १७२ जना अर्थात ५२.७१ प्रतिशत पुरुष र १२५ अर्थात ४७.२९ प्रतिशत महिलाको मृत्यु भएको देखिन्छ। सबैभन्दा धेरै मृत्युको अभिलेख भएको ८० वर्ष देखि माथिको उमेर समुह रहेको छ जसमा ५१ जना को मृत्यु भएको देखिन्छ भने सबैभन्दा कम १०-१४ वर्ष उमेर समुहका २ जनाको मृत्यु भएको देखिन्छ। उमेरगत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ।

$$\text{कोरा मृत्युदर} = \frac{\text{विगत १२ महिनामा भएको मृत्यु संख्या}}{\text{मध्य वर्षको जनसंख्या}} \times १०००$$

अर्थात प्रतिहजार जनसंख्यामा प्रतिवर्ष ०.६९ जनाको मृत्यु हुने तथ्याङ्कले देखाउँछ। यद्यपी, कोरा मृत्युदरले मृत्युको अवस्थाबारे यथार्थ चित्रण गर्न भने सक्दैन।

## ग) लिङ्ग र उमेर समूह अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

**तालिका नं. १८ :** लिङ्ग र उमेर अनुसार विगत १२ महिनामा मृत्यु भएकाको विवरण

| मृतकको उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ वर्ष | १३ | १३ | २६ |
| १-४ वर्ष | ९ | ७ | १६ |
| ५-९ वर्ष | २ | २ | ४ |
| १०-१४ वर्ष | ० | २ | २ |
| १५-१९ वर्ष | ४ | ४ | ८ |
| २०-२४ वर्ष | ७ | ३ | १० |
| २५-२९ वर्ष | १ | ३ | ४ |
| ३०-३४ वर्ष | ४ | २ | ६ |
| ३५-३९ वर्ष | ५ | २ | ७ |
| ४०-४४ वर्ष | ४ | ३ | ७ |
| ४५-४९ वर्ष | ८ | २ | १० |
| ५०-५४ वर्ष | ७ | ९ | १६ |
| ५५-५९ वर्ष | ८ | २ | १० |
| ६०-६४ वर्ष | १४ | १७ | ३१ |
| ६५-६९ वर्ष | १५ | १२ | २७ |
| ७०-७४ वर्ष | २४ | ११ | ३५ |
| ७५-७९ वर्ष | १८ | ९ | २७ |
| ८० देखि माथि | २९ | २२ | ५१ |
| नखुलाएको | ० | ० | ० |
| जम्मा | १७२ | १२५ | २९७ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*



गाउँपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबैभन्दा बढी ८० वर्ष भन्दा माथि उमेर समूहका २९ जना पुरुष र सोही उमेर समूहका २२ जना महिलाहरु रहेका छन् । उमेर समूह अनुसारको विवरण तालिकामा प्रस्तुत गरिएको छ । चौधौं आवधिक योजनाका अनुसार नेपालीको औषत आयु ६९ वर्ष उल्लेख गरिएको छ । सामान्यतया उमेर पुगेर हुने प्राकृतिक मृत्युलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस गाउँपालिकामा बढी मृत्यु हुने उमेर समूह हेर्दा ६० वर्ष माथिको नै देखिन्छ ।

## घ) मृत्युको कारण अनुसार मृतकको संख्या

**तालिका नं. १९ :** मृत्युको कारण अनुसार मृतकको जनसंख्याको विवरण

| मृतकको उमेर समूह | मृत्युको कारण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरुवा रोग | नसर्ने रोग | सडक दुर्घटना | अन्य दुर्घटना | प्रसुति सम्बन्धी | हत्या | आत्महत्या | प्राकृतिक प्रकोप | अन्य | नखुलाएको | |
| १ वर्ष | ४ | २ | १ | ० | ० | ० | ० | ० | १९ | ० | २६ |
| १-४ वर्ष | ३ | ४ | ० | २ | ० | ० | ० | ० | ६ | १ | १६ |
| ५-९ वर्ष | १ | २ | ० | ० | ० | ० | ० | १ | ० | ० | ४ |
| १०-१४ वर्ष | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० | २ |
| १५-१९ वर्ष | २ | ३ | ० | १ | ० | ० | १ | ० | १ | ० | ८ |
| २०-२४ वर्ष | १ | ३ | १ | ० | ० | ० | २ | ० | ३ | ० | १० |
| २५-२९ वर्ष | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ४ |
| ३०-३४ वर्ष | १ | १ | ० | १ | ० | ० | ० | ० | ३ | ० | ६ |
| ३५-३९ वर्ष | १ | २ | ० | १ | ० | ० | १ | ० | २ | ० | ७ |
| ४०-४४ वर्ष | ० | ६ | ० | ० | ० | ० | ० | ० | १ | ० | ७ |
| ४५-४९ वर्ष | ३ | ३ | १ | ० | ० | ० | १ | ० | २ | ० | १० |
| ५०-५४ वर्ष | २ | ९ | ० | १ | ० | ० | ० | ० | ४ | ० | १६ |
| ५५-५९ वर्ष | ० | ५ | १ | १ | ० | ० | ० | ० | ३ | ० | १० |
| ६०-६४ वर्ष | २ | १९ | ० | २ | ० | ० | ० | ० | ८ | ० | ३१ |
| ६५-६९ वर्ष | ४ | ९ | ० | १ | ० | ० | ० | २ | ११ | ० | २७ |
| ७०-७४ वर्ष | २ | १६ | ० | ० | ० | ० | ० | ३ | १४ | ० | ३५ |
| ७५-७९ वर्ष | २ | ९ | ० | ० | ० | ० | ० | १ | १५ | ० | २७ |
| ८० वर्ष देखि माथि | २ | १२ | १ | ४ | ० | ० | ० | १ | ३१ | ० | ५१ |
| नखुलाएको | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३२ | १०५ | ५ | १५ | ० | ० | ५ | ८ | १२६ | १ | २९७ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको विवरणलाई हेर्दा २९७ जनाको मृत्यु भएको छ । यसमध्ये सबैभन्दा धेरै अन्य कारणले १२६ जना र नसर्ने रोगका कारण १०५ जनाको मृत्यु भएको छ । त्यसैगरी ३२ जनाको सरुवा रोगका कारण, १५ जनाको अन्य दुर्घटनाका कारण, ८ जनाको प्राकृतिक प्रकोपका कारण र ५/५ जनाको आत्महत्या र सडक दुर्घटनाका कारण मृत्यु भएको पाइएको छ । मृत्युको कारण सम्बन्धी विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

**तालिका नं. २०** : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्यात्मक विवरण

| वडा न. | अन्य ज्येष्ठ नागरिक भत्ता | ज्येष्ठ नागरिक भत्ता (दलित) | ज्येष्ठ नागरिक भत्ता (एकल महिला) | विधवा | पूर्ण अपाङ्गता भत्ता | अति अशक्त अपाङ्गता भत्ता | क्षेत्र तोकिएका बालबालिका | दलित बालबालिका | लोपोन्मुख जाती | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९० | २२ | २३ | ७६ | ६ | १४ | ४४७ | ३१ | ४ | ८१३ |
| २ | २६० | २२ | ३९ | ८० | ५ | १९ | ५६४ | ४१ | ० | १०३० |
| ३ | ३४८ | ४५ | ३७ | ७५ | ८ | १७ | ६२४ | १४५ | ० | १२९९ |
| ४ | ३२१ | ३५ | ३२ | ६३ | ६ | १२ | ४७२ | ६१ | ० | १००२ |
| ५ | २९९ | ४१ | २६ | ५३ | १० | १७ | ४५६ | १२२ | ० | १०२४ |
| ६ | २२३ | ३२ | ३१ | ४६ | ४ | १९ | ४५६ | ९४ | ० | ९०५ |
| ७ | ३१३ | ५८ | ४३ | ६८ | ७ | १६ | ५६५ | १४८ | ० | १२१८ |
| जम्मा | १९५४ | २५५ | २३१ | ४६१ | ४६ | ११४ | ३५८४ | ६४२ | ४ | ७२९१ |

*स्रोत: गाउँकार्यपालिकाको कार्यालय, २०८०*

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार यहाँ अन्य शिर्षक अन्तर्गत ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने को संख्या १,९४५ जना, दलित समुदायबाट ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्नेको संख्या २५५ जना, एकल महिला भत्ता प्राप्त गर्ने महिलाको संख्या २३१ जना, विधवा भत्ता प्राप्त गर्ने महिलाको संख्या ४६१  जना, पूर्ण अपाङ्गता भत्ता प्राप्त गर्ने ४६ जना, ख वर्गको अपाङ्गता भत्ता प्राप्त गर्ने ११४ जना, तोकिएको क्षेत्र भित्रको आर्थिक सहायता प्राप्त गर्ने बालवालिका ३,५८४ जना, दलित बालवालिका आर्थिक सहायता प्राप्त गर्ने ६४२ जना गरी जम्मा ७,२९१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् जसको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा

हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रूपैयाँ भत्ता दिने नारा सहित शुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिदै आएको छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ ।

सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार देहाय बमोजिमका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने उल्लेख गरिएको छ :-

(क) जेष्ठ नागरिक, (ख) आर्थिक रूपले विपन्न, (ग) अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, (घ) असहाय एकल महिला (ङ) अपाङ्गता भएका, (च) बालबालिका (छ) आफ्नो हेरचाह आफैं गर्न नसक्ने (ज) लोपोन्मुख जाति आदि ।

**ज्येष्ठ नागरिक भत्ता:** (१) दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले अठ्सठ्ठी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउँछन् ।

**विपन्न नागरिक भत्ता:** आर्थिक रूपले विपन्न नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको रकम विपन्न नागरिक भत्ता पाउँछ ।

**अशक्त र असहाय भत्ता:** अशक्त र असहाय अवस्थामा रहेको नागरिकले तोकिए बमोजिम सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको रकम अशक्त र असहाय भत्ता पाउँछन् ।

**असहाय एकल महिला भत्ता:** विधवा महिलाहरू र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका र पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका वा त्यस्तो सदस्य भएपनि आर्थिक रूपले विपन्न अवस्थामा रहेका वा त्यस्तो सदस्यले पालनपोषण नगरेका अन्य एकल महिलाले समेत यस्तो भत्ता पाउँछन् ।

**अपाङ्गता भत्ता:** पूर्ण अशक्त अपाङ्गता र अति असक्त अपाङ्गता भएको नागरिकले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको अपाङ्गता भत्ता पाउँछन् ।

**बाल पोषण भत्ता:** अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको बालपोषण भत्ता पाउँछन् ।

**लोपोन्मुख जाति भत्ता:** लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउँछन् ।

**आफ्नो हेरचाह आफैं गर्न नसक्नेलाई स्याहार भत्ता:** आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकले नेपाल सरकारले तोकेको सामाजिक सुरक्षा भत्ता पाउँछन् ।

# परिच्छेद - ४: आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक संमृद्धिका आधारहरू गाउँपालिकामा हुने मुख्य आर्थिक क्रियाकलापहरू नै हुन् । जति आर्थिक क्रियाकलापहरूमा तीब्रता आउँछ त्यति नै गाउँपालिकाको अर्थतन्त्र चलायमान र सुदृढ हुँदै जान्छ। मुख्यतया: नेपाली अर्थतन्त्र कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैंकिङ्ग, व्यापार, सेवा क्षेत्र आदिमा केन्द्रीत छ। उच्च प्रविधिमा आधारित अन्तराष्ट्रियस्तरका उद्योगहरूको विकास भइनसकेको अवस्थामा धेरैजसो आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् ।

### ४.१.१ आर्थिक कामको औद्योगिक क्षेत्र बर्गिकरण अनुसारको जनसंख्या

**तालिका नं. २१** : आर्थिक रुपले सकृय जनसंख्याको मूख्य औद्योगिक क्षेत्र अनुसारको विवरण

| आर्थिक कामको क्षेत्र वा उद्योग | कामको अवधि | | | |
|---|---|---|---|---|
| | ६ महिना वा सो भन्दा बढी | ३ देखी ५ महिना | १ देखी २ महिना | जम्मा |
| कृषि वन तथा पशुपालन | १२६५९ | ३५५५ | २३३२ | १८५४६ |
| खानी तथा उत्खनन् | १९ | २ | १ | २२ |
| औद्योगिक उत्पादन | १७१ | ३६ | १३ | २२० |
| विद्युत ग्याँस वाफ तथा वातानुकुलित सेवा | २० | २ | १ | २३ |
| पानीको आपूर्ति ढल निकास, फोहोर व्यवस्थापन | १८ | ० | २ | २० |
| निर्माण | १००८ | ३६४ | २८७ | १६५९ |
| थोक एवं खुद्रा व्यापार | ४३३ | ४३४ | ६०० | १४६७ |
| यातायात तथा भण्डारण | ७५ | ३ | २ | ८० |
| आवास तथा भोज सम्बन्धी कृयाकलाप | ८५ | ६ | २ | ९३ |
| सूचना तथा संचार | ५ | १ | ० | ६ |
| घरजग्गा कारोवारका लागि | २२ | ० | ० | २२ |
| पशुचिकित्सा तथा पशुस्वास्थ्य सम्बन्धी | ० | ० | ० | ० |
| पेशागत, बैज्ञानिक तथा प्राविधिक कृयाकलापहरु | २३ | ० | ० | २३ |
| प्रशासनिक तथा सहयोगी सेवाका कृयाकलापहरु | ३ | १ | ० | ४ |
| सार्वजनिक प्रशासन र सुरक्षा सम्बन्धी कृयाकलाप | ५३ | ० | ० | ५३ |
| शिक्षा सम्बन्धी | २२९ | ४ | ५ | २३८ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्य सम्बन्धी | ६० | २ | २ | ६४ |
| कला मनोरन्जन सँग सम्बन्धी | ७ | ० | ० | ७ |
| अन्य | ९७ | १९५ | २४२ | ५३४ |

| आर्थिक कामको क्षेत्र वा उद्योग | कामको अवधि | | | |
|---|---|---|---|---|
| | ६ महिला वा सो भन्दा बढी | ३ देखी ५ महिना | १ देखी २ महिना | जम्मा |
| घर परिवारका घरायसी कृयाकलाप सम्बन्धी | २५२ | ४५ | ४७ | ३४४ |
| बाह्य संघ संस्था तथा यसका अगंहरु सम्बन्धी | २ | १ | ० | ३ |
| उल्लेख नभएको | २ | २ | ० | ४ |
| **जम्मा** | १५२४३ | ४६५३ | ३५३६ | २३४३२ |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा रहेका १० बर्ष उमेर समुह माथिका कुल जनसंख्यामध्ये १५,२४३ जनाले कुनै न कुनै किसिमको आर्थिक क्रियाकलापमा आवद्ध भइ ६ महिना वा सो भन्दा बढी आर्थिक आम्दानी गरीरहेका छन् । यी मध्ये सबैभन्दा कृषि वन तथा पशुपालन कार्यमा १८,५४६ संलग्न रहेका छन् । यसै गरी ३ महिना देखि ५ महिना सम्म आम्दानीका क्रियाकलापमा संलग्न हुनेको संख्या ४,६५३ जना रहेको छ भने १ देखि २ महिना मात्र आर्थिक क्रियाकलापमा संलग्न हुनेको संख्या ३,५३६ जना रहेको छ । जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१.२ आवास संरचना विवरण

#### क) घरको स्वामित्वको आधारमा घरधुरीको विवरण

यस गाउँपालिकामा घरको स्वामित्वको आधारमा ४ प्रकारका आवास संरचनाहरूको प्रयोग गरेको पाउन सकिन्छ । निजी स्वामित्वको घरमा वसोवास गरिरहेका घरधुरीहरू ६९१५ अर्थात ९७.९६ प्रतिशत रहेका छन् । त्यसैगरी भाडामा बसोबास गर्नेको संख्या ५१ अर्थात ०.७२ प्रतिशत रहेको छ । संस्थागत घरहरूमा बसोबास गर्नेहरू ३० परिवार अर्थात ०.४२ प्रतिशत रहेका छन् भने स्रोत नखुलेको अवस्थाका घरपरिवारहरू ६३ अर्थात ०.८९ प्रतिशत रहेका छन । भूकम्पीय दृष्टिकोणले संवेदनशील रहेको नेपालमा घरहरू निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाउनु आवश्यक छ । अति विपन्न परिवारका लागि एकीकृत बस्ती निर्माण गरी सरकारले उनीहरूको आवास सुरक्षाको अधिकार सुनिश्चित गरेको खण्डमा राज्यको लोककल्याणकारी भूमिका पुष्टी हुन्छ ।

**तालिका नं. २२ :** घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

| घरको स्वामित्व | वडा न. | | | | | | | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| निजी | ९४६ | १०९५ | ११५३ | १०५५ | ८२५ | ७७१ | १०७० | ६९१५ | ९७.९६ |
| भाडामा | ५ | ६ | ११ | १० | ७ | १० | २ | ५१ | ०.७२ |
| संस्थागत | १ | ० | २ | २ | ० | २२ | ३ | ३० | ०.४२ |
| अन्य (खुलाउने) | ० | ५ | ३ | ३ | १ | ५० | १ | ६३ | ०.८९ |
| जम्मा | ९५२ | ११०६ | ११६९ | १०७० | ८३३ | ८५३ | १०७६ | ७०५९ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*




## ख) जगको आधारमा घरधुरीको विवरण

**तालिका नं. २३ :** जगको आधारमा घरधुरीको विवरण

| घरको जग | वडा न. | | | | | | | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | ३३६ | ४१७ | ३७४ | १८० | ९८ | १८९ | ३६८ | १९६२ | २७.७९ |
| सिमेन्टको जोडाइ भएको ईंटा/ढुङ्गा | ४१८ | ४४९ | ६४३ | ५५७ | ४४८ | ३५७ | ३४८ | ३२२० | ४५.६२ |
| ढलान पिल्लर सहितको | ६ | १० | ५ | १०७ | १८ | ४७ | १६७ | ३६० | ५.१० |
| काठको खम्बा | १८७ | २१५ | १४३ | १४१ | २६८ | २५२ | १८९ | १३९५ | १९.७६ |
| अन्य | ५ | १५ | ४ | ८५ | १ | ८ | ४ | १२२ | १.७३ |
| जम्मा | ९५२ | ११०६ | ११६९ | १०७० | ८३३ | ८५३ | १०७६ | ७०५९ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*



## ग) बाहिरी गारोको आधारमा घरधुरीको विवरण

**तालिका नं. २४ :** बाहिरी गारोको आधारमा घरधुरीको विवरण

| घरको बाहिरी गारो | वडा न. | | | | | | | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| माटोको जोडाइ भएको इँटा/ढुङ्गा | ३१४ | ३१८ | ३४४ | १७० | ६५ | १६५ | १९९ | १५७५ | २२.३१ |
| सिमेन्ट र इटाको जोडाइ भएको | ४४० | ५५४ | ६६४ | ६६१ | ४७३ | ४१९ | ६६४ | ३८७५ | ५४.८९ |
| काठ | ९ | ४३ | ४४ | ५० | १० | १०४ | ५ | २६५ | ३.७५ |
| बाँस | १८६ | १५५ | ९६ | ९८ | २५१ | १५८ | १९५ | ११३९ | १६.१४ |
| काँचो इँटा | १ | १३ | १३ | ३६ | ३२ | २ | ४ | १०१ | १.४३ |
| जस्तापाता | २ | ३ | ५ | ४ | २ | ३ | ६ | २५ | ०.३५ |
| अन्य | ० | २० | ३ | ५१ | ० | २ | ३ | ७९ | १.१२ |
| जम्मा | ९५२ | ११०६ | ११६९ | १०७० | ८३३ | ८५३ | १०७६ | ७०५९ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*




## घरको भुँईको आधारमा घरधुरी विवरण

यस गाउँपालिकामा घरको भुँईको स्वामित्वको आधारमा ६ प्रकारका आवास संरचनाहरूको प्रयोग गरेको पाउन सकिन्छ । माटोको भुँई प्रयोग गरिरहेका घरधुरीहरु ४,७५४ अर्थात् ६७.४ प्रतिशत रहेका छन् । त्यसैगरी काठको फल्याक/बाँसको प्रयोग गर्ने घरधुरीको संख्या १६३ अर्थात २.३ प्रतिशत, इँटा/ढुङ्गाको प्रयोग गर्ने घरधुरीको संख्या १०४ अर्थात १.५ प्रतिशत, सेरामिक टायलको प्रयोग गर्ने घरधुरीको संख्या ६६ अर्थात ०.९ प्रतिशत, सिमेन्ट ढलानको प्रयोग गर्ने घरधुरीको संख्या १,९३७ अर्थात २७.४ प्रतिशत र स्रोत नखुलेका अवस्थाका घरधुरीहरु ३५ अर्थात ०.५ प्रतिशत रहेका छन्। भूकम्पीय दृष्टिकोणले संवेदनशील रहेको नेपालमा घरहरू निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाउनु आवश्यक छ। अति विपन्न परिवारका लागि एकीकृत बस्ती निर्माण गरी सरकारले उनीहरूको आवास सुरक्षाको अधिकार सुनिश्चित गरेको खण्डमा राज्यको लोककल्याणकारी भूमिका पुष्टी हुन्छ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## तालिका नं. २५ : घरको भुँईको आधारमा घरधुरीको विवरण

| वडा नं. | माटो | काठको फल्याक/बाँस | ईँटा/ढुङ्गा | सेरामिक टायल | सिमेन्ट ढलान | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ६३६ | १८ | १६ | ६ | २६२ | १४ | ९५२ |
| २ | ७१५ | १४ | २१ | २ | ३५३ | १ | ११०६ |
| ३ | ८४७ | २६ | १७ | ४० | २३७ | २ | ११६९ |
| ४ | ६११ | १७ | १६ | ७ | ४१८ | १ | १०७० |
| ५ | ५८७ | ३९ | २२ | ७ | १६९ | ९ | ८३३ |
| ६ | ५४२ | ३२ | ७ | २ | २६८ | २ | ८५३ |
| ७ | ८१६ | १७ | ५ | २ | २३० | ६ | १०७६ |
| जम्मा | ४७५४ | १६३ | १०४ | ६६ | १९३७ | ३५ | ७०५९ |
| प्रतिशत | ६७.४ | २.३ | १.५ | ०.९ | २७.४ | ०.५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## घ) छानोको आधारमा घुरधुरीको विवरण

| घरको छानो | वडा न. | | | | | | | जम्मा | प्रतीशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| जस्ता/टिन | २६९ | १४२ | १७४ | ३६० | ९१ | १८६ | १०७ | १३२९ | १८.८३ |
| सिमेन्ट ढलान | ३८४ | ७०२ | ७३५ | ४८१ | ४६३ | ३९७ | ७५१ | ३९१३ | ५५.४३ |
| खर/पराल/छ्वाली | २७६ | २३० | १९७ | २१९ | २०५ | २४७ | १८१ | १५५५ | २२.०३ |
| टायल/खपडा/झिँगटी | १८ | २८ | ५१ | ९ | ६३ | १७ | २९ | २१५ | ३.०५ |
| ढुङ्गा/स्लेट | २ | ३ | २ | ० | ५ | १ | १ | १४ | ०.२० |
| काठ/फल्याक | १ | ० | ९ | ० | ६ | ५ | ३ | २४ | ०.३४ |
| अन्य (खुलाउने) | २ | १ | १ | १ | ० | ० | ४ | ९ | ०.१३ |
| जम्मा | ९५२ | ११०६ | ११६९ | १०७० | ८३३ | ८५३ | १०७६ | ७०५९ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*



### ४.१.३ आयात तथा निर्यातको अवस्था

कुनै पनि गाउँपालिका आर्थिकरूपले सबल हुनका लागि आयातभन्दा निर्यात बढी हुनु अनिवार्य छ । आयातभन्दा निर्यातको आयतन ठूलो हुँदा यसले व्यापार नाफा वृद्धि भई आर्थिकस्तर माथि उठ्न मद्दत गर्दछ। गाउँपालिकाभित्र उत्पादन हुने उपजहरूलाई प्रर्वद्धन गरी स्थानीयस्तरमा उत्पादन हुने उपजमा आत्मनिर्भर भई निर्यात बढाउन सकेमात्र गाउँपालिकाको आर्थिक हैसियत वृद्धि हुन सक्छ।

गाउँपालिकाबाट धान, तरकारी, दालजन्य उत्पादनहरू जस्तैः मसुरो, पशुजन्य उत्पादनमा खसीबोका, बंगुर, लगायतका उत्पादनहरू बुटवल, नेपालगञ्ज, दाङ तथा कपिलवस्तुका अन्य छिमेकी स्थानीय तहहरु लगायतका स्थानमा निर्यात गर्ने गरिन्छ भने अतिरिक्त खाद्य सामाग्री लत्ता कपडा, घरायसी विद्युतीय उपकरण, निर्माण सामाग्रीहरू, शिक्षण सामाग्री, रसायनिक मल, फलफूल स्वास्थ्य औषधी तथा उपकरण जस्ता वस्तुहरूको आयात हुने गरेको छ । निर्यातभन्दा आयात बढी हुनुले गाउँपालिकाको व्यापार घाटा स्पष्ट अनुमान गर्न सकिन्छ। यद्यपि यकिन तथ्याङ्कका लागि भने गाउँपालिकाले विशेष पहलकदमी लिन जरुरी छ।

### ४.१.४ औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था

स्थानीय श्रोतमा आधारित कच्चा पदार्थको प्रचुरताका हिसाबले नेपाल सम्पन्न रहेतापनि यसको दिगो सदुपयोगमा भने निकै पछाडि परेको यथार्थ हामी सामु छ। हामी कहाँ उपलब्ध श्रोतहरूमा काठ, जडिबुटी, फलफूल, खाद्यान्न, तरकारी तथा मास, मसुरो, रहर, धान आदि पर्दछन्। यस प्रकारका कच्चा पदार्थहरूको व्यवसायिक उत्पादन र दिगो सदुपयोग गर्दा गाउँपालिकाको अर्थतन्त्रमा प्रत्यक्ष सकारात्मक योगदान पुग्दछ। साथै व्यवसायिक पशुपालनबाट पनि प्रशस्त लाभ उठाउन सकिन्छ।

### ४.१.५ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण

यस गाउँपालिकाबाट विभिन्न देशहरूमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या ९,०६८ रहेको छ। उमेरगत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी १५-२४ उमेर समुहका २,०१८ जना वैदेशिक रोजगारीमा गएका छन् भने सबैभन्दा कम ६५ वर्ष माथि उमेर समुहका १४ जना वैदेशिक रोजगारीमा गएका छन्। वैदेशिक रोजगारीमा गएका मध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतमा जनेको संख्या हुनुले उनीहरू सिपयुक्त रोजगारीमा नगएको पुष्टि हुन्छ।

**तालिका नं. २६ :** गाउँपालिकामा रहेका बैदेशिक रोजगारीमा गएका जनसंख्याको विवरण

| उमेर जमुह | लिङ्ग | देशको नाम | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भारत | सार्क | एशियन | मध्यपूर्व | अन्य एशियन | युरोप | अन्य युरोप | उत्तर अमेरिका | दक्षिण अमेरिका | अफ्रिका | प्यासिफिक | अन्य | नखुलाएको | |
| ०-१४ वर्ष | पुरुष | १२४ | १२१ | ० | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | २४८ |
| | महिला | ६२ | ६२ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १२४ |
| | जम्मा | १८६ | १८३ | ० | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ३७२ |
| १५-२४ वर्ष | पुरुष | ९३० | ६५६ | २ | ७५ | १८५ | १० | ० | ० | ० | ० | ० | २ | ० | १८६० |
| | महिला | ७९ | ७२ | १ | ० | ५ | ० | ० | ० | ० | ० | ० | १ | ० | १५८ |

| उमेर जमुह | लिङ्ग | देशको नाम | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भारत | सार्क | एशियन | मध्यपूर्व | अन्य एशियन | युरोप | अन्य युरोप | उत्तर अमेरिका | दक्षिण अमेरिका | अफ्रिका | प्यासिफिक | अन्य | नखुलाएको | |
| | जम्मा | १००९ | ७२८ | ३ | ७५ | १९० | १० | ० | ० | ० | ० | ० | ३ | ० | २०१८ |
| २५–३४ वर्ष | पुरुष | ५९१ | ३४९ | १ | ६४ | १६५ | ७ | १ | ० | ० | ० | ० | २ | २ | ११८२ |
| | महिला | ६४ | ५८ | ० | १ | ३ | ० | ० | १ | ० | ० | ० | १ | ० | १२८ |
| | जम्मा | ६५५ | ४०७ | १ | ६५ | १६८ | ७ | १ | १ | ० | ० | ० | ३ | २ | १३१० |
| ३५–४४ वर्ष | पुरुष | २७५ | १७१ | ० | ३० | ७० | ० | २ | ० | ० | ० | १ | ० | १ | ५५० |
| | महिला | २९ | २२ | ० | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ५८ |
| | जम्मा | ३०४ | १९३ | ० | ३० | ७७ | ० | २ | ० | ० | ० | १ | ० | १ | ६०८ |
| ४५–५४ वर्ष | पुरुष | ७३ | ६१ | ० | ५ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | १४६ |
| | महिला | ७ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १४ |
| | जम्मा | ८० | ६८ | ० | ५ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | १६० |
| ५५–६४ वर्ष | पुरुष | १० | ९ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २० |
| | महिला | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| | जम्मा | ११ | १० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २२ |
| ६५ वर्ष देखि माथि | पुरुष | ५ | ४ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १० |
| | महिला | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| | जम्मा | ७ | ६ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १४ |
| उल्लेख नभएको | पुरुष | ११ | १० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २२ |
| | महिला | ४ | ३ | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ८ |
| | जम्मा | १५ | १३ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ३० |
| **जम्मा** | | ४५३४ | ३२१६ | ८ | ३५० | ८९४ | ३४ | १० | २ | ० | ० | २ | १२ | ६ | ९०६८ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## ४.१.६ सुकुम्बासी सम्बन्धी विवरण

नेपालमा परिवारको जमिन माथिको स्वामित्वको विषयलाई आर्थिक हैसियतसँग गाँसेर हेरिन्छ । नेपालको अर्थतन्त्र कृषिमा आधारित हुँदा जमिनमाथिको स्वामित्वलाई आर्थिक हैसियतसँग गाँसेर हेर्नु स्वाभाविक भए तापनि पछिल्लो समय वैदेशिक रोजगार लगायत अन्य सेवा क्षेत्रमा मानिसहरूको पहुँच वृद्धि हुँदा गैह्र कृषि क्षेत्रबाट आफ्नो आर्थिक हैसियत निर्माण गर्ने परिपाटी सुरु भएको पाईन्छ । अर्कोतर्फ जमिनमाथिको

स्वामित्वलाई आफ्नो थातथलो वा आवासको स्थलका रुपमा समेत हेरिन्छ । यसर्थ हरेक नागरिकको जमिनमाथिको स्वामित्वलाई सदियौंदेखि एक प्रमुख आर्थिक सामाजिक तथा राजनैतिक मुद्दाको रूपमा हेर्रिंदै आएको छ । त्यस्तै नेपालमा जमिनको वितरण अवैज्ञानिक रहेको छ ।

## ४.२ भू-उपयोग तथा स्वामित्व

### ४.२.१ भू-उपयोगको वितरण

भूमि महत्वपूर्ण प्राकृतिक साधन हो । आर्थिक विकासको लागि यसको समुचित उपयोग गर्नु पर्दछ । भूमिलाई कृषि, आवास, सडक, पिउने पानी, सिँचाई, विद्युत तथा उर्जा, सूचना तथा संचार आदिको प्रवन्धको लागि प्रयोग गर्ने गरिन्छ । यस खण्डमा विषेश गरी गाउँपालिका को भू-उपयोग र भू- आवरणको वस्तुगत चित्रण गरिएको छ ।

| भू-उपयोगका क्षेत्र | गाउँपालिकाको भू-उपयोगको विवरण क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल प्रतिशतमा |
|---|---|---|
| कृषि | ७२.१० | ४१.६३ |
| बन | ८३.६६ | ४८.३१ |
| उद्योग | ०.१९ | ०.११ |
| सार्वजनिक | ०.४४ | ०.२६ |
| वसोवास | १०.९३ | ६.३१ |
| नदि तथा तलाउ क्षेत्र | ५.८१ | ३.३५ |
| अन्य | ०.०५ | ०.०३ |
| **जम्मा** | **१७३.१९** | **१००** |

*स्रोत: GIS तथ्याङ्क २०८०, मा आधारित*

यस गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा ४८.३१ प्रतिशत अर्थात् सबैभन्दा धेरै वन क्षेत्रले ओगटेको छ भने दोस्रोमा खेतीयोग्य जमिनले ओगटेको क्षेत्र रहेको छ । उपलब्ध जमिनमध्ये खेतीयोग्य जमिनको अंश राम्रो रहेको छ । सम्पूर्ण खेतीयोग्य जमिनमा वैज्ञानिक कृषि प्रणाली अवलम्बन गर्न सके उत्पादनको राम्रो सम्भावना देखिन्छ । यस पालिकाको भू-उपयोगको अर्को उल्लेखनीय पक्ष भनेका यहाँको वनजंगल तथा वनस्पतीले ढाकेको क्षेत्र हो । समग्र भूभागको ४८.३१ प्रतिशत वनक्षेत्र रहनु पालिकावासीको लागि सुखद रहेको छ । यहाँको अन्य भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ :-

### ४.२.२ खेतीयोग्य जमिन सम्बन्धि विवरण

वैज्ञानिक र व्यवसायिक ढङ्गले भू-उपयोग नहुँदा कृषि क्षेत्रमा ठुलो घाटा व्यहोर्नु परेको अवस्था छ । गाउँमा उपलब्ध सम्पूर्ण खेतियोग्य जमिनको वैज्ञानिक र व्यवसायिक ढङ्गले सदुपयोग हुन सकेको पाइँदैन । खेतीयोग्य जमिनको उपलब्धता भएपनि पूर्ण सदुपयोग नहुँदा एकातर्फ जमिन बाँझो हुँदै जाने त अर्कोतर्फ कृषि उत्पादनमा कमी भई आयात गर्नुपर्ने अवस्था श्रृजना हुन सक्छ । भू-सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकामा ७२.१० वर्ग कि.मि. अर्थात ४१.६३ प्रतिशत जमिन खेतीयोग्य रहेको छ ।

जमिन खेतियोग्य भएर मात्र हुँदैन त्यसमा सिँचाईको सुविधा हुनुपर्दछ । खेतीयोग्य जमिनमा खेतीपाती गरी पूर्ण सदुपयोग गर्न त्यसमा सिँचाईको सुविधा पुऱ्याउनु अनिवार्य हुन्छ । तसर्थ स्थानीय तहहरूले आफ्नो क्षेत्रमा रहेको खेतीयोग्य जमिनको यथार्थ विवरण तयार पारी त्यसमध्ये सिँचाई पुगेको र नपुगेको जमिनको समेत सही तथ्याङ्क हुनुपर्दछ । यसपश्चात सिँचाई नपुगेको जमिनमा एक वा वैकल्पिक उपायले सिँचाई पुऱ्याउन प्राथमिकता केन्द्रीत गर्नु आवश्यक हुन्छ ।

### ४.२.३ बाँझो जमिन सम्बन्धी विवरण

गाउँघरमा कतिपय क्षेत्रहरू प्रयोगहीन अवस्थामा बाँझो रहेका हुन्छन् । सबै प्रकारका जमिनहरूको एक वा अर्को प्रकारले सदुपयोग गर्न सकिन्छ । जमिन आफैमा एक अमूल्य प्राकृतिक सम्पदा हो । खेती नहुने क्षेत्रमा डालेघाँस वा जडिबुटी लगाउन सकिन्छ भने उपयुक्त स्थानहरू भए खुल्ला क्षेत्र, मनोरञ्जन स्थल, पार्क वा बगैंचाको रुपमा समेत विकास गर्न सकिन्छ । खेती नहुने अवस्थामा आवास विकासका लागि समेत यस्तो जमिनको सदुपयोग गर्न सकिन्छ । यस गाउँपालिकामा नदि, खोलाको किनाराका केही जमिनहरु बाँझो अवस्थामा रहेका छन् ।

## ४.३ कृषि तथा पशु विकास

आज उच्चतम विकास हासिल गरेका औद्योगिक राष्ट्रहरूको विकासको मेरुदण्ड कृषि नै रहेको इतिहासले देखाउँछ । यूरोप, अमेरिका तथा एसियाली महाशक्तिशाली राष्ट्रहरूको सम्पन्नताको आधारशीला समेत कृषि क्रान्तिमा आधारित भएको पाईन्छ । तसर्थ तत्कालका लागि कृषि बाहेकका अन्य विकल्पहरू न्यून रहेको र कृषिमा पर्याप्त सम्भावना रहेको हाम्रो देशमा विकासका अन्य महत्वाकांक्षी योजना कार्यान्वयन गर्नुपूर्व खाद्यान्न, फलफूल, तरकारीका साथै समग्र कृषि उपजहरूमा आत्मनिर्भर बनी निर्यात समेत वृद्धि गर्न कृषि क्षेत्रमा क्रान्ति नै गर्नुपर्ने पहिलो अनिवार्य आवश्यकता रहेको छ । उच्च प्रविधिहरू विकास भईसकेको आजको यूगमा समेत हाम्रो निर्वाहमुखी परम्परागत खेती प्रणालीमा सिमित रहिरहनु एक प्रकारको विडम्बना नै हो । तसर्थ स्थानीय सरकारले सम्भाव्यता अध्ययन गरी व्यवसायिक र वैज्ञानिक कृषिका लागि आवश्यक सम्पुर्ण कृषि पूर्वाधारहरूको विकासमार्फत् कृषि उत्पादन र विकासमा क्रान्ति गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ४.३.१ खाद्यान्न बालीमा लाग्ने रोग तथा किरा

कृषि बालीबाट अपेक्षित उत्पादन लिनका लागि बालीनालीको उचित स्याहार सम्भार आवश्यक छ । विशेषत बालीनालीलाई रोग तथा किराले आक्रमण गर्ने हुँदा रोग तथा किराबाट बच्न समयमै उच्च सतर्कता अपनाउने र रोकथाम बारे जानकारी हासिल गर्नु अति आवश्यक छ । अर्कोतर्फ बालीनालीमा लाग्ने र लाग्न सक्ने रोग तथा किराको सही ढङ्गले पहिचान हुन समेत जरुरी छ । रोग तथा किराको सही पहिचान हुन सके समयमै त्यसको रोकथाम हुन गई उत्पादनलाई सुरक्षित तथा वृद्धि गर्न सकिन्छ ।

**तालिका नं. २७ :** खाद्यान्न बालीमा लाग्ने रोगको विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| 1 | धान | फड्के, फट्याङ्ग्रा गवारो, हिस्पा | मरुवा, डढुवा, खैरे रोग |
| 2 | गहुँ | कीटकिटे, धमिरा, लाहि | कालो पोके, पहेलो सिन्दुरे, खैरो सिन्दुरे, डढुवा, गन्हाउने कालो पोके आदि । |
| 3 | मकै | अमेरिकी फौजी कीरा, खुर्मे किरा, गबारो, फेदकटुवा आदि | ध्वाँसे थोप्ले रोग, उत्तरी पाते डढुवा, दक्षिणी पाते डढुवा, डाँठ कुहिने रोग आदि । |
| 4 | तोरी | करौते झिङ्गा, लाहि | करौते झिङ्गा, लाहि आदि |
| 5 | आलु | फेदकटुवा, आलुको पुतली, रातो कमिला, लाहि आदि | फेदकटुवा, आलुको पुतली, रातो कमिला, लाहि आदि । |

*स्रोत : विजयनगर गाउँपालिका, २०८०*

### ४.३.२ तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

**तालिका नं. २८** : तरकारी तथा फलफूलमा लाग्ने रोग तथा किरा

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| ६ | चन्द्रिका प्रसाद चौधरी | सि.अ.हे.व | ९८४४७३०३२० | गणेशपुर स्वास्थ्य चौकी |
| ७ | राधेश्याम पाल | सि.अ.हे.व | ९८६७२१०४८८ | गणेशपुर स्वास्थ्य चौकी |
| ८ | शंकर सुनार | सि.अ.हे.व | ९८४५४८८३८२ | आधारभुत स्वास्थ्य इकाइ बनखेत |
| ९ | कृष्ण कुमार चौहान | सि.अ.हे.व | ९८६७७७९२४८ | खुरहुरिया स्वास्थ्य चौकी |
| १० | कौशीला देवि घिमिरे | सि.अ.न.मि | ९८४७३८५०७० | खुरहुरिया स्वास्थ्य चौकी |
| ११ | तिकक बहादुर बगाले | अ.हे.ब | ९८४७५६२६१० | गुगौली स्वास्थ्य चौकी |
| १२ | महेश कुमार राई | अ.हे.ब | ९८६७२२८६८० | आधारभुत स्वास्थ्य इकाइ देउपुरा |
| १३ | सुरेश बस्याल | अ.हे.ब | ९८५७०५८५९३ | पथ्थरदेइया स्वास्थ्य चौकी |
| १४ | राजेश गौतम | अ.हे.ब | ९८४७२०७३७३ | जवाबैराठ सामुदायिक स्वास्थ्य इकाई |
| १५ | अनिता चौधरी | अ.हे.ब | ९८२७५०९५३७ | पथ्थरदेइया स्वास्थ्य चौकी |
| १६ | सुभांगी देवि तिवारी | अ.हे.ब | ९८११५६६४९१ | खुरहुरिया स्वास्थ्य चौकी |
| १७ | जग्गु यादव | अ.हे.ब | ९८४७४५५९८७ | गुगौली स्वास्थ्य चौकी |
| १८ | सुमित्रा थापा | अ.न.मि | ९८४३४५२१४४ | गुगौली स्वास्थ्य चौकी |

| क्र.सं. | कर्मचारीको नाम | पद/तह | सम्पर्क न. | शाखा |
|---|---|---|---|---|
| १९ | पवित्रा कुवर | अ.न.मि | ९८६७४७३४११ | गणेशपुर स्वास्थ्य चौकी |
| २० | भिम कुमारी बगाले | अ.न.मि | ९८३३२०६६५० | आधारभूत स्वास्थ्य इकाइ बनखेत |
| २१ | विद्यामती कोरी | अ.न.मि | ९८०४४८२७०६ | गणेशपुर स्वास्थ्य चौकी |
| २२ | लक्ष्मी आचार्य | अ.न.मि | ९८६७१४९२८३ | पथ्थरदेइया स्वास्थ्य चौकी |
| २३ | सुभावती पाल | अ.न.मि | ९८२१९७१७२७ | पथ्थरदेइया स्वास्थ्य चौकी |
| २४ | अमृता भण्डारी | अ.न.मि | ९८६८३६०२१६ | गुगौली स्वास्थ्य चौकी |
| २५ | मालती थारु | अ.न.मि | ९८६७४४५८१५ | जवा बैराठ सामुदायिक स्वास्थ्य इकाई |
| २६ | गुडिया हलुवाई | अ.न.मि | ९८०४४५२२२१ | गणेशपुर स्वास्थ्य चौकी |
| २७ | सिता वि.क | अ.न.मि | ९८०७४००६६१ | आधारभूत स्वास्थ्य इकाई देउपुरा |
| २८ | जोगमाया चाई | अ.न.मि | ९८१७५३९४५५ | आधारभूत स्वास्थ्य इकाई बद्धौरा |
| २९ | रामेसरा लोनिया | कार्यालय सहयोगी | ९८१२९३७२९२ | स्वास्थ्य शाखा |
| ३० | पार्वती कुर्मी | ल्याब असिस्टेण्ट | ९८१५४५३९९४ | गणेशपुर स्वास्थ्य चौकी |
| ३१ | गंगेश्वर चौधरी | कार्यालय सहयोगी | ९८१७५०९४७१ | जवा बैराठ सामुदायिक स्वास्थ्य इकाई |
| ३२ | साकिर हुसेन | कार्यालय सहयोगी | ९८००७३१९३४ | खुरहुरिया स्वास्थ्य चौकी |
| ३३ | त्रीभुवन भर | कार्यालय सहयोगी | ९८२१४४५६९२ | आधारभूत स्वास्थ्य इकाइ बद्दौर |
| ३४ | दद्दु चौधरी | कार्यालय सहयोगी | ९८००७७४६९५ | आधारभूत स्वास्थ्य इकाइ बनखेत |
| ३५ | सरिता सुनार | कार्यालय सहयोगी | ९८२१५१२०८७ | आधारभूत स्वास्थ्य ईकाइ देउपुरा |
| ३६ | छोटु यादव | कार्यालय सहयोगी | ९८१९४६७४९२ | गणेशपुर स्वास्थ्य चौकी |
| ३७ | कान्ती कोरी | स्वीपर | ९८१४४१५१५८ | पथ्थरदेइया स्वास्थ्य चौकी |
| ३८ | प्रभावती कोरी | स्वीपर | ९८२१५०९५०० | खुरहुरिया स्वास्थ्य चौकी |

*स्रोत: गाउँ कार्यपालिका, २०८०*

### ५.२.३ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण

#### क) खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ। बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डी.पी.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँच वटै खोपहरू नियमित र पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य

रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याइएको छ। जसले गर्दा दिगो विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

**तालिका नं. ४३ :** खोप सम्बन्धी विवरण

| सुचकहरू | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| BCG खोप लगाइएका एक वर्ष मुनिका बालबालिकाको प्रतिशत | १००.९ | ८४.३ | ८९.७ |
| DPT–HepB–Hib1 सँग खोप लगाइएका एक वर्ष मुनिका बालबालिकाहरूको प्रतिशत | १०८.७ | ८७.८ | ९५.६ |
| DPT–HepB–Hib3 सँग खोप लगाइएका एक वर्ष मुनिका बालबालिकाहरूको प्रतिशत | १०६.८ | ८८.१ | ९२.७ |
| 12–23 महिना उमेरका JE खोप लगाएका बालबालिकाहरूको प्रतिशत | ८२.१ | ९२.५ | ९१.२ |
| दादुरा/रुबेला विरुद्ध खोप लगाइएका महिना बालबालिकाको प्रतिशत | ९०.३ | ८२.८ | ९४ |
| दादुरा/रुबेला २ बाट खोप लगाइएका १२-२३ महिना उमेरका बालबालिकाको प्रतिशत | ८४.५ | ९६.७ | ९६.८ |
| TD (TD2 / TD2+) को पूरा खुराक प्राप्त गर्ने गर्भवती महिलाहरूको प्रतिशत | ७५.३ | ६५ | ६४.८ |

*स्रोतः विजयनगरनगर गाउँकार्यपालिका, २०८०*

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुष्टंकार, हेपाटाइटिस बी, इन्ल्फुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानीज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ। ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन्। यसरी खोपहरू समयमै लगाउँदा सीमित लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्यूदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ।

### ख) सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि.) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानी नोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)। सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ।

**तालिका नं. ४४ :** सुरक्षित मातृत्वको अवस्थाको विवरण

| विवरण | आ.ब २०७७/७८ | आ.ब २०७८/७९ | आ.ब २०७९/८० |
|---|---|---|---|
| प्रोटोकलको रूपमा पहिलो ANC चेकअप गर्ने गर्भवती महिलाहरूको प्रतिशत | ६८.१ | ४९.७ | ५७.१ |

| विवरण | आ.ब २०७७/७८ | आ.ब २०७८/७९ | आ.ब २०७९/८० |
|---|---|---|---|
| प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच सेवा लिनेको प्रतिशत | ३७.६ | ४३ | ५७.९ |
| स्वास्थ्य संस्था प्रसुतिदर | ३९.३ | ४० | ५०.१ |
| दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मी.) प्रसुति गराएको प्रतिशत | ० | ९.९ | ५० |
| दुई PNC गृह भ्रमणहरू प्राप्त गर्ने सुत्केरी आमाको प्रतिशत | | २३.४ | ६७.९ |
| जम्मा मातृमृत्यु संख्या | ० | ० | ० |

*स्रोत: विजयनगरनगर गाउँकार्यपालिका, २०८०*

## ५.२.४ बालस्वास्थ्य तथा कुपोषणको अवस्था

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्षमुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ । बालअधिकार सम्बन्धी महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राई, दुव्यर्वहार, हिंसालगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ । स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बालस्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू समेत कार्यरत रहेका छन् ।

**तालिका नं. ४५ :** बाल स्वास्थ्य कुपोषणको अवस्था

| सुचकहरू | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|
| कम जन्म तौल भएका नवजात शिशुको प्रतिशत | ११.७ | ९.१ | ६.५ |
| वृद्धि अनुगमनका लागि भर्खरै दर्ता भएका ०-११ महिना उमेरका बालबालिकाहरूको प्रतिशत | ५३.२ | ७२.८ | ९६.९ |
| ०-२३ महिना उमेरका बालबालिकाहरूको प्रतिशत | ५.४ | २.९ | ६ |
| १८० आईरन चक्की पाएका गर्भवती महिलाहरूको प्रतिशत | ३७.५ | ४३ | ५६.६ |
| भिटामिन ए पाएका सुत्केरी महिलाहरूको प्रतिशत | | ३९१.९ | १३२.७ |

*स्रोत: विजयनगरनगर गाउँकार्यपालिका, २०८०*

### ५.२.५ प्रमुख रोग र उपचारसम्बन्धी विवरण

यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका ओपिडीमा दर्ता भएका विरामीको संख्या अनुसार पछिल्लो समय देखा परेका १० प्रमुख स्वास्थ्य समस्याहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४६ :** प्रमुख १० स्वास्थ्य समस्याहरुको विवरण

| क.सं. | प्रमुख रोगहरू |
|---|---|
| १. | Diarrhoea |
| २. | Conjunctivitis |
| ३. | Fungal infection |
| ४. | Scabies |
| ५. | Lower respiratory tract infection |
| ६. | Boils |
| ७. | Upper respiratory tract infection |
| ८. | Gastritis |
| ९. | Tonsilitis |
| १०. | Dermatitis |

*स्रोत: विजयनगरनगर गाउँकार्यपालिका, २०८०*

### ५.२.६ सुरक्षित मातृत्व

#### क) परिवार नियोजन

परिवार नियोजनबाट हुने फाइदाका बारेमा विभिन्न संघसंस्थाबाट गरिएका अध्ययन अनुसन्धानबाट आमा, बच्चा र नवजात शिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनीय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र बृद्धि विकास गर्नको लागि सहयोग पुऱ्याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई विस्तार गरी अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रहरू र गाउँघर क्लिनिकहरूमा विस्तार गरी महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ ।

#### ख) १५ देखि ४९ वर्षका महिलाले शिशुलाई जन्म दिएको विवरण

**तालिका नं. ४७ :** १५ देखि ४९ वर्ष उमेर समूहका महिलाले जन्म दिएको विवरण

| | महिलाको उमेर समुह | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५देखि १९ | २०देखि २४ | २५देखि २९ | ३० देखि ३४ | ३५देखि ३९ | ४०देखि ४४ | ४५देखि ४९ | जम्मा |
| कुल जन्म भएका वच्चा | | | | | | | | |
| छोरा | ६६ | ७८० | १६७५ | २२१९ | २३६६ | २२३३ | १९३९ | ११२७८ |
| छोरी | ५७ | ७५६ | १५६२ | २१०९ | २२३३ | २०६० | १५३० | १०३०७ |
| जम्मा | १२३ | १५३६ | ३२३७ | ४३२८ | ४५९९ | ४२९३ | ३४६९ | २१५८५ |
| हाल सम्म जिवित भएका वच्चा | | | | | | | | |

| | महिलाको उमेर समुह | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १५देखि १९ | २०देखि २४ | २५देखि २९ | ३० देखि ३४ | ३५देखि ३९ | ४०देखि ४४ | ४५देखि ४९ | जम्मा |
| छोरा | ६६ | ७५४ | १६१३ | २१२२ | २२२१ | २१०४ | १८२० | १०७०० |
| छोरी | ५५ | ७३७ | १५२२ | २०२० | २१३० | १९६१ | १४१५ | ९८४० |
| जम्मा | १२१ | १४९१ | ३१३५ | ४१४२ | ४३५१ | ४०६५ | ३२३५ | २०५४० |
| मृत्यु भएका वच्चा | | | | | | | | |
| छोरा | ० | २६ | ६२ | ९७ | १४५ | १२९ | ११९ | ५७८ |
| छोरी | २ | १९ | ४० | ८९ | १०३ | ९९ | ११५ | ४६७ |
| जम्मा | २ | ४५ | १०२ | १८६ | २४८ | २२८ | २३४ | १०४५ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकामा रहेका १५ देखि ४९ वर्ष उमेरसमूहका महिलाले पछिल्लो १२ महिनामा जिवित जन्म दिएका जम्मा २१,५८५ बच्चाहरुमध्ये  हाल सम्म जिवित रहेका बच्चाको संख्या २०,५४० जना रहेका छन् । यसैगरी सोही समयावधीमा मृत्यु भएका बच्चाको संख्या १,०४५ जना रहेका छन् जसको लिङ्ग अनुसार विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ग) शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २०२२ (National Demographic and Health Survey, 2022) का अनुसार नवजात शिशु मृत्युदर प्रतिहजार २१, शिशु मृत्युदर प्रतिहजार २८ र पाँच वर्षमुनिको बाल मृत्युदर प्रतिहजार ३३ रहेको तथ्याङ्क सार्वजनिक भएको छ। राष्ट्रि जनगनणा २०७८ अनुसार यस गाउँपालिमा विगत १२ महिनामा ४२ जना शिशुहरूको मृत्यु भएको देखिन्छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४८ :** गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका शिशुहरूको विवरण

| मृतकको उमेर समूह | मृत्युको कारण | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरुवा रोग | नसर्ने रोग | सडक दुर्घटना | अन्य दुर्घटना | प्रसुति सम्बन्धी | हत्या | आत्महत्या | प्राकृतिक प्रकोप | अन्य | नखुलाएको | |
| १ वर्ष | ४ | २ | १ | ० | ० | ० | ० | ० | १९ | ० | २६ |
| १-४ वर्ष | ३ | ४ | ० | २ | ० | ० | ० | ० | ६ | १ | १६ |
| **जम्मा** | ७ | ६ | १ | २ | ० | ० | ० | ० | २५ | १ | ४२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

### घ) पहिलो बच्चा जन्मदिंदा महिलाको उमेरको विवरण

कानूनी र प्रजनन् स्वास्थको दृष्टिकोणबाट २० वा सो वर्षभन्दा कम उमेरमा आमा बन्नु गैरकानूनी र  मातृ तथा शिशु दुवैको स्वास्थ्यका दृष्टिकोणबाट जोखिमपूर्ण मानिन्छ। शारीरिक, मानसिक, आर्थिक रुपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारीरिक र बौद्धिक रुपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्कोतर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाइजस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र शिशु विभिन्न प्रकारका संक्रमणको सिकार हुन सक्ने संभावना रहन्छ ।

नेपालले सहश्राब्दी विकास लक्ष्य २०००-२०१५ का बीचमा मातृ तथा शिशु स्वास्थको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कूल १००० जीवित जन्म भएका

शिशुमध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो संख्यामा सारभूत रुपमा गिरावट आई सन् २०१५ सम्म ३३ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) ३८ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २५८ मा झरेको देखिन्छ भने तालिम प्राप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५५.६ प्रतिशत पुगेको तथ्यांक देखिन्छ (Nepal and the Millennium Development Goals Final Status Report, 2000-2015)। यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका संकेतहरू देखा परिरहेका छन्।

**तालिका नं. ४९** : १५-४९ उमेरसमूहका विवाहित महिलाहरूले हाल सम्म जिवित जन्माएका बच्चाहरुको संख्या अनुसार महिलाको जनसंख्या

| | पहिलो बच्चा जन्मदिँदा आमाको उमेर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| हाल सम्म जिवित भएका वच्चा | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-४० वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | जम्मा विवाहित महिला संख्या |
| बच्चा नभएको | १७५ | ५०० | २१५ | ९२ | ५८ | ४७ | ५५ | ११४२ |
| १ बच्चा | ८२ | ४९० | ३६० | १३८ | ८४ | ६३ | ४८ | १२६५ |
| २ बच्चा | १४ | ३२१ | ५०१ | ३६९ | २३३ | १४६ | १०० | १६८४ |
| ३ बच्चा | ३ | ९९ | ३५८ | ४०४ | ३२९ | २५१ | १८१ | १६२५ |
| ४ बच्चा | १ | २३ | १२७ | २८२ | २८४ | २२७ | १५३ | १०९७ |
| ५ बच्चा | ० | ३ | ४५ | १३६ | १८० | १८२ | १३७ | ६८३ |
| ६ बच्चा | ० | ० | ९ | ४० | ९२ | ११२ | ९२ | ३४५ |
| ७ बच्चा | ० | ० | २ | १७ | ३७ | ४६ | ५४ | १५६ |
| ८ बच्चा | ० | ० | ० | ८ | २० | ३१ | ३३ | ९२ |
| ९ भन्दा धेरै बच्चा | ० | ० | ० | १ | ६ | १३ | १९ | ३९ |
| जम्मा | २७५ | १४३६ | १६१७ | १४८७ | १३२३ | १११८ | ८७२ | ८१२८ |
| प्रतिशत | ३.३८ | १७.६७ | १९.८९ | १८.२९ | १६.२८ | १३.७५ | १०.७३ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकाका कूल ४३,२९१ मध्य १२३, जना अर्थात् ०.५७ प्रतिशत महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ। त्यसैगरी १,५३६ अर्थात् ७.१२ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, ३,२३७ अर्थात् १५ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र ४,३२८ जना अर्थात् २०.०५ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५-३९ वर्षमाथि पहिलो पटक आमा बन्नेको संख्या जम्मा ४,५९९ जना अर्थात् २१.३२ प्रतिशत रहेको छ। साथै ४०-४४ वर्षको महिलाले ४,२९३ अर्थात १९.८९ प्रतिशत त्यसैगरि ४५-४९ वर्षका महिलाले ३,४६९ अर्थात १६.०७ प्रतिशत पहिलो बच्चा जन्माएका छन्।

### ५.२.७ विवाहित तथा अविवाहित महिला तथा पुरुषको विवरण

**तालिका नं. ५०** : विवाहित तथा अविवाहित महिला तथा पुरुषको विवरण

| क्र.सं. | विवाहित तथा अविवाहित | पुरुषको संख्या | पुरुषको प्रतिशत | महिलाको संख्या | महिलाको प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | अविवाहित | ६७२५ | ४१.०० | ५७६१ | ३३.९० | १२४८६ | ३७.३८ |
| २. | विवाहित | ९०५९ | ५५.२ | १०२३८ | ६०.२ | १९२९७ | ५७.७७ |
| ३. | एकल(विधुर/विधवा) | ५५८ | ३.४ | ९४१ | ५.५ | १४९९ | ४.४९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | पारपाचुके | १६ | ०.१ | ७ | ०.०४ | २३ | ०.०७ |
| ५. | छुट्टिएको | ४९ | ०.३ | ५१ | ०.३ | १०० | ०.३० |
| जम्मा | | १६४०७ | ४९.१२ | १६९९८ | ५५.८८ | ३३४०५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## ५.२.८ स्रोत नक्सा



विजयनगर गाँउपालिका
स्वास्थ्य क्षेत्र नक्सा
उ
दाङ
जिल्ला
भा. र. त.
शिवराज
न.पा.
कृष्णनगर न.पा.
संकेत सुचक
गाँउपालिका कार्यालय
स्वास्थ्य चौकी
प्रसुति गृह
स्वास्थ्य इकाई
क्लिनिक
राष्ट्रिय राजमार्ग
ग्रामिण सडक
कृषि क्षेत्र
वन क्षेत्र
उद्योग क्षेत्र
सार्वजनिक क्षेत्र
सांस्कृतिक तथा पुरातत्व क्षेत्र
आवास तथा बजार क्षेत्र
खोलानाला तथा पोखरी क्षेत्र
वडा सिमाना
H01
H17
Projection System: Modified UTM_81, Speroid : Everest 1830

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ खानेपानीको श्रोतको विवरण

**तालिका नं. ५१ :** खानेपानीको मुख्य श्रोतको आधारमा घरपरिवारको विवरण

| वडा नं. | ट्यूबवेल/हाते पम्प | पाइप धारा (घरपरिसर भित्र) | पाइप धारा (घरपरिसर बाहिर) | मूल धारा | जार/वोतल | खुला ईनार/कुवा | ढाकिएको ईनार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१ | ४१ | १०५ | २ | ० | १ | ० | २ | ९५२ |
| २ | ७२२ | २९० | ४३ | २२ | ३ | १२ | २ | १२ | ११०६ |
| ३ | १०८६ | २० | १७ | ३२ | ५ | १ | ० | ८ | ११६९ |
| ४ | ८६४ | २८ | १५२ | ० | ३ | ४ | २ | १७ | १०७० |
| ५ | ७२५ | ७८ | २० | १ | २ | ३ | २ | २ | ८३३ |
| ६ | ७०१ | ७५ | ४१ | ० | १ | १२ | ७ | १६ | ८५३ |
| ७ | १०२३ | २१ | ८ | ० | २३ | १ | ० | ० | १०७६ |
| जम्मा | ५९२२ | ५५३ | ३८६ | ५७ | ३७ | ३४ | १३ | ५७ | ७०५९ |
| प्रतिशत | ८३.८९ | ७.८३ | ५.४७ | ०.८१ | ०.५२ | ०.४८ | ०.१८ | ०.८१ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

यस गाउँपालिकामा रहेका ७,०५९ घरपरिवारहरू मध्ये ट्यूवेल तथा हाते पम्पबाट पानी पिउनेको संख्या ५,९२२ अर्थात ८३.८९ प्रतिशत, धारा/पाइप (घरपरिसर भित्र) बाट पिउनेको संख्या ५५३ अर्थात ७.८३ प्रतिशत रहेको छ। सामान्यतया धेरैजसो घरपरिवारले ट्यूवेल तथा हाते पम्पबाट खानेपानी प्रयोग गर्ने गरेको पाइयो भने दोस्रोमा धारा/पाइपको पानी पिउने गरेको तथ्यांकले देखाएको छ । धारा/पाइप (घरपरिसर बाहिर) को पानी पिउने परिवारको संख्या ३८६ अर्थात ५.४७ प्रतिशत रहेको छ । त्यसैगरी जार/बोतलको पानी पिउने परिवारको संख्या ३७ अर्थात ०.५२ प्रतिशत, खुला ईनार/कुवाको पानी पिउने परिवारको संख्या ३४ अर्थात ०.४८ प्रतिशत, ढाकिएको ईनारको पानी पिउने परिवारको संख्या ०.१८ प्रतिशत र अन्य पानीको स्रोत प्रयोग गर्ने परिवारको संख्या ५७ अर्थात ०.८१ प्रतिशत रहेको छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




Sustainable Development Goals Status & Roadmap: २०१६- २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसंख्या १५ प्रतिशत मात्र देखिन्छ। दिगो विकास लक्ष्य अनुगमन ढाँचासमेत उल्लेख भएको उक्त दस्तावेज अनुसार यो जनसंख्या क्रमश: वृद्धि गर्ने अपेक्षा गरिएको छ। जसअनुसार २०१९ मा ३५ प्रतिशत, २०२२ मा ५० प्रतिशत, २०२५ मा ६५ प्रतिशत हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कूल जनसंख्याको ९० प्रतिशत हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ। उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन तथा आम जनसाधारणको जनस्वास्थमा सुधार गर्न पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनचेतना फैलाउनुपर्ने देखिन्छ।

### ५.३.२ शौचालयको प्रयोगको अवस्था

कतिपय दुर्गम गाउँवस्तीमा अहिले पनि मानिसहरू पानीका स्रोत तथा खुला ठाउँमा दिसा पिसाब गर्ने गर्दछन्। सभ्य समाजको निम्ति यो अभ्यास असभ्यताको प्रतीक हो। खुला क्षेत्रमा गरिने मलमुत्र विर्सजनले मानिसको शरीरमा खाना, पानी र श्वासप्रश्वास मार्फत किटाणुको प्रवेश हुन्छ। त्यसकारण प्रत्येक घरमा शौचालयको निर्माण अनिवार्य आवश्यकता हो। सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूले हाल आएर शौचालय निर्माणलाई प्राथमिकता दिएको पाईन्छ। निजी घर तथा सार्वजनिक स्थलहरूमा हातधुने पानी सहित शौचालय हुनुपर्दछ। विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा सरकार विशेष गरी स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ।

**तालिका नं. ५२** : परिवारले प्रयोग गर्ने चर्पीको प्रकारका आधारमा परिवारको विवरण

| वडा नं. | साधारण चर्पी | फ्लस भएको (सेप्टिक ट्याङ्क) | फ्लस भएको (सार्वजनिक ढल) | सामुदायिक चर्पी | चर्पी नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २१३ | २२९ | ८ | ३ | ४९९ | ९५२ |
| २ | ३२८ | २२६ | १० | २ | ५४० | ११०६ |
| ३ | ५०१ | २२७ | २४ | १ | ४१६ | ११६९ |
| ४ | ३९४ | ४७३ | ६ | ५ | १९२ | १०७० |

| वडा नं. | साधारण चर्पी | फ्लस भएको (सेप्टिक ट्याङ्क) | फ्लस भएको (सार्वजनिक ढल) | सामुदायिक चर्पी | चर्पी नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| ५ | १०९ | ७८ | ७ | ३३ | ६०६ | ८३३ |
| ६ | ४३७ | ८५ | ३ | १५ | ३१३ | ८५३ |
| ७ | २३५ | २०४ | ३ | ७ | ६२७ | १०७६ |
| जम्मा | २२१७ | १५२२ | ६१ | ६६ | ३१९३ | ७०५९ |
| प्रतिशत | ३१.४ | २१.६ | ०.९ | ०.९ | ४५.२ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकामा कुल घरपरिवारहरूमध्ये ३१.४ प्रतिशतले साधारण चर्पी, २१.६ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क), ०.९ प्रतिशतले फ्लस भएको (सार्वजनिक ढल), ०.९ प्रतिशतले सामुदायिक चर्पी र ४५.२ प्रतिशतले भने चर्पीको प्रयोग/नगरी खुल्ला स्थानहरुमा दिसा पिसाव गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ५.३.३ सार्वजनिक शौचालयको विवरण

निजी घर तथा सार्वजनिक स्थलहरूमा हात धुने पानी सहित शौचालय हुनुपर्दछ । विपन्न समुदायका परिवारहरूले आफै शौचालय निर्माण गर्न नसकेको अवस्थामा स्थानीय सरकारले शौचालय निर्माणमा अनुदान दिनुपर्ने हुन्छ । यस गाउँपालिकाको घर आँगन, सडक, बजार तथा सार्वजनिक क्षेत्रहरुलाई सरसफाई युक्त बनाउनका लागि विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण भएका छन् । सार्वजनिक शौचालयहरुलाई सरसफाई युक्त राख्नका लागि टोल स्वास्थ्य समिति तथा गाउँपालिकाले महत्वपूर्ण भूमीका निर्वाह गर्नु गर्दछ । सार्वजनिक शौचालय प्रयोग गरेवापत केही शुल्क लिई शौचालयहरु सरसफाई र व्यवस्थापनमा खर्च गर्न सकिन्छ यसका साथै घर आँगन, बजार, सडकहरु सफा रहन्छन् भने गाउँपालिकाको राजश्वमा समेत केही टेवा पुऱ्याउन सकिन्छ। यस गाउँपालिकामा पर्याप्त संख्यामा सार्वजनिक शौचालयहरु नभए तापनि भएका सार्वजनिक शौचालयको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५३ :** सार्वजनिक शौचालयको विवरण

| क्र.सं. | शौचालय रहेको स्थान | संख्या | ठेगाना |
|---|---|---|---|
| १. | वडा नं ६ मा रहेको हाटबजारमा | १ | प्रेमनगर |
| २. | सबै विद्यालय,मदरसा,वोर्डिङ्ग र वडा कार्यालयमा | | विजयगनर गाउँपालिका |

*स्रोत: विजयनगर गाउँकार्यपालिकाको कार्यालय, २०८०*

## ५.३.४ फोहोर व्यवस्थापन सम्बन्धी घरपरिवारको विवरण

विशेषगरी शहरी क्षेत्र र बजार केन्द्रहरूमा जनघनत्व बढी हुने भएका कारण मानव उत्सिर्जित तथा उद्योगधन्दा र कलकारखानाबाट निस्कने फोहोरले बस्तीको सौन्दर्यलाई विरुप पार्नुको साथै सार्वजनिक स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ । यस्तो अवस्थामा सरकार तथा समुदाय दुवैको तर्फबाट फोहर व्यवस्थापन प्रणालीलाई दीर्घकालीन रुपमा सम्बोधन गर्नुपर्दछ। फोहरले स्वास्थ्य र सौन्दर्य दुवैलाई हानी गर्दछ भन्ने कुरा हृदयंगम गर्दै फोहरको समुचित व्यवस्थापन गर्नु आवश्यक छ। कतिपय कुहिने प्रकृतिको फोहरबाट प्राङ्गारिक मल पनि बनाउन सकिन्छ ।

### फोहोर व्यवस्थापनमा देखिएका समस्याहरू :

हाल यस गाउँपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छ :

- फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोला-खोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति यत्रतत्र देखिन्छ। यसरी फालिएको फोहोर वर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचा भाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्र पानी छिरेर जाने हुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

### फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू :

- भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने ।
- नकुहिने फोहोरलाई पुनः विभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टिक, धातु, सीसा। यी फोहोरलाई आवश्यकतानुसार पहिचान गरिसकेपछि पुनः प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापनतर्फ जोड दिने । यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ वैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने ।

## ५.३.५ ढल निकासको तथा ल्याण्डफिल साइटको अवस्था

शहर बजार केन्द्र र एकीकृत बस्ती भएका ठाउँमा ढल निकासको राम्रो प्रबन्ध हुनु आवश्यक छ । ढल निकास पनि भौतिक विकासको एक महत्वपूर्ण पूर्वाधार हो । सडक निर्माणसँगै ढल निकासको व्यवस्थापन

भएको खण्डमा सरकार पूर्वाधार विकासमा गरिने दोहोरो खर्चबाट बच्दछ। यसका अलावा मानव बस्तीबाट उत्सर्जित फोहरलाई मानव बस्तीभन्दा निश्चित टाढाको दुरीमा ल्याण्डफिल साईट बनाएर व्यवस्थापन गर्नुपर्दछ। फोहररहित स्वच्छ र सफा वातावरण सभ्यताको परिचायक हो।

गाउँपालिकाले यथोचित रूपमा ढल निकासको उचित प्रबन्ध गर्न सकेको छैन। यद्यपि शहरी विकास योजना निर्माण गरी अगाडि बढ्न गाउँपालिका प्रतिबद्ध रहेको छ। फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रमा निश्चित ल्याण्डफिल साइटको व्यवस्था हुन सकेको छैन

### ५.३.६ बालक्लव तथा संजालको विवरण

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकालाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ। गाउँपालिकाबाट प्राप्त तथ्याकं अनुसार हाल यस गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा बालक्लबहरु गठन भएको तथा बालसंजाल भने नरहेको अवस्था छ। बालबालिकाहरुको अधिकार सुनिश्चित गर्नका लागि गाउँपालिका स्तरीय बालसंजाल गठन गर्नुपर्ने आवश्यकता देखिन्छ।

| सि.न | बालक्लबहरुको विवरण | ठेगाना |
|---|---|---|
| १. | शिव बाल क्लब | विजयनगर, ५ |
| २. | बघमरुवा बाल क्लब | विजयनगर, ५ |
| ३. | क्षितिज बाल क्लब | विजयनगर, ६ |
| ४. | लाली गुराँस बाल क्लब | विजयनगर, ६ |
| ५. | गौतम बुद्ध बाल क्लब | विजयनगर, ६ |
| ६. | ज्योति पुञ्ज बाल क्लब | विजयनगर, ६ |
| ७. | शिव प्रा.वि बाल क्लब | विजयनगर, ५ |
| ८. | अहिले सुम्नत फैलने बाल क्लब | विजयनगर, ५ |
| ९. | लालीगुराँस बाल क्लब | विजयनगर, ३ |
| १०. | जानकी बाल क्लब | विजयनगर, ३ |
| ११. | संगम बाल क्लब | विजयनगर, १ |
| १२. | ज्ञान ज्योती बाल क्लब | विजयनगर, ४ |
| १३. | सागर बाल क्लब | विजयनगर, ३ |
| १४. | बुद्ध शान्ती बाल क्लब | विजयनगर, ६ |
| १५. | सगरमाथा बाल क्लब | विजयनगर, ४ |

| सि.न | बालक्लबहरुको विवरण | ठेगाना |
|---|---|---|
| १६. | विकासशिल बाल क्लब | विजयनगर, ४ |
| १७. | मनकामना बाल क्लब | विजयनगर, ३ |
| १८. | मदरसा अहिले सुन्नत फैजाने गौसिया | विजयनगर, ५ |
| १९. | सुरक्षित बाल क्लब | विजयनगर, |
| २०. | सरस्वती बाल क्लब | विजयनगर, २ |
| २१. | फुलवारी बाल क्लब | विजयनगर, २ |
| २२. | सुर्यप्रकाश बाल क्लब | विजयनगर, २ |
| २३. | सगरमाथा बाल क्लब | विजयनगर, १ |
| २४. | साध्य बाल क्लब | विजयनगर, २ |
| २५. | लालीगुराँस बाल क्लब | विजयनगर, २ |
| २६. | ज्ञान ज्योती बाल क्लब | विजयनगर, २ |
| २७. | जनशक्ती बाल क्लब | विजयनगर, ७ |
| २८. | गौतम बुद्ध बाल क्लब | विजयनगर, ७ |
| २९. | स्टार बाल क्लब | विजयनगर, ७ |
| ३०. | आनन्द बाल क्लब | विजयनगर, ७ |
| ३१. | आदर्श बाल क्लब | विजयनगर, ७ |
| ३२. | चेतना बाल क्लब | विजयनगर, ७ |
| ३३. | जनचेतना बाल क्लब | विजयनगर, ७ |
| ३४. | गणेश शक्ति बाल क्लब | विजयनगर, ७ |
| ३५. | उज्वल बाल क्लब | विजयनगर, ७ |
| ३६. | संगम बाल क्लब | विजयनगर, ३ |

*श्रोत: गाउँकार्यपालिकाको कार्यालय, २०८०*

### ५.३.७ घरपरिवारविहिन बालबालिकाको अवस्था

नेपालको संविधानको धारा ३९ अन्तर्गत उपधारा ९ बमोजिम मौलिक हकमा, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द पिडित, विस्थापित एवं जोखिममा रहेका बालवालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ भनी उल्लेख छ भने धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोउन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी उल्लेख गरिएको छ । यसर्थ स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले यस प्रकारको वेसहारा अवस्थामा रहेका बालबालिका र अन्य नागरिकलाई अनिवार्य संरक्षण गर्नुपर्ने दायित्व रहेको छ ।

## ५.४ युवा, खेलकुद तथा मनोरञ्जन

### ५.४.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्प्रधा जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुर्‍याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुद सम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ।

गाउँपालिकामा मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरू नभएपनि भलिबल तथा फुटबल मैदानहरू खुल्ला जमिन, चौर, पार्कहरूमा यहाँका मानिसहरूले मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जमिन, चौर तथा खेलमैदान व्यवस्थित मैदानको रुपमा विकसित भईसकेको छैन । यहाँका किसानहरू धेरै समय आफ्नो खेत बारीमा बिताउने गर्दछन् भने फुर्सदको समयमा उनिहरू त्यहाँको स्थानीय प्रकृतिमा रमाउने र आफ्नो पहुँचमा रहको मनोरञ्जनका क्रियाकलापहरू गर्ने गरेको पाइन्छ। गाउँपालिकामा रहेका खेलकुद मैदान सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५४** : रंगशाला, खेल मैदान, व्यायामशाला, पौडी पोखरी सम्बन्धी विवरण

| क्र. स | खेल मैदान | वडा नं. |
|---|---|---|
| १ | शंकरपुर खेल मैदान | ४ |
| २ | महादैया खेल मैदान | ३ |
| ३ | भगिरामपुर खेल मैदान | १ |
| ४ | बनखेत खेल मैदान | १ |

*स्रोत: विजयनगरनगर गाउँकार्यपालिकाको कार्यालय,२०८०*

गाउँपालिकामा रहेका पार्क तथा उद्यानहरू सार्वजनिक सम्पत्तिहरू हुन् । गाउँपालिकाको पर्यावरणीय प्रणालीलाई सुरक्षित गरी हरित क्षेत्रलाई प्रवर्द्धन गर्न यी क्षेत्रहरूको संरक्षण गर्नु आवश्यक छ। दैनिक नियमित कामकाजबाट पर रही मानसिक स्फूर्ति र स्वच्छताका लागि मनोरञ्जनको आवश्यकता पर्दछ। मनोरञ्जनका विभिन्न उपायहरूमध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो।

सार्वजनिक सम्पदाको रुपमा रहेका उद्यान, पार्क तथा खेलमैदानहरूको दिगो रुपमा संरक्षण विकास र विस्तार गर्न सके गाउँपालिकाको विकास र विस्तार हुँदै जाँदा यी क्षेत्रहरू पर्यावरणीय महत्वका हिसाबले अत्यन्त आवश्यक र महत्वपूर्ण हुन्छन्। यी क्षेत्रहरूलाई हरितक्षेत्रको रुपमा विश्रामस्थल तथा गाउँपालिकाको प्राकृतिक सुन्दरता कायम गर्न सहयोग गर्दछन्।

### ५.४.२ युवा क्लब सम्बन्धी विवरण

**तालिका नं. ५५** : गाउँपालिकामा रहेका युवा क्लब तथा खेलकुद क्लबको विवरण

| क्र.सं. | युवा क्लब तथा खेलकुद क्लबको नाम | वडा नं. | ठेगाना |
|---|---|---|---|
| १ | डायमण्ड यूवा क्लव | ६ | विजयनगर ६ खडैचा |

| क्र.सं. | युवा क्लब तथा खेलकुद क्लबको नाम | वडा नं. | ठेगाना |
|---|---|---|---|
| २ | द ब्राईट यूवा क्लव | ४ | विजयनगर ४ त्रिपालनगर |
| ३ | श्री मधनगरा यूवा क्लव | १ | विजयनगर १ मधनगरा |

*स्रोत: विजयनगर गाउँपालिकाको कार्यालय, २०८०*

## ५.५ कला, भाषा तथा संस्कृति

### ५.५.१ सार्वजनिक स्थल, पाटी, पौवा र चौतारा

पाटी, पौवा, धर्मशाला चौतारा तथा विश्रामस्थलहरू हाम्रा साँस्कृतिक चिनारी हुन् । यी परम्परागत संरचनाले हाम्रो पुर्ख्यौली संस्कृतिलाई प्रतिनिधित्व गर्दछन् । त्यसैले यी संरचनाहरूको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी भावी पुस्तालाई समेत हाम्रो परम्परा र संस्कृतिसँग परिचित गराउनु पर्दछ । यसो गरेको खण्डमा हाम्रो परम्परागत मौलिक पहिचान बच्दछ । विकासका आधुनिक संरचना बनाउने क्रममा हामीले मौलिक साँस्कृति सम्पदाको संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।

कसैको हक वा स्वामित्वमा नभएको परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक प्रयोगको स्थल वा सम्पत्ति नै सार्वजनिक सम्पत्तिहरू हुन । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पार्टी, पौवा तथा चौताराहरू बटुवाहरूका विश्रामस्थल (Refresh Center)वा थकान मेटाउने महत्वपूर्ण स्थलको रुपमा विकसित भएको र हाल यी स्थलहरू सार्वजनिक बहस र सामुदायिक अन्तरकृया हुने अनौपचारिक स्थलको रुपमा रहेका छन् भने सडक सञ्चालको समुचित विकास नभएको स्थानहरूमा यी विश्राम स्थलकै रुपमा प्रयोग हुँदै आइरहेका छन् । यस्ता क्षेत्रहरूको विकास र संरक्षण गर्ने दायित्व हामी सबैको हो ।

### ५.५.२ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दु धर्म मान्ने मानिसहरू रहेका छन् भने इस्लाम, क्रिश्चियन, बौद्ध धर्म मान्ने केही मानिसहरू पनि वसोबास गर्दछन । सबै जातजाति र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलन रहेका छन् । जसमा माघी, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैतेदशैं, साउने-माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशेऔंसी, बालाचर्तुदशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् । यस गाउँपालिकामा मनाईने स्थानीय चाडपर्व, जात्रा तथा मेला सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५६ :** स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

| क्र.सं. | चाडपर्व/जात्रा/मेला | कहिले मनाइन्छ | मनाउने जातजाति/समुदाय |
|---|---|---|---|
| १. | दशै, तिहार, तीज, माघी, होलीपूर्णिमा, कृष्णअष्टमी, लगायतका पर्वहरु | | हिन्दु |

| | | | |
|---|---|---|---|
| २. | इद तथा रमजान | वैशाख | मुस्लीम समुदाय |
| २. | माघी | माघ | थारु समुदाय |
| ३. | शिवरात्री, साउने संक्रान्ति, होली, चैतेदशैं | | |
| ४. | माघेसंक्रान्ति, तिज, कृष्णजन्माष्टमी | | हिन्दु |
| ५. | कृष्ण जन्मअष्टमी | भदौ | हिन्दु |
| ६. | शिवरात्री मेला | शिवरात्री | हिन्दु |
| ७. | शिवरात्री मेला | शिवरात्री | |
| ८. | माघी, अटवरी, | | |
| ९. | होली (फागु पूर्णिमा) | फाल्गुण | हिन्दु |
| १०. | क्रिसमस | | क्रिश्चियन धर्मावलम्बी |
| ११. | इद बकरइद | | मुस्लिम |

*स्रोतः गाउँकार्यपालिकाको कार्यालय, २०८०*

## ५.६ शान्ति तथा सुरक्षाको विवरण

संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेक राष्ट्रका नागरिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस गर्न पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपूर्ण भूमिका रहन्छ ।

गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी-डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकायमार्फत समाधान हुने गरेको पाइन्छ । यस गाउँपालिकामा वर्षभरिमा कुनै अप्रिय घटना घटेको दर्ता खासै गरिएको देखिदैन । गाउँपालिकामा सानातिना झैझगडा, कुटपिट, साँध, सिमानामा विवाद, चोरी डकैती, ठगी, घरेलु हिंसाका घटनाहरू यदाकदा हुने गरेको स्थानीयबासीको भनाई छ । यस गाउँपालिकाभित्र ६ स्थानमा सुरक्षा निकाय अड्डाहरु स्थापना भएका छन् जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.६.१ सुरक्षा निकायसम्बन्धी विवरण

**तालिका नं. ५७ :** गाउँपालिकामा रहेका प्रमुख सुरक्षा निकायहरुको विवरण

| क्र.सं. | सुरक्षा निकायहरूको नाम | रहेको स्थान |
|---|---|---|
| १. | इलाका प्रहरी कार्यालय गणेशपुर | विजयनगर ७ गणेशपुर |
| २. | बोडर आउटरपोष्ठ सशस्त्र प्रहरी डालपुर | विजयनगर ५ डालपुर |
| ३. | बोडर आउटरपोष्ठ सशस्त्र प्रहरी जबाबैराठ | विजयनगर १ जबाबैराठ |
| ४. | स्थायी प्रहरी चौकी पत्थरदेइया | विजयनगर ३ पत्थरदेइया |
| ५. | स्थायी प्रहरी चौकी खडैचा | विजयनगर ६ खडैचा |
| ६. | स्थायी प्रहरी चौकी ठाकुरापुर | विजयनगर ५ ठाकुरापुर |

*स्रोत: विजयनगरनगर गाउँकार्यपालिकाको कार्यालय, २०८०*

# परिच्छेद - ६: वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको अवस्था

विजयनगरगाउँपालिकाको कूल भू-भाग मध्ये उल्लेख्य क्षेत्र अर्थात ४८.३१ प्रतिशत भूभाग वनजंगलले ओगट्को छ । दिगो विकास लक्ष्यको लक्ष नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भू-क्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ। तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस गाउँपालिकामा वनजंगल क्षेत्रबाहेक रहेको बाँझो जमिन, नदीको किनारका बगरहरुमा व्यापक जनपरिचालन गरी बृक्षारोपण गरेमा गाउँपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सिमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ। त्यसैगरी भू-संरक्षणका हिसाबले अति संवेदनशील क्षेत्रहरुमा वृक्षारोपण, बाँध निर्माण, तारजाली, तटबन्ध तथा परम्परागत बाढी तथा डुवान नियन्त्रण र भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै भू-संरक्षणको प्रभावकारी उपाय वृक्षारोपण भएकोले सो कार्यलाई प्राथमिकतामा राख्नु अति आवश्यक छ ।

### ६.१.१ वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्वारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजी वन)

#### क. सामुदायिक वन

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वनलाई जनाउँछ । स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागी बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालयमार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वनपैदावारको आधारभूत आवश्यकता परिपूर्ति गर्ने रहेको थियो । तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिबी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरी महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिबी न्यूनीकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वनक्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग

प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीयस्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैरसरकारी संस्थाहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ ।

### क. राष्ट्रिय वन

राष्ट्रिय वन भन्नाले वातावरण सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र विक्रि वितरण गर्न तयार गरिएको वन सम्बन्धी कार्ययोजना भन्ने बुझिन्छ ।

राष्ट्रिय वन भन्नाले निजी वन बाहेक नेपाल भित्रको वन सिमाना लगाईएको वा नलगाईएको सबै वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेको बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेत जनाउँछ ।

### ख. चकला वन

चकला वन भन्नाले कम्तिमा पाँच सय हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग भन्ने बुझिन्छ ।

### ग. साझेदारी वन

साझेदारी वन भन्नाले डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग बुझिन्छ ।

### घ. धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनलाई सम्झनु पर्छ । यहाँ दर्ता भएका धार्मिक वनहरुको विवरण तपसिलमा उल्लेख गरिएको छ ।

### ङ. निजी वन

निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गा लगाई हुर्काइएको वा संरक्षण गरिएको वनलाई जनाउँछ । विजयनगर गाउँपालिकामा दर्ता भएका निजी वनको विवरण तल उल्लेख गरिएको छ ।

### छ. कबुलियति वन

कबुलियती वन भन्नाले (केही नेपाल संसोधन गर्ने ऐन, २०७५ द्वारा थप गरिएको समेत), विभिन्न उद्देश्य प्राप्तिका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था वन पैदावारमा आधारित कुनै उद्योग वा समुदायलाई कबुलियत गरी प्रदान गरिएको राष्ट्रिय वनलाई जनाउँछ । राष्ट्रिय वन ऐन, २(४) को परिच्छेद-६ मा उल्लेख भए अनुसारको राष्ट्रिय वनको भागलाई नै कबुलियती वन भनिन्छ । कबुलियती वन देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि छुट्याइएको हुन्छ :

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,
(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्रि वितरण गर्न वा उपयोग गर्न,
(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,
(घ) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,
(ङ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

## ६.१.२ वृक्षारोपणका लागि खाली स्थान सम्बन्धी विवरण

यस गाउँपालिकामा यहाँ सुरही खोला, नई खोला, सुख्खा खोला, चिरही खोला, गंगटे खोला, विसवा खोला लगायतका नदि तथा खोलाका किनारहरु, खेलमैदानका किनारहरू, सामुदायिक वन क्षेत्रहरू आदि वृक्षारोपणका लागि खाली स्थानका रूपमा रहेका छन् ।

## ६.१.३ जडिबुटी उत्पादन, संकलन तथा निकासी सम्बन्धी विवरण

### जडिबुटी सम्बन्धी विवरण

गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा सिउँडी, घ्युकुमारी, तुलसी, बाबरी, रिट्ठा, टिमुर, हर्रो, बर्रो, अमला, रुदिलो, तितेपाती आदि पाईन्छ । यी जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

**तालिका नं. ५८ :** विजयनगरक्षेत्रमा पाइने महत्वपूर्ण स्थानीय जडिबुटीहरू

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १. | अशोक | Asoka tree | *Saraca asoca* (Roxb.) De Wilde |
| २. | अश्वगन्धा | Aswagandha | *Withania somnifera* (Linn.) Dunal |
| ३. | असुरो | Malabar nut | *Adhatoda vasica* Nees |
| ४. | अदुवा | Ginger | *Zingibar officinale* Rose |
| ५. | आँक | Madar | *Calotropis procera* |
| ६. | आँप | Mango | *Mangifera indica* Linn. |
| ७. | डुम्री | Cluster fig | *Ficus gromerata* (Art) R.Br. |
| ८. | उशिर | Khaskhas grass | *Vertiveria zizanioidis* (Linn.) |
| ९. | ऐसेलु | Golden raspberry | *Rubus ellipticus Smith* |
| १०. | करेला | Bitter Gourd | *Memordia charantia* Linn. |
| ११. | कागती | Lemon | *Citrus eurantifolia* (Christm) Swingle |

| क.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १२. | काँस | Thatch grass | *Saccharum spontareum* Linn. |
| १३. | कुरिलो | Asparagus | *Asparagus racemosus* Willd. |
| १४. | कुश | Kus-grass | *Desmostachya bipinnata* Staff |
| १५. | केरा | Banana | *Musa parasiciaca* Linn. |
| १६. | गुर्जो | | *Tinosphora cordifolia* Willd Miers |
| १७. | गुलाफ | Rose | *Rosa sp.* |
| १८. | घण्टिफूल (बान्हमास) | China rose | *Hibiscus rosa-sinensis* Linn. |
| १९. | घोरथाप्रे | Water pennywort | *Centella asistica* (Linn.) Vrbm |
| २०. | ध्यूकुमारी | Aloe | *Aloe barbadensis* Mill |
| २१. | चरीअमिलो | India sorrel | *Oxalis carniculata* Linn. |
| २२. | चितु (चित्रक) | Leadwort | *Plumbago zeylaris* R.Br. |
| २३. | झुसे तिल | Nizer-seed | *Guizofia obysimia (L.F) Cass.* |
| २४. | टाप्रे | Ringworm plant | (Sickle senna) *Cessia tora L* |
| २५. | तिल | Sesamum | *Sesamum indicum* Linn. |
| २६. | तितेपाती | Mug-wort | *Artemisia vulgaris* Linn. |
| २७. | तुलसी | Holy basil | *Ocimum sanctum* Linn. |
| २८. | दुधेझार | | *Euphorbia thymifolia* L |
| २९. | दुबो | Conch grass | *Cynodon dactylon Pers* |
| ३०. | धतुरो | Datura | *Datura metel* Linn. |
| ३१. | धनिया | Coriender | *Corienfrum sativum* Linn. |
| ३२. | धगेरी | Fire flame bush | *Woodforbia fruiticosa* Kutz. |
| ३३. | सिमली (निर्गुण्डी) | Fire-leaved chaste | *Vitex negundo* Linn. |
| ३४. | नीम | Neem tree | *Azadhiracta indica* A.Juss |
| ३५. | पारिजात | Night Jusmine | *Nyctantanthes arbor-tristis* Linn |
| ३६. | पालुङ्गो | Spinas | *Spicia oleracea* Linn. |
| ३७. | पिप्ला | Long pepper | *Piper longum* Linn. |
| ३८. | पुदिन | Garden mint | *Mentha spicata* Linn. |
| ३९. | बकाइनो | China berry | *Melia azadhirach* Linn. |
| ४०. | बयर | Futhill jujube | *Zizyphus oenaplia (L.)Mill* |
| ४१. | बर्रो | Basrard | *Terminalia bellirica Roxb.* |
| ४२. | बाटुलपाते | | *Cissampelos pareira* Linn. |
| ४३. | विहीं | | *Solanum indicum Linn.* |
| ४४. | बेथे | Lambs quarters | *Chenopoidium album* L |
| ४५. | बेल | Bel | *Aegle marmelos* Crn. |

| क.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| ४६. | बोझो | Sweet flag | *Acorus calamus* Linn. |
| ४७. | भलायो | Marking nut | *Semecarpus anacardium* L. |
| ४८. | भृङ्गराज | | Elipta alba Hassk |
| ४९. | भूईं अमला | | *Phyllanthus urinaria* L. |
| ५०. | मुला | Radish | *Raphanus sativus* Linn. |
| ५१. | मेनकाँडा | Emetic nut | *Randia spinose* Poir |
| ५२. | मोथे | Nut Grass | *Cyperus rotundus* Linn. |
| ५३. | लज्जावती | Sensitive plant | *Mimosa pudica* Linn |
| ५४. | लसुन | Garlic | *Allium sativum* Linn. |
| ५५. | लाहा | Lac insect | Laccifer lacca Kerr. |
| ५६. | लुँडे | Pickly amaranth | *Amaranthus spinosus L.* |
| ५७. | वंशलोचन | Bamboo shoot | *Bambosa arundinacea* Willd. |
| ५८. | सर्पगन्धा | Serpentina | *Rauwolfia serpentine* Bethex Kurz |
| ५९. | सयपत्री | Marigold | *Tagetus erecta* Linn. |
| ६०. | सीमल | Silk cotton tree | *Bombax malaberium ceiba* L. |
| ६१. | सिधुरे | Kamala | *Mallotus Phillipinensis* Muell.Arg. |
| ६२. | सिस्नु | Neetle | *Urtica dioca* Linn. |
| ६३. | सुँप | Dill | *Anethum sowa* Kurz |
| ६४. | हर्रो | Chebulic myrobalan | *Terminalia chebula* Retz. |
| ६५. | हलेदो | Turmeric | *Curcuma longa* Linn. |

### ६.१.४ गाउँपालिकाका क्षेत्रबाट निकासी हुने वन पैदावरको विवरण

सामान्यतया: वनपैदावारको रुपमा प्रयोग हुने वस्तुहरू भनेका काठ, दाउरा, जडिबुटी आदि हुन् । वनको वैज्ञानिक व्यवस्थापन गरी वा हरितक्षेत्रको विकास गरी यस प्रकारका वन पैदावारहरूको व्यवसायिक उत्पादन तथा निकासी गरी आर्थिक उपार्जन गर्न सकिन्छ । विशेषगरी वनले ओगटेको क्षेत्रफल बढी भएको क्षेत्रहरूमा वनलाई नै स्थानीय विकासको मेरुदण्डको रुपमा लिन सकिन्छ ।

विजयनगर गाउँपालिकाबाट उत्पादन भएका वनपैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस गाउँपालिकाको आपूर्तिलाई पुऱ्याई जिल्लाभित्रकै अन्य क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ । यस गाउँपालिकामा काठ/दाउरा खपत मुख्य वनपैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाईसराई तथा शहरीकरणले आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ६.२ जलश्रोत तथा जलाधार क्षेत्र

यो गाउँपालिका यहाँ सुरही खोला, नई खोला, सुख्खा खोला, चिरही खोला, गंगटे खोला, विसवा खोला लगायतका नदि तथा खोलाहरूको जलाधारका आधार क्षेत्र हुन यसका साथै यहाँ रहेका मुरदहवा ताल, पुरैना ताल, सोगा ताल, जडमकुडवा ताल, पडरिया ताल, पौराना ताल, जलैहिया पोखरी, समयमाइ ताल, भवनी भिक्षु ताल, डगडौवा ताल, बघमरवा ताल लगायत ३० भन्दा बढि ताल तथा तलैयाहरु जलस्रोतको रुपमा रहेका छन् । गाउँपालिकामा भूमिगत जल, नदी, खोला नाला, पोखरी, कुलो आदि पनि मूख्य पानीका स्रोतका रूपमा रहेका छन् ।

### ६.२.१ प्रमुख नदी तथा खोलाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी नाला तथा खोलाहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता नदी तथा खोलाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिक रुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी/खोलामा भू-क्षय भई पुरिने क्रम जारी छ ।

**तालिका नं. ५९ :** गाउँपालिकामा भएका नदीनाला, खोला, ताल, पोखरी, सिमसार क्षेत्र, झरनाहरूको विवरण

| क. स | पालिकामा रहेका ताल तलैयाहरु | ठेगाना | ओगटेको क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|---|
| १. | मुरदहवा ताल | वडा न. १ | ३ |
| २. | पुरैना ताल | वडा न. १ | ५ |
| ३. | सोगा ताल | वडा न. १ | २ |
| ४. | जडमकुडवा ताल | वडा न. २ | २ |
| ५. | पडरिया ताल | वडा न. २ | २ |
| ६. | पौराना ताल | वडा न. २ | २ |
| ७. | जलैहिया पोखरी | वडा न. २ | १ |
| ८. | लोहरौला पोखरी | वडा न. २ | १ |
| ९. | समयमाइ ताल | वडा न. २ | २ |
| १०. | लालपुर पोखरी | वडा न. २ | २ |
| ११. | बाबली पोखरी | वडा न. २ | २ |
| १२. | मैनारी ताल | वडा न. ३ | १ |
| १३. | भवनी भिक्षु ताल | वडा न. ३ | १ |
| १४. | महदैया ताल | वडा न. ३ | १ |
| १५. | शंकरपुर ताल | वडा न. ४ | १३ |
| १६. | कुडउ ताल | वडा न. ४ | १ |

| क. स | पालिकामा रहेका ताल तलैयाहरु | ठेगाना | ओगटेको क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|---|
| १७. | डगडौवा ताल | वडा न. ४ | १ |
| १८. | महदेवा ताल | वडा न. ५ | १ |
| १९. | जुगनिया ताल | वडा न. ५ | १ |
| २०. | सिसवा भर्रा ताल | वडा न. ५ | ३ |
| २१. | बघमरवा ताल | वडा न. ५ | १ |
| २२. | बघमरी ताल | वडा न. ५ | १ |
| २३. | सोनही ताल | वडा न. ५ | ३ |
| २४. | जुडपनिया ताल पूर्व | वडा न. ६ | १ |
| २५. | जुडपनिया ताल उत्तर | वडा न. ६ | ४ |
| २६. | फनेरी पोखरी | वडा न. ६ | ९ |
| २७. | करजा ताल | वडा न. ६ | ३ |
| २८. | बद्धौर ताल | वडा न. ६ | ९ |
| २९. | मधुनगर ताल पूर्व | वडा न. ७ | ३ |
| ३०. | मधुनगर ताल उत्तर | वडा न. ७ | ३ |
| ३१. | डढेरी दुधरा ताल | वडा न. ७ | ६ |
| ३२. | सुरही खोला, | | |
| ३३. | नई खोला | | |
| ३४. | सुख्खा खोला | | |
| ३५. | चिरही खोला | | |
| ३६. | गंगटे खोला | | |
| ३७. | विसवा खोला | | |

*स्रोत: विजयनगर गाउँकार्यपालिकाको कार्यालय,२०८०*

## ६.३ जैविक विविधता र वातावरणीय सेवा

### ६.३.१ बासस्थानका आधारमा महत्वपूर्ण जनावर र चराचुरुङ्गीको विवरण

#### प्रमुख वन्यजन्तुहरूको विवरण

यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा, मृग, स्याल, दुम्सी, बादर, बदेल, चितुवा, स्याल, वन विरालो आदि रहेका छन् ।

#### प्रमुख चराचुरुङ्गीहरूको विवरण

यस पालिकामा पंक्षी प्रजातिमा, काँडे भ्याकुर, कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, कन्याङकुरुङ, सारस आदि छन् ।

### घस्रिने जीवजन्तुहरू

यस गाउँपालिकामा विशेष गरी घस्रिने जीवजन्तु अन्तर्गत सर्प, पानी सर्प, छेपारो, गोहोरा, सुन गोहोरो, कछुवा, भ्यागुता पाइन्छन् ।

### कीरा फट्याङ्ग्राहरू

पुतली, रात्रीचर पुतली, खवटे कीरा, फट्याङ्ग्रा, पतेरा, गाइनेकीरा, झ्याउँकीरी, लाही, किथिर्का, जुनकीरी, अरिगाल, मौरी, सिङ्गुस, माकुराहरु, सुलसुले, शंखेकीरा, माछा, अरिगाँठे, कनसुत्ले, आदि पाइन्छन् ।

## ६.३.२ महत्वपूर्ण वनस्पती विवरण

गाउँपालिकामा साल, सिमल, बाँझो, खिर्रो, खयर, रातोपाते, घीउकुमारी, हर्रो, बर्रो, अमला, रिठ्ठा, गुर्जो निम, तितेपाती, जीवन्ती/सुनगाभा, घोडटाप्रे, मजिठो, कंटकारी, बावियो, सिमली, आँक, केतुकी, वयर, रिट्ठा, सिन्दुरे, कुकुरडाइनो, जामुन, धाइरो, सिउँडी, सजिवन, मुसली, किम्बु, निउरो, कोइरालो लगायतका वनस्पतीका प्रजातिहरु पाइन्छन् ।

### जडिबुटी सम्बन्धी विवरण

गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा तुलसी, हर्रो, बर्रो, गुर्जो, निम, बकाइनो, जामुन, बाबरी, तितेपाती, आँक, कुरिलो । यी जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ६.३.४ स्रोत नक्शा



विजयनगर गाँउपालिका
नदी संजाल नक्सा
उ
दाङ जिल्ला
भा. र. त.
शिवराज न.पा.
कृष्णनगर न.पा.
Chimchime Khola
Chirai Khola
Jali Khola
Dhan Khola
Dhamile Khola
Bhaurisal Khola
Arra Nala
Chor Khola
Surai Khola
Bakram Khola
Kahara Khola
Jarai Khola
Sukla Khola
Paudha Khola
Biso Khola
H01
H17
संकेत सुचक
गाँउपालिका कार्यालय
नदीनाला
राष्ट्रिय राजमार्ग
वन क्षेत्र
खोलानाला तथा पोखरी क्षेत्र
वडा सिमाना
H01: महेन्द्र राजमार्ग
H17: हुलाकी राजमार्ग
Projection System: Modified UTM_81, Speroid : Everest 1830
Year 2021

## ६.४ विपद् जोखिम व्यवस्थापन

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भू-क्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन गर्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि तटबन्धनको व्यवस्था र ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, मानव र वन्यजन्तु बीचको द्वन्द्वले विभिन्न किसिमका मानविय घटनाहरु घट्ने गरेका छन् । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्वन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर र तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने, मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई न्यूनीकरण गर्नेतर्फ काम अगाडि बढाउनुपर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

### ६.४.२ विपद् प्रकोपबाट भएको मानवीय र भौतिक क्षतिको विवरण

यस गाउँपालिकामा बर्षातको समयमा बाढीले डुबान र कटान गरी मानवीय तथा भौतिक क्षति गर्ने गर्दछ। जसबाट बर्षेनी धेरै घरधुरीको भौतिक क्षति हुने गर्दछ। जग्गाजमीन कटान, माछापोखरीमा क्षति, पशुपन्छीमा क्षति, घरहरू आदिमा क्षति आदि समस्या हुने गर्दछ।

### ६.४.३ विपद्को किसिम अनुसार जोखिमको समय

**तालिका नं. ६० :** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १. | भूकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भूकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचारसंहिता पूर्ण रूपमा लागू नभएको | जुनसुकै समयमा |
| २. | बाढी | सुरही खोला, नई खोला, सुख्खा खोला, चिरही खोला, गंगटे खोला, विसवा खोला खोला लगायतका नदी खोला तथा खहरे खोलाहरुले वर्षातको समयमा खेतीयोग्य जमीन कटान तथा डुवानमा पारेको। बर्षेनी धेरै सङ्ख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३. | डढेलो | गाउँपालिकाको धेरै जसो भू–भागमा घनाबस्ती रहेका (सुकुम्वासी, बाढी विस्थापित) लगाएतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेका छन्। साथै डढेलोको समस्या पनि देखिन्छ। | चैत्र–जेष्ठ |
| ४. | महामारी | प्रकोपका रूपमा झाडापखाला लगायतका पानीजन्य रोग बढ्ने गरेको, स्रोतसाधन अभाव र जनचेतनाकमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५. | कोरोना भाइरस, वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु आदि | जुनसुकै समयमा |

| क स | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| ६. | जङ्गली जनावर आतंक | गाउँपालिकाका विभिन्न क्षेत्रहरु (वन जंगलका आसपासका क्षेत्रमा) (बाँदर, बँदेल, दुम्सी) आदिको आक्रमण तथा बदमासीको डर त्रास भईरहन्छ । | जुनसुकै समयमा |
| ७. | किट आतंक | जलवायु परिवर्तन, बढी विषादी प्रयोगका कारण लाभकारी चरा, किरा लोप आदि । | खेती मौसम |
| ८. | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, २०८०*

### ६.४.४ विपद् व्यवस्थापनको पूर्वतयारी

भौगोलिक जटिलताका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। नेपालमा २०७२ सालको महाभूकम्पको पीडा अझै ताजा नै छ। गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकामा विशेषगरी बाढी, नदी कटान, हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, सुख्खा खडेरी, डढेँलो जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन् । विगतमा भएको कोभिड-१९ तथा विभिन्न समयमा फैलने महामारीहरुले आर्थिक तथा अन्य क्षेत्रमा समेत गहिरो प्रभाव पारेको छ । यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिकाले विपद् तथा जलवायु उत्थानशिलता योजना २०७९, तयार गरी लागु गरेको, गाउँपालिकाले प्राकृतिक तथा मानविय कारणबाट हुनसक्ने विपत्तीका व्यवस्थापन गर्न तथा विपद्बाट पिडित नागरिकहरुलाई राहत तथा उद्धारका कार्यक्रम संचालन गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गर्ने नीति अगाडी सारेको, गाउँपालिकाले अग्नी नियन्त्रणका लागि छिमेकी पालिकासँग समन्वय गरी बारुणयन्त्रको आवश्यक परेको बखत सजिलै उपलब्ध गराउन सकिने वातावरण तयार गर्ने नीति अगाडी सारेको छ ।

### ६.४.५ आपतकालिन यातायात साधन सम्बन्धी विवरण

गाउँपालिकाको केन्द्रमा स्वास्थ्यसेवाहरुको पहुँच भएतापनि सवै वडाहरुको स्वास्थ्य संस्थाहरुवाट आपतकालीन स्वास्थ्यसेवाहरु पुऱ्याउन सकिरहेको अवस्था छैन । आपतकालिन अवस्थामा विरामीहरुलाई स्वास्थ्यसेवा उपलव्ध गराउनका पालिका भित्र २४ घण्टा सेवा सहित १ वटा एम्बुलेन्स सञ्चालनमा रहेको छ। अनियन्त्रीत डडेलोको प्रभाववाट यस गाउँपालिका अछुतो रहन सकेको छैन। त्यसकारण यस गाउँपालिकामा वरुणयन्त्रको आवश्यकता रहेको छ भने विभिन्न समुदायवाट आपतकालिन अवस्थामा सेवाप्रवाह गर्नका लागि विभिन्न वडाहरुमा आवश्यक एम्वुलेन्सको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद - ७: भौतिक विकासको अवस्था

## ७.१ यातायात पूर्वाधार

### ७.१.१ सडक संजालको विद्यमान अवस्था

कुनै पनि स्थानको भौतिक विकासको निम्ति सडक सञ्जाल प्रारम्भिक शर्त हो । सम्पुर्ण सुविधा सम्पन्न सडक यातायातको विकाससँगै समग्र विकासको ढोका खुल्दछ । स्थानीय तहको हकमा वडा केन्द्रहरूलाई पालिका केन्द्रसँग जोड्नु तथा पालिका केन्द्रलाई जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नु आवश्यक हुन्छ। गाउँबस्तीहरूमा कृषि सडकहरूको विकास र स्तरोन्नतिमार्फत् कृषि उत्पादनहरूको बजारीकरण गरी जनताको आर्थिक अवस्थालाई मजबुत बनाउन सकिन्छ । सुविधा सम्पन्न सडक सञ्जालमार्फत उद्योग तथा पर्यटनक्षेत्रको विकास गरी आर्थिक क्रान्ति संभव छ । यसको अलावा धार्मिक क्षेत्रहरूमा सडक सञ्जालमार्फत पहुँच पुऱ्याएर आन्तरिक तथा बाह्य पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।

२०५० को नक्सांकन कार्य गर्ने समयसम्म नेपालका पहाडी क्षेत्रमा सडकको अवस्था निकै कमजोर थियो । तर २०४६ को आम परिवर्तन पछि स्थानीय निकायलाई राष्ट्रिय कोषबाट रकम बिनियोजन गर्ने परिपाटी भए अनुसार ग्रामीणक्षेत्रमा पनि सडक बिस्तारको कार्यले गति लिन थाल्यो । तत्पश्चात सडक सञ्जालको बिस्तारमा ग्रामीणक्षेत्रले पनि फड्को मारेको छ। तर दुर्गम पहाडी भू-भागका कारण कतिपय त्यस्ता स्थलगत संरचनाको नक्सांकन कार्य हुन नसकेको र तथ्यगत सूचनाको अभावमा ती क्षेत्रहरूमा के कति सडक सञ्जालको बिस्तार भएको छ भन्न एकिन तथ्याङ्क उपलब्ध छैन । यही प्रसङ्गमा गाउँपालिका यातायात गुरुयोजनाः (Municipality Transport Master Plan- MTMP) को परिकल्पना हरेक नगर/गाउँ क्षेत्रको यातायात सञ्जालका तथ्यांकमा आधारित नक्सा र तथ्यको आधारमा गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको थियो । तर ग्रामीण बस्तीहरूमा त्यो पुगेको थिएन ।

### ७.१.२ सवारी सुविधा र रुट

विभिन्न स्थान र भौगोलिक क्षेत्रमा बस्ने जनताहरूको बीचमा आपसी सम्पर्क स्थापनाका लागि सार्वजनिक यातायातलाई सहज, प्रभावकारी, सुलभ र नियमित तुल्याउन रुटहरूको विकास जरुरी हुन्छ । विभिन्न रुटहरूमा यातायात सेवा सञ्चालनमा आएको खण्डमा यसले विभिन्न समुदाय र क्षेत्रलाई एकआपसमा जोडेर जनताको बीचमा एकताको भावना स्थापित गर्दछ ।

### ७.१.३ नगरक्षेत्रभित्र चल्ने सवारी साधन

हाल आएर नेपालका शहरी क्षेत्र र बजार केन्द्रहरूमा सडक यातायात अन्तर्गत लामो दुरीमा बस, मिनिबस तथा हायस, माईक्रो बस सञ्चालनमा आएका पाइन्छन् भने छोटो दुरीमा माईक्रोबस, टेम्पो, सिटी, ट्याक्सी, कार, रिक्सा, साईकल र मोटरसाईकलहरू रहेका छन् । यी सवारी साधनहरूमध्ये कतिपय निजी र कतिपय सार्वजनिक हुन्छन् ।

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैरकृषि क्षेत्रको विकास गर्न यातायात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ । यस गाउँपालिकामा मुख्यतया ट्रक, ट्रेक्टर, जिप, बस, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तरोन्नति गर्नुपर्ने

देखिन्छ । साथै सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तैः सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवासुविधाहरू व्यवस्थित रुपमा विकास गर्नुपर्ने देखिन्छ।

### ७.१.५ बसपार्क तथा बस विसौनी सम्बन्धी विवरण

बिजुली, पानी, यात्रु, प्रतिक्षालय, शौचालय, पब्लिक मोबाइल चार्जिङ स्टेशन लगायतका सुविधाहरू भएका बसपार्कको निर्माण गरी जनताको अवागमनलाई सहज बनाउन सकिन्छ । विकसित मुलुकहरूको अभ्यास हेर्दा बसपार्कहरूमा हेल्प डेस्क लगायत शान्तिसुरक्षाको उचित प्रबन्ध मिलाएको पाईन्छ । सुविधा सम्पन्न र सुरक्षित बसपार्कहरू निर्माण भएको खण्डमा यातायात सेवाको गुणस्तर वृद्धि हुन्छ । बसपार्कमा बनाइने संरचनाहरू अपाङ्गतामैत्री हुनुपर्दछ । यस गाउँपालिकाको केन्द्रमा मुख्य बसपार्क रहेता पनि व्यवस्थीत हुन नसकेको अवस्था छ । यसैगरी गाउँपालिकाका मुख्य बजारक्षेत्रहरूहरु बसबिसौनीको रुपमा रहेका छन् । यहाँ यात्रु प्रतिक्षालय तथा शौचालयको अभाव रहेको छ ।

## ७.१.७ स्रोत नक्सा



विजयनगर गाँउपालिका
सडक संजाल नक्सा
उ
दाङ
जिल्ला
शिवराज
न.पा.
भा. र. त.
कृष्णनगर न.पा.
संकेत सुचक
गाँउपालिका कार्यालय
वडा कार्यालय
राष्ट्रिय राजमार्ग
ग्रामिण सडक
कृषि क्षेत्र
वन क्षेत्र
उद्योग क्षेत्र
सार्वजनिक क्षेत्र
सांस्कृतिक तथा पुरातत्व क्षेत्र
आवास तथा बजार क्षेत्र
खोलानाला तथा पोखरी क्षेत्र
वडा सिमाना
H01
H17
Projection System: Modified UTM_81, Speroid : Everest 1830
Year 2021

## ७.२ विद्युत् तथा वैकल्पिक उर्जा

केही सिमित दुर्गम क्षेत्रका विपन्न घरहरूमा विद्युतीकरण नभए तापनि त्यसको सङ्ख्या नगन्य रहेकाले विद्युतीकरणमा ठूलो लगानी गर्नुपर्ने अवस्था छैन । तथापि प्रशारण लाइनको सुदृढीकरणका लागि भने प्रशस्त काम गर्नुपर्ने देखिन्छ । विद्युत् प्रशारण लाईन सुधारमा सर्वप्रथम काठका पोलहरू पक्की वा फलामका पोलहरूले विस्थापन गर्नुपर्ने देखिन्छ भने Low Voltage हुने स्थानहरूमा ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ ।

विद्युतसेवा बाहेक वैकल्पिक र नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि ठोस कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । पशुपालन हुने क्षेत्रमा गोबरग्याँस निर्माणमा प्रोत्साहन र अनुदान दिने र अन्य दुर्गम तथा सुगम दुवै क्षेत्रमा सौर्य ऊर्जा जडान गर्न सके त्यसबाट ऊर्जाको नियमित आपूर्ति हुनुको साथै थप विकासका क्रियाकलापहरूलाई ऊर्जाको सदुपयोगमार्फत गति दिन सकिन्छ । सौर्य ऊर्जाबाट लिफ्ट सिँचाइ खानेपानी आयोजना सञ्चालन गर्न गार्हस्थ उपभोगका निम्ति प्रयोग गरी बढी भएको ऊर्जालाई राष्ट्रिय प्रशारण लाइनमा विक्री समेत गर्न सकिन्छ ।

सामान्तया: एउटा सामान्य परिवारले दैनिक २ किलोवाट विद्युत खपत गर्दछ । त्यसमा पनि यो उपभोगको मात्रा ग्रामीण भेगहरूमा त्यो भन्दा न्यून हुन्छ । १७.६ वर्ग फिटको सोलार प्यानलले २५० बाट विद्युत उत्पादन गर्दछ । दिनभर करिब ६.८ घण्टा सुर्यको किरणबाट २५० वाट X ६.८ घण्टा गर्दा १.७ किलोवाट विद्युत निस्कन्छ । १.७ किलोवाट X ३० दिन उत्पादन गर्दा महिनामा ५१ किलोवाट विद्युत उत्पादन हुन सक्दछ ।

यसको अर्थ ६०० वर्ग फिट ओगट्ने घरबाट

$$५१ \text{ कि.वा.} \times \frac{६००}{१७.६} = १७३८ \text{ कि.वा.}$$

यसको अर्थ ६०० वर्गफिट ओगट्ने घरमा सौर्यऊर्जा जडान गर्दा सो घरलाई पुग्ने ऊर्जा उत्पादन गर्न सकिन्छ । यद्यपि, ग्रामीण घरहरू सौर्य ऊर्जा उत्पादनमैत्री बनाउनुपर्ने हुन्छ । अर्कोतर्फ पानीका सदाबहार स्रोतहरू भएको र जलाशयमा आधारित विद्युतको समेत सम्भावना अध्ययन गरी लघुविद्युत योजनाहरू सञ्चालन गर्न सकिन्छ । यसरी उत्पादित विद्युत बढी भएको खण्डमा राष्ट्रिय प्रशारण लाइनमा बेच्न सकिन्छ । हालसम्म समेत काठ दाउरालाई खाना पकाउने मुख्य इन्धनको रूपमा प्रयोग गर्ने घरपरिवार धेरै भएकाले काठदाउरा विस्थापन गर्न विद्युत तथा सौर्य ऊर्जाले सहयोग पुऱ्याउन सक्दछ । यसबाट वातावरण संरक्षणमा समेत टेवा पुग्दछ । तसर्थ गाउँपालिकाका विभिन्न वडामा विद्युत प्रशारण लाईन मर्मतसंभार तथा सुधार, ट्रान्सफर्मर जडान, वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

### ७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)

**तालिका नं. ६१** : खाना पकाउने मुख्य इन्धनको आधारमा घरपरिवारको विवरण

| वडा | काठ, दाउरा, कोइला | एलपी ग्याँस | मट्टितेल | विद्युत | बायो ग्याँस | गोबर/गुइठा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ९१० | ३४ | ० | ७ | ० | १ | ९५२ |
| २ | ९१० | १५४ | ० | ९ | ७ | २६ | ११०६ |
| ३ | ९५७ | २०५ | ० | ४ | ३ | ० | ११६९ |

| वडा | काठ, दाउरा, कोइला | एलपी ग्याँस | मट्टितेल | विद्युत | बायो ग्याँस | गोबर/गुइठा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ४ | ८०९ | २३६ | ० | ५ | २० | ० | १०७० |
| ५ | ७५३ | ७३ | ० | ६ | ० | १ | ८३३ |
| ६ | ६७९ | १२९ | १ | ३ | ३० | ११ | ८५३ |
| ७ | ९२८ | १२५ | ० | १ | १५ | ७ | १०७६ |
| जम्मा | ५९४६ | ९५६ | १ | ३५ | ७५ | ४६ | ७०५९ |
| प्रतिशत | ८४.२ | १३.५ | ०.०१ | ०.५ | १.०६ | ०.६५ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८*

नेपाल जलस्रोतको धनी देश भएतापनि यसको सदुपयोग हुन नसकिरहेको कारण शहर र ग्रामीण ईलाकामा ऊर्जा संकट व्याप्त छ। नेपालको पहाडी तथा हिमाली क्षेत्रमा अहिले पनि ठुलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रुपमा काठ/दाउरा/कोइलाको प्रयोग गर्दछन् भने तराई क्षेत्रमा गुइँठाको प्रयोग व्यापक रूपमा भईरहेको छ।

यस विजयनगर गाउँपालिकाको कुल घरपरिवारहरूमध्ये खाना पकाउनका लागि ५,९४६ अर्थात् ८४.२ प्रतिशतले काठ/दाउरा/कोइला, ९५६ अर्थात् १३.५ प्रतिशतले एल.पी. ग्यासको प्रयोग गर्दछन्। त्यसैगरी मट्टितेलको प्रयोग गर्ने परिवारको संख्या १ अर्थात ०.०१ प्रतिशत, बिजुलीको प्रयोग गर्ने परिवारको संख्या ३५ अर्थात ०.५ प्रतिशत, बायो ग्याँस प्रयोग गर्नेको संख्या ७५ अर्थात १.०६ प्रतिशत, गोबर/गुईठाको प्रयोग गर्नेको संख्या ४६ अर्थात ०.६५ प्रतिशत रहेको छ। स्थानीयहरूले अधिकांश काठदाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्कोतर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्याउनुका साथै समय समेत बढी खर्च हुने देखिन्छ। तसर्थ ग्रामीण भेगहरूमा वैकल्पिक उर्जाको उत्तम उपायको रुपमा गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आयआर्जनका कार्यक्रमहरूमा केन्द्रीत गरी गाउँपालिकाबासीलाई काँठ दाउराको विकल्पतर्फ लैजानुपर्ने देखिन्छ। जसको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



दिगो विकासको अवधारणाअनुसार पर्यावरणीय सन्तुलन बनाई राख्न मानिसको उपभोग शैलीमा परिवर्तन गर्नु अपरिहार्य छ। उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७ प्रतिशत रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३० प्रतिशत मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ एल.पी. ग्याँस प्रयोगलाई १८ प्रतिशत (२०१५) बाट ३३ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको छ । यसै राष्ट्रिय लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाका नीति तथा कार्यक्रमहरूलाई त्यसतर्फ उन्मुख बनाउनु आवश्यक छ।

## ७.२.२ बत्ती बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार

यस गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मतसंभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। घरधुरी सर्भेक्षण, २०७९ को नतिजा अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ।

**तालिका नं. ६२ :** दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा | बिजुली | सोलार | मटितेल | बायोग्याँस | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ८७३ | ४५ | २९ | ० | ५ | ९५२ |
| २ | १००५ | ९ | १३ | ५ | ७४ | ११०६ |
| ३ | १०३० | १६ | ५१ | २ | ७० | ११६९ |
| ४ | १०२३ | ८ | ३ | २ | ३४ | १०७० |
| ५ | ६४६ | २२ | १४५ | १ | १९ | ८३३ |
| ६ | ७८१ | २० | २२ | ३ | २७ | ८५३ |
| ७ | ८९६ | ५० | ७७ | ६ | ४७ | १०७६ |
| जम्मा | ६२५४ | १७० | ३४० | १९ | २७६ | ७०५९ |
| प्रतिशत | ८८.६ | २.४ | ४.८ | ०.३ | ३.९ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८*

गाउँपालिकामा घरपरिवारहरूले दैनिक बत्ती बाल्न प्रयोग गर्ने इन्धनको स्रोत विश्लेषण गर्दा गाउँपालिकाका कुल ७,०५९ घरपरिवारहरूमध्ये ६,२५४ अर्थात ८८.६ प्रतिशतले विद्युत, १७० अर्थात २.४ प्रतिशतले सोलार, ३४० अर्थात ४.८ प्रतिशतले मट्टितेल, १९ अर्थात ०.३ प्रतिशतले बायोग्याँस र २७६ अर्थात ३.९ प्रतिशतले अन्य इन्धनको स्रोत प्रयोग गर्ने गरेको पाईयो। जसको वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




### ७.२.३ जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाट विद्युत उत्पादन विवरण

नेपालमा निजी, सरकारी तथा अन्तराष्ट्रिय लगानीमा विद्युतीकरणका प्रयासहरू भईरहेका भएतापनि कतिपय नीतिगत अस्पष्टता, प्राविधिक कठिनाई, राजनैतिक अस्थिरता र कडा अनुगमन प्रणालीको अभावजस्ता कारणले तीब्र गतिमा विद्युतीकरण हुन सकिरहेको छैन । ग्रामीण विद्युतीकरण, लघु जलविद्युत आयोजना तथा बृहत जलविद्युत परियोजना सञ्चालन गरेर देशमा निर्वाहमुखी मात्र होइन कि निर्यातमुखी उत्पादन गरी ऊर्जा संकट समाधान गर्नुको साथै विदेशी मुद्रा आर्जन गर्न सकिने प्रचुर संभावना नेपालसँग छ । यसका लागि लगानीमैत्री वातावरणको आवश्यकता छ ।

### ७.२.४ वैकल्पिक ऊर्जा (लघु जलविद्युत, सोलार, बायोग्याँस, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार

पेट्रोलियम पदार्थमाथिको निर्भरतालाई घटाउँदै नवीकरणीय वैकल्पिक ऊर्जाको प्रयोगमा व्यापकता ल्याउन सकेको खण्डमा पर्यावरणीय सन्तुलनलाई कायम राख्न मद्दत पुग्दछ । डिजेल, पेट्रोल, मट्टितेल जस्ता पदार्थको उत्पादन नेपालमा नहुने भएका कारण वर्षेनी अरबौं रूपैयाँ हामीले पेट्रोलियम पदार्थको आयातमा खर्चिनु परेको छ । तेस्रो विश्वको एक भू-परिवेष्ठित विकासोन्मुख देश नेपालका लागि यो वैदेशिक व्यापार घाटाको एक प्रमुख कारण हो । हामीले आयात प्रतिस्थापन र निर्यात प्रवन्धको नीतिलाई व्यवहार प्रभावकारी तरिकाले उतार्न नसकिरहेको परिप्रेक्षमा वायू ऊर्जा, सौर्य ऊर्जा, विद्युत ऊर्जा तथा बायो ग्याँसको विकासमार्फत ऊर्जाको श्रोतमा हामी आत्मनिर्भर बन्न सक्छौं । त्यसैले नेपालको हकमा स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकारले नवीकरणीय वैकल्पिक ऊर्जाको विकासमा आवश्यक नीति निर्माण गरी काम गर्नु पर्दछ ।

## ७.३ सञ्चार तथा प्रविधि

एक्काईसौं शताब्दीको भूमण्डलीकृत समाज सूचना र सञ्चारको युगमा छ । सूचना र सञ्चारको क्षेत्रमा आएको क्रान्तिलाई नेपालको शहरी क्षेत्रले लगभग आत्मसाथ गरिसकेको भएतापनि ग्रामीण क्षेत्रमा टेलिभिजन, पत्रपत्रिका, ईन्टरनेट, टेलिफोन, मोबाइल र कुरियर सेवा विस्तार हुन बाँकी छ । सञ्चार र प्रविधिका यी माध्यमहरूको पूर्णरूपले विकास गरी ग्रामीण जनतालाई सूचना र सञ्चारको दुनियाँमा प्रवेश गराउनु चुनौतीपूर्ण रहेको छ । नेपालको संविधानले जनताको सूचनाको हकलाई मौलिक हकको रुपमा परिभाषित गरेको छ । विजयनगरगाउँपालिकामा उपलव्ध भएका सञ्चार तथा प्रविधिको विवरण निम्न प्रकार रहेका छन् । यहाँ NCELL र NTC मार्फत संचारका माध्यमहरु संचालित छन् । यसका साथै डिसहोम मार्फत

टेलिभिजन च्यानलहरु संचालित रहेका साथै विभिन्न इन्टरनेट कम्पनीमार्फत इन्टरनेट सेवा विस्तार भएको छ ।

### ७.३.१ रेडियो स्टेशन सम्बन्धी विवरण

यस गाउँपालिकामा एक मात्र रेडियो स्टेशन संचालनमा रहेको छ ।

### ७.३.२ आधुनिक सुविधामा पहुँच सम्बन्धी विवरण

**तालिका नं. ६३ :** परिवारमा भएको साधन तथा सुविधाको विवरण (बहुउत्तरमा आधारित)

| विवरण | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| रेडियो सुविधा | ११५ | २९३ | १२५ | ३४२ | २७ | १४५ | १०७ | ११५४ |
| टेलिभिजन | १०८ | २३८ | १९७ | ३४६ | ६७ | १८० | २१७ | १३५३ |
| ल्याण्डलाइन टेलिफोन | १ | ४ | ३ | १ | ६ | ६ | १ | २२ |
| मोबाइल फोन (साधारण) | ७०३ | ८४४ | ८६९ | ७९३ | ५१९ | ६४९ | ८३५ | ५२१२ |
| स्मार्ट मोबाइल फोन | ४९७ | ६३० | ७०१ | ५१९ | ३९० | २४८ | ४९४ | ३४७९ |
| कम्प्युटर/ल्यापटप | ३ | ४० | ३३ | ४४ | २३ | २३ | २१ | १८७ |
| इन्टरनेट सुविधा | १२३ | २७० | १२० | ४२६ | ९८ | ७२ | २१७ | १३२६ |
| कार/जीप/भ्यान | १ | १३ | ७ | १० | ३ | ६ | २१ | ६१ |
| मोटरसाइकल/स्कुटर | १४५ | २४७ | २७२ | २५२ | २२८ | १७९ | ३१४ | १६३७ |
| साइकल | ६७७ | ८७० | ८८४ | ८२८ | ५९१ | ६२४ | ८१४ | ५२८८ |
| विद्युतीय पंखा | ५६१ | ७४४ | ८०९ | ८१५ | ३७२ | ४४८ | ६९३ | ४४४२ |
| रेफ्रिजरेटर | ३७ | १०९ | १३३ | १९२ | २४ | १०२ | १०७ | ७०४ |
| वाशिङ्ग मशिन | १ | ५ | २१ | ५ | ३ | २ | १४ | ५१ |
| एयर कन्डिसनर | ० | ० | ५ | ४ | १ | १ | ५ | १६ |
| कुनै पनि सुविधा नभएको | ५६ | ६२ | ५५ | ४६ | ८४ | ४८ | ७४ | ४२५ |
| कम्तीमा एउटा सुविधा भएको | ८९६ | १०४४ | १११४ | १०२४ | ७४९ | ८०५ | १००२ | ६६३४ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८*

साधन तथा सेवा सुविधाको आधारमा गाउँपालिकामा साइकल सुविधा उपलब्धता भएको घरपरिवारको संख्या उच्च रहेको देखिन्छ। गाउँपालिकाका कुल घरपरिवारहरूमध्ये ५,२८८ घरपरिवारमा साइकल भएको देखिन्छ । दोस्रोमा मोबाइल फोन (साधारण) हुने परिवारको संख्या ५,२१२ रहेको छ । मोटरसाइकल,स्कुटर भको परिवारको संख्या १,६३७ रहेको छ। यसैगरी विद्युतीय पंखा हुने परिवारको संख्या ४,४४२ रहेको छ।

समग्रमा तथ्याङ्कलाई हेर्दा संचारक्षेत्रको प्रमुख मोबाइल तथा ईन्टरनेट सेवामा वृद्धि हुँदै गएको देखिन्छ। मोबाइल प्रयोगकर्ताले सबै खाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सूचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न सहज हुने भएकोले मोबाइलको तुलनामा टेलिभिजन, रेडियो प्रयोगकर्ता घटिरहेको देखिन्छ। अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजरजस्ता उच्च सुविधाका सामाग्रीहरूको संख्या कम देखिन्छ । यद्यपि, ग्रामीण इलाकाहरूमा समेत क्रमशः आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भईरहेको देखिन्छ । वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.४ आवास तथा भवन

### ७.४.१ छानोको प्रकारका आधारमा घरधुरी

**तालिका नं. ६४ :** छानोको आधारमा घुरधुरीको विवरण

| वडा | खर/पराल/ छ्वाली | जस्ता/टिन | टायल/खपडा/ झिँगटी/ढुङ्गा | सिमेन्ट/ ढलान | टायल | काठ/फल्याक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २६९ | ३८४ | २७६ | १८ | २ | १ | २ | ९५२ |
| २ | १४२ | ७०२ | २३० | २८ | ३ | ० | १ | ११०६ |
| ३ | १७४ | ७३५ | १९७ | ५१ | २ | ९ | १ | ११६९ |
| ४ | ३६० | ४८१ | २१९ | ९ | ० | ० | १ | १०७० |
| ५ | ९१ | ४६३ | २०५ | ६३ | ५ | ६ | ० | ८३३ |
| ६ | १८६ | ३९७ | २४७ | १७ | १ | ५ | ० | ८५३ |
| ७ | १०७ | ७५१ | १८१ | २९ | १ | ३ | ४ | १०७६ |
| जम्मा | १३२९ | ३९१३ | १५५५ | २१५ | १४ | २४ | ९ | ७०५९ |
| प्रतिशत | १८.८३ | ५५.४३ | २२.०३ | ३.०५ | ०.२० | ०.३४ | ०.१३ | १०० |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७८*



यहाँका जम्मा घरधुरी ७,०५९ मध्ये जस्तापाता/टिनको छानो भएको घरमा बसोबास गर्ने परिवार संख्या सबैभन्दा बढी अर्थात ३,९१३ अर्थात ५५.४३ प्रतिशत रहेको छ । टायल/ झिँगटी/खपडा/ढुंगाको छानो भएको घरमा बसोबास गर्नेको संख्या १,५५५ अर्थात २२.०३ प्रतिशत रहेको छ। साथै खर/पराल/ छ्वाली गरेको छानो भएको घरमा बसोबास गर्ने परिवार संख्या १,३२९ अर्थात १८.८३ प्रतिशत रहेका छन् । यसैगरी सिमेन्ट/ढलान, काठ, ढुंगा, स्लेट लगायतको छानो भएको घरमा बसोबास गर्नेको संख्या नगण्य रहेको पाइन्छ ।

### ७.४.२ गाउँपालिकाका अन्तर्गतका सरकारी भवन सम्बन्धी विवरण

स्थानीय तहले पालिका कार्यालय भवन, वडा कार्यालय भवनहरू तथा अत्यावश्यक अन्य सरकारी भवनहरू आफ्नै जग्गामा अथवा नेपाल सरकारबाट प्राप्त जग्गामा निर्माण गरी कार्यसम्पादनलाई चुस्तदुरुस्त र प्रभावकारी बनाई जनतालाई सरकारको उपस्थितिको आभास दिलाउनु आवश्यक हुन्छ । यस्ता प्रकारका स्थायी संरचनाहरूको निर्माण भएपछि संघीयताले संस्थागत रूप धारण गर्दै जान्छ ।

संघीय शासन प्रणाली अन्तर्गत निर्माण भएका स्थानीय तहमा आवश्यक भौतिक संरचनाहरू निर्माण गरी स्थानीय सरकारको कार्यक्रमहरू सञ्चालन हुनुपर्ने मान्यता अनुरुप गाउँपालिका/गाउँपालिकाको आफ्नै सामुदायिक भवन तथा सभाहल हुनु आवश्यक छ । यस गाउँपालिकामा भएका सामुदायिक भवनहरु तथा सभाहल सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ । विजयनगर गाउँपालिकाको कार्यालय, गाउँपालिकाका सबै वडाका वडा कार्यालयहरु, गुगौली स्वास्थ्य चौकी, विष्णुपुर स्वास्थ्य चौकी, पिपरी स्वास्थ्य चौकी, गणेशपुर स्वास्थ्य चौकी, आयुर्वेद औषधालय विजयनगर लगायतका सार्वजनिक भवनहरु पक्की अवस्थामा रहेका छन् भने बाँकी सार्वजनिक भवन तथा संरचना निर्माणका सन्दर्भमा गाउँपालिकाले प्राथमिकताका साथ कार्यगरिरहेको अवस्था छ ।

### ७.४.३ गाउँपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दुरी

सडक यातायात सुविधाको विस्तार तथा सडकहरूको स्तरोन्नती गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसम्म जोड्नु आवश्यक छ। सडक सञ्जालको विकास भएमात्र उद्योग, बन्द व्यापारको विकासका साथै कृषिको आधुनिकीकरण र कृषि उत्पादनको बजारीकरण संम्भव छ। ग्रामीण इलाकाका सडकहरू वर्षायामको बेलामा हिलाम्य हुने भएका कारण ती सडकलाई **"फेयर वेदर सडक"** का रुपबाट **"अल वेदर"** सडकको रुपमा स्तरोन्नती गरी वडा केन्द्रहरूलाई गाउँपालिका केन्द्रसँग जोडेर जिल्ला सडक हुँदै राष्ट्रिय राजमार्ग प्रणालीमा जोड्नुपर्ने हुन्छ ।

### ७.४.४ पशु वधशालाको विवरण

स्थानीय सरकारले जनस्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर काम गरेको खण्डमा स्वस्थ्य, निरोगी र सकारात्मक सोच भएका नागरिकहरूको उत्पादन भई उनीहरूले विकास, निर्माण र सेवाका क्षेत्रमा योगदान पुऱ्याउन सक्छन् । त्यसकारण आधुनिक प्रविधियुक्त सफा पशु बधशालको निर्माण गरी जनताको खाद्य सुरक्षाको अधिकारलाई सुनिश्चित गर्दै स्थानीय सरकारले मासुजन्य पशुपन्छीको वध गर्नुभन्दा पहिले निश्चित मापदण्ड पुरा गर्नुपर्ने नीति निर्माण गरी कार्यान्वयन गर्नु बाञ्छनीय देखिन्छ । विजयनगरगाउँपालिकाभित्र व्यवस्थित पशुबधशाला नरहेको अवस्था छ। पशुहरूलाई फ्रेसहाउसहरू तथा खुल्ला स्थानहरूमा बध गर्ने गरिन्छ ।

### ७.४.५ शवदाहस्थल सम्बन्धी विवरण

नेपालमा आफ्नो धार्मिक परम्परा अनुसार मृत्यु संस्कार गर्ने चलन परापूर्व कालदेखि नै चलिआएको छ । हरेका गाउँपालिकामा तथा हरेक समुदायको आ-आफ्नो धर्म र संस्कृति अनुसार शवदाहस्थल र चिहान व्यवस्थापन एक महत्वपूर्ण र संवेदनशील विषय र आवश्यकता हो । भावनात्मक अर्थ समेत बोकेको यो विषयलाई कुनै पनि योजनाले समयमै सम्बोधन गर्नुपर्दछ । अन्यथा अव्यवस्थित दाहसंस्कार गरिनुले गाउँपालिकाको पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक व्यवस्थामा चुनौती थपिन्छ । परम्परागत रुपमा सञ्चालनमा रहेका शवदाहस्थल र चिहानलाई भविष्यमा सहज र व्यवस्थित बनाउनु पर्दछ । आवश्यक स्थानमा शवदाहस्थल तथा चिहानको व्यवस्थापनका लागि आश्रयस्थल बनाउने, तथा काठ दाउराको व्यवस्थापन, मृत्यु संस्कारका लागि आवश्यक सामाग्रीहरू उपलब्ध हुनेगरी पूजा पसल व्यवस्थापन आदि कुराहरू गाउँपालिकाले गर्नुपर्ने हुन्छ ।

# परिच्छेद - ८: संस्थागत तथा सुशासनको स्थिति

## ८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था

### ८.१.१ गाउँपालिकाको संगठनात्मक ढाँचा: संगठनात्मक सर्वेक्षणमा रहेको प्रस्तावित संगठन तालिका

| क.सं. | पद | तह | सेवा | समूह | जम्मा कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | |
| २. | इन्जिनियर | ७/८ औं | इन्जिनियर | सिभिल | १ | |
| ३. | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | १ | |
| ४. | अभिकृत | ७/८ औं | प्रशासन | लेखा | १ | |
| ५. | अधिकृत | ७/८ औं | कृषि | | १ | |
| ६. | अधिकृत | ६/७ औं | प्रशासन | सा.प्र. | ३ | |
| ७. | अधिकृत | ६/७ औं | कानुन | | १ | |
| ८. | हे.अ. | ६/७ औं | स्वास्थ्य | हे.ई. | १ | |
| ९. | सूचना प्रविधि अधिकृत | ६/७ औं | विविध | | १ | |
| १०. | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | १ | |
| ११. | सहायक | ५ औं | प्रशासन | सा.प्र. | ९ | |
| १२. | सब-इन्जिनियर | ५ औं | इन्जिनियर | सिभिल | १ | |
| १३. | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | १ | |
| १४. | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | १ | |
| १५. | महिला विकास निरिक्षक | ५ औं | विविध | | १ | |
| १६. | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | २ | |
| १७. | प्रा.स. | ५ औं | कृषि/पशु | | २ | |
| १८. | सहायक | चौथो | प्रशासन | सा.प्र. | ५ | |
| १९. | सहायक क.अ. | चौथो | विविध | | १ | |
| २०. | स. महिला विकास निरिक्षक | चौथो | विविध | | १ | |
| २१. | ना.प्र.स. | चौथो | कृषि/पशु | | २ | |
| २२. | खा.पा.स.टे. | चौथो/पाँचौं | इन्जिनियर | सिभिल | १ | |
| | **जम्मा** | | | | **३९** | |

### वडा कार्यालय तर्फ (७ वटा वडा)

| क्र.सं. | पद | तह | सेवा | समूह | जम्मा कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सहायक | ४/५ औं | प्रशासन | सा.प्र. | ७ | |
| २. | अ.सव-इन्जिनियर/सव-इन्जिनियर | ४/५ औं | इन्जिनियर | सिभिल | ७ | |
| ३. | सहायक कम्प्यूटर अपरेटर | चौथो | विविध | | ७ | |
| | **जम्मा** | | | | २१ | |

### स्वास्थ्य चौकी

| क्र.सं. | पद | तह | सेवा | समूह | जम्मा कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत हेअ/अहेव | ६ औं | स्वास्थ्य | हे.ई. | १ | |
| २. | अ.हे.व. | ५ औं | स्वास्थ्य/हे.ई. | हे.ई. | २ | |
| ३. | अ.न.मी. | चौथो | स्वास्थ्य/क.न. | ज.न. | १ | |
| ४. | अ.हे.व. | चौथो | स्वास्थ्य/हे.ई. | ल्याव | १ | |
| | **जम्मा** | | | | ५ | |

### आधारभूत स्वास्थ्य केन्द्र

| क्र.सं. | पद | तह | सेवा | समूह | जम्मा कायम दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अ.हे.व. | ५ औं | स्वास्थ्य/हे.ई. | हे.ई. | १ | |
| २. | अ.न.मी. | चौथो | स्वास्थ्य/क.न. | ज.न. | १ | |
| | **जम्मा** | | | | २ | |

## ८.१.२ गाउँपालिकाको विगत ३ आर्थिक वर्षको आय विवरण

| क्र.सं. | शिर्षक | रकम रू. हजारमा | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४को प्रक्षेपण | |
| १. | राजश्व | ६४४,९०४,५७१ | ५५९,९०८,००० | ६१५८९८८००० | ६७७४८८६८००० | ७४५२३७५४८०० | |
| (क) | आन्तरिक राजश्व | १८२,४५८,५७१ | १६७५४७००० | १८४३०१७००० | २०२७३१८७००० | २२३००५०५७०० | |
| (ख) | राजश्व बाँडफाँडबाट प्राप्त रकम | १५८१४९००० | १४६४८७००० | १६११३५७००० | १७७२४९२७००० | १९४९७४१९७०० | |
| २. | अनुदान | | | ० | ० | ० | |
| २.१ | संघीय सरकार | ४२५,२३७,००० | ३६७,५००,००० | ४०४२५००००० | ४४४६७५००००० | ४८९१४२५०००० | |

| क्र.सं. | शिर्षक | रकम रू. हजारमा | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०७९/०८० को यथार्थ | आ.व. २०८०/०८१ को अनुमान | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४का े प्रक्षेपण | |
| २.१.१ | वित्तिय समानिकरण अनुदान | १३३,५००,००० | ११४४००००० | १२५८४००००० | १३८४२४००००० | १५२२६६४०००० | |
| २.१.२ | सशर्त अनुदान | २४०,७३७,००० | २१८१००००० | २३९९१००००० | २६३९०१००००० | २९०२९११०००० | |
| २.१.३ | समपूरक अनुदान | ३४,०००,००० | १८५००००० | २०३५००००० | २२३८५००००० | २४६२३५०००० | |
| २.१.४ | विशेष अनुदान | १७,०००,००० | १६५००००० | १८१५००००० | १९९६५००००० | २१९६१५०००० | |
| २.२ | प्रदेश सरकार | ३७,२०९,००० | २४८६१००० | २७३४७१००० | ३००८१८१००० | ३३०८९९९१०० | |
| २.२.१ | वित्तिय समानिकरण अनुदान | ८,२०९,००० | ८३११००० | ९१४२१००० | १००५६३१००० | ११०६१९४१०० | |
| २.२.२ | सशर्त अनुदान | ८,०००,००० | ६५५०००० | ७२०५०००० | ७९२५५०००० | ८७१८०५००० | |
| २.२.३ | समपुरक अनुदान | १५,०००,००० | १०००००००० | ११००००००० | १२१०००००००० | १३३१०००००० | |
| २.२.४ | विशेष अनुदान | ६,०००,००० | ० | ० | ० | ० | |
| ३. | सामाजिक सूरक्षा भत्ता | | | ० | ० | ० | |
| ४. | निर्वाचित क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सांसद विकास कोष) | | | ० | ० | ० | |
| ५. | वैदेशिक सहायता बापत संघीय सरकारबाट प्राप्त रकम | | | ० | ० | ० | |
| ६. | आन्तरिक ऋण | | | ० | ० | ० | |
| ७. | नेपाल सरकारबाट प्राप्त ऋण | | | ० | ० | ० | |
| ८. | गत वर्षको मौज्दात | | | ० | ० | ० | |

*स्रोत: गाउँपालिकाको आवधिक योजना, २०८०*

### ८.१.३ गाउँपालिकाको अचल सम्पत्ति विवरण

क) प्रशासकीय भवन: १

ख) वडा कार्यालयहरु: ७

ग) कृषि/पशु सेवा केन्द्र:

घ) स्वास्थ्य संस्थाका भवन :

ङ) विद्यालय भवनहरु :

छ) आयुर्वेद औषधालय : १

ज) अन्य:

## ८.२ सेवा सुविधा सञ्चालन र व्यवस्थापन

### ८.२.१ उपलब्ध सेवा सुविधाको प्रकार

- अपाङ्ग परिचयपत्र वितरण तथा अद्यावधिक,
- नि:शुल्क उपचार सिफारिस,
- कृषि समूह दर्ता, नवीकरण तथा खारेजी,
- कृषि यन्त्र, औषधी तथा पशु औषधी उपचार र उपकरण वितरण,
- बाली तथा पशुपन्छी बीमा,
- प्राइवेट फर्म दर्ता, नवीकरण तथा खारेजी,
- व्यवसाय दर्ता, नवीकरण तथा खारेजी,
- सहकारी दर्ता तथा खारेजी,
- संघ संस्था दर्ता तथा खारेजी,
- रोजगार परामर्श,
- व्यक्तिगत घटना दर्ता,
- सामाजिक सुरक्षा भत्ताको नयाँ लाभग्राही दर्ता तथा नवीकरण,
- घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण तथा नवीकरण,
- घर निर्माण अनुमति,
- घरनक्शा पास तथा अभिलेखीकरण,
- विवाद निरोपण तथा मेलमिलाप,
- छात्रवृत्ती सिफारिस,
- विद्यालय सञ्चालन तथा कक्ष थप अनुमति,
- तालिमहरू सञ्चालन,
- गाउँपालिका र वडा कार्यालयहरूबाट विभिन्न सिफारिस र प्रमाणितका कार्यहरू आदि ।

### ८.२.२ सेवा प्रवाह प्रक्रिया र पृष्ठपोषण

**अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण** : सम्बन्धित व्यक्तिको निवेदन, वडाको सिफारिस र आवश्यक परेको खण्डमा विशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा अपांग परिचयपत्र वितरण समितिले जाँचबुझ गरी परिचयपत्र वितरण गर्ने ।

जेष्ठ नागरिक परिचयपत्रका लागि नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गरेमा जाँचबुझ गरी परिचयपत्र वितरण हुने ।

**क्लब दर्ता** : बाल क्लब, किशोरी क्लब, युवा क्लब, सञ्जालहरु विधान, बैठकका निर्णयहरु, आवश्यक अन्य कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा आवश्यक जाँचबुझ गरी उपयुक्त भएमा दर्ता हुने र नियमानुसार नवीकरण तथा खारेजीको कार्य गरिने ।

**निःशुल्क उपचार सिफारिस :** सम्बन्धित व्यक्तिको निवेदन, अस्पतालको प्रेषण पूर्जा र वडाको सिफारिसका आधारमा निःशुल्क उपचार सिफारिस समितिका आधारमा निःशुल्क उपचारका लागि सिफारिस हुने ।

**कृषि समूह दता** : प्रस्तावित समूहको निर्णय प्रतिलिपि, नागरिकता प्रमाणपत्रहरु सहित निवेदन पेश भएपछि कृषि तथा पशु सेवा उपशाखाले आवश्यक जाँचबुझ गरी कृषि समूह दर्ता गर्ने र नियमानुसार नवीकरण तथा खारेजीको कार्य गरिने ।

**कृषि यन्त्र, औषधी तथा पशु औषधी उपचार र उपकरण वितरण :** वार्षिक कार्यक्रम, लक्षित वर्गको माग र निवेदनका आधारमा कृषि यन्त्र र पशु उपचार उपकरण वितरण हुने । सेवा केन्द्रहरुबाट उपचार सेवा निःशुल्क रुपमा उपलब्ध हुने ।

**बाली तथा पशुपन्छी बीमा** : गाउँपालिकाले अनुदानमा इच्छुक व्यक्तिहरुको बाली तथा पशुपन्छी बीमा गरिदिने ।

**व्यवसाय दर्ता** : वडाको सिफारिस, जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र निवेदन इच्छुकले पेश गरेमा व्यवसाय दर्ता र सोको नियमानुसार नवीकरण तथा खारेजीको कार्य गरिने ।

**सहकारी दर्ताः** विनियम सहित भेलाका निर्णयहरुका प्रतिलिपि, नागरिकता प्रमाणपत्रका प्रतिलिपिहरु र आवश्यक अन्य कागजातहरु संलग्न गरी पेश गरेमा आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा सहकारी संस्था दर्ता हुने, एकीकरण, विभाजन र नियमानुसार दर्ता खारेजीको कार्य गरिने ।

**स्थानीय संघ संस्था दर्ता** : विधान, बैठकका निर्णयहरुका प्रतिलिपि, नागरिकता प्रमाणपत्रका प्रतिलिपिहरु, आवश्यक अन्य कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा आवश्यक जाँचबुझ गरी उपयुक्त भएमा संघ संस्था दर्ता हुने र नियमानुसार नवीकरण तथा खारेजीको कार्य गरिने ।

**रोजगार परामर्श** : वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि रोजगार सेवा केन्द्रबाट परामर्शको कार्य गरिने ।

**श्रम स्वीकृति :** व्यक्तिगत श्रम स्वीकृतिका लागि रोजगार प्रदायक कम्पनीले दिएको भिजा, सम्झौताको कागजात लगायतका कागजातहरु संलग्न गरी पेश गरेमा अनलाइन माध्यमबाट सोको स्वीकृतिको कार्य अगाडि बढाइने र स्वीकृति भई आए पश्चात् प्रिन्ट गरी स्वीकृति पत्र प्रदान गरिने ।

वैदेशिक रोजगारीबाट बिदामा फर्किएका व्यक्तिहरु पुनः वैदेशिक रोजगारीमा जान थाल्दा पुनः श्रम स्वीकृतिका लागि रोजगार प्रदायक कम्पनीले दिएको भिजा, सम्झौताको कागजात लगायतका कागजातहरु संलग्न गरी पेश गरेमा अनलाइन माध्यमबाट सोको पुनः स्वीकृतिको कार्य अगाडि बढाइने र स्वीकृति भई आए पश्चात् प्रिन्ट गरी स्वीकृति पत्र प्रदान गरिने ।

**वैदेशिक रोजगारी सहायता :** वैदेशिक रोजगार बोर्ड मार्फत् प्रदान गरिने मृत्यु तथा अंगभंग क्षतिपूर्ति, परिवार स्वास्थ्य उपचार खर्च, मृत्यु भएमा शव घरसम्म झिकाउने कार्य, विदेशमा अलपत्र परेकाको उद्दार तथा खोजतलास लगायतका कार्यका लागि वडाको सिफारिस सहित अन्य आवश्यक कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा आवश्यक प्रक्रिया अगाडि बढाइ सेवा प्रदान गरिने ।

**व्यक्तिगत घटना दर्ता** : सूचकले दिएको सूचना फाराम र आवश्यक अन्य कागजातहरुको आधारमा स्थानीय पञ्जीकाधिकारीले जाँचबुझ गरी अनलाइन व्यक्तिगत घटना दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गर्ने ।

**सामाजिक सुरक्षा भत्ताको नयाँ लाभग्राही दर्ता तथा नवीकरण** : जेष्ठ नागरिक, जेष्ठ नागरिक एकल महिला, अपांग, विधुवा, दलित बालबालिका पोषण भत्ता, लोपोन्मुख नागरिकका लागि सामाजिक सुरक्षा भत्तामा नयाँ लाभग्राहीको रुपमा दर्ता हुन वडा कार्यालयमा आफ्नो आवश्यक कागजातहरु सहित फाराम भरी निवेदन पेश गरेमा जाँचबुझ गर्दा योग्य देखिएमा नयाँ लाभग्राहीका रुपमा दर्ता भई अर्को महिनाबाट भत्ता पाउने व्यवस्था रहेको छ ।

सामाजिक सुरक्षा भत्तामा दर्ता रहिरहेका व्यक्तिहरुका लागि प्रत्येक वर्ष भदौको महिनाभित्र आफ्नो कागजातहरु सहित फाराम भरी निवेदन पेश गरेमा नवीकरणको कार्य तथा तथ्यांक अद्यावधिक गरिने व्यवस्था रहेको छ ।

**घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र वितरण :** आवश्यक जनशक्ति र यन्त्र उपकरणको विवरण र प्रमाणहरुको प्रतिलिपि, नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन पेश गरेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाको निर्णय बमोजिम इजाजत पत्र प्रदान गर्ने र नियमानुसार नवीकरण तथा खारेजीको कार्य गरिने ।

**घर निर्माण अनुमति, घरनक्शा पास तथा अभिलेखीकरण** : निर्माण गर्ने घरको ड्रइङ डिजाइन सहित घरनक्शा पासका लागि नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गरेमा आवश्यक जाँचबुझ र प्रक्रिया पूरा गरी घरनक्शा पास गरिने र सोका आधारमा घर निर्माण अनुमति प्रदान हुने ।

पुराना घरहरुका हकमा निर्मित घरको नक्शा, नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गरेमा आवश्यक जाँचबुझ र प्रक्रिया पूरा गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गरिने ।

**विवाद निरोपण तथा मेलमिलाप** : स्थानीय न्यायिक समितिले आफ्ना क्षेत्राधिकारभित्रका विभिन्न विषयमा न्याय निरोपण तथा मेलमिलापका कार्य गर्ने ।

**छात्रवृत्ती सिफारिसः** निःशुल्क अध्ययनका लागि वडाको सिफारिस सहित निवेदन पेश गरेमा आवश्यक जाँचबुझ गरी छात्रवृत्तिका लागि सिफारिस गर्ने ।

**विद्यालय सञ्चालन तथा कक्ष थप अनुमति** : विद्यालय सञ्चालन वा कक्षा थपका लागि आवश्यक पूर्वाधार पूरा गरी आवश्यक अन्य कागजातहरु संलग्न गरी निवेदन पेश गरेमा आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा विद्यालय सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

**तालिम सञ्चालन :** गाउँपालिकाको आफ्नै वार्षिक योजना/कार्यक्रमबाट विभिन्न आय तथा सीपमूलक तालिमहरू सञ्चालन हुने गर्दछन् भने विभिन्न गैरसरकारी संघसंस्थाहरूको समन्वय तथा सहकार्यमा समेत त्यस्ता तालिमहरू सञ्चालन हुने गरिरहेका छन् ।

**गाउँपालिका र वडा कार्यालयहरुबाट विभिन्न सिफारिस र प्रमाणितका कार्यहरु**: स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोके बमोजिमका कार्यहरुका लागि आवश्यक कागजातहरु संलग्न गरी गाउँपालिका वा वडामा निवेदन पेश गरेमा नियमानुसार सिफारिस तथा प्रमाणितका कार्यहरु गर्ने ।

### ८.३.१ गाउँपालिकाभित्रका नागरिक सचेतना केन्द्र, नागरिक मंच र टोल विकास संस्था सम्बन्धी विवरण

साविकका स्थानीय निकायहरूमा जननिर्वाचित जनप्रतिनिधि नहुँदा स्थानीय निकायहरूलाई गतिशील बनाउन र राज्यका गतिविधिहरू जनताको घरदैलोसम्म पुगाउन विभिन्न सचेतना केन्द्र र नागरिक केन्द्रहरू रहेका भए तापनि हाल त्यस प्रकारका संरचनाहरू नरहेको अवस्था छ । हाल गाउँपालिकाको सक्रियतामा सबै वडाका सबै टोलहरूलाई समेटी टोल विकास संस्थाहरू दर्ता भइ संचालनमा रहेका छन् ।

### ८.३.२ सामुदायिक मेलमिलाप समिति सम्बन्धी विवरण

गाउँपालिकामा नगर उप-प्रमुख श्री लक्ष्मी कुमारी चौधरीको संयोजकत्वमा कार्यपालिका सदस्यहरु र वडा सदस्यहरु समेत गरी ५ सदस्यीय न्यायिक समिति गठन गरिएको छ । यसैगरी यस गाउँपालिकामा मेलमिलापकर्ताहरू पनि परिचालन गरिएको छ ।

## ८.४ ऐन, नीति नियम र कार्यप्रणाली

### ८.४.१ गाउँपालिकाका स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| १. | विजयनगर गाउँपालिकाको कर्मचारी व्यवस्थापन ऐन २०७८ को पहिलो संशोधन ऐन २०७९ |
| २. | विजयनगर गाउँपालिका दिगो विकास लक्ष्य स्थानीयकरण कार्यविधि तथा सूचकहरु |
| ३. | विजयनगर गाउँपालिका कृषि विकास नीति तथा कार्यक्रम |
| ४. | आर्थिक ऐन २०७९-८० |
| ५. | विजयनगर गाउँपालिकाको शिक्षा ऐन २०७६ |
| ६. | विजयनगर गाउँपालिकाको भवन निर्माण मापदण्ड २०७४ |
| ७. | विजयनगर गाउँपालिकाको भवन सार्वजनिक खर्च सम्बन्धी मापदण्ड २०७७ |
| ८. | आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६ |
| ९. | एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि २०७६ |
| १०. | विजयनगर गाउँपालिका स्तरीय कृषि समूह सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०७८ |
| ११. | खानेपानी सरसफाई तथा वातावरण व्यवस्थापन कार्यविधि २०७६ |
| १२. | समपुरक कोष (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ |
| १३. | विजयनगर स्थानीय विकास कोष (स्थापना संचालन) कार्यविधि २०७६ |
| १४. | विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ |
| १५. | विजयनगर गाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि २०७७ |
| १६. | विजयनगर गाउँपालिका कर्मचारीहरु प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि २०७७ |

| क्र.स. | गाउँपालिकाबाट स्वीकृत ऐन, नीति नियम, निर्देशिका तथा मापदण्डहरु |
|---|---|
| १७. | व्यवसाय कर सम्बन्धि कार्यविधि २०७८ |
| १८. | सूचना तथा अभिलेख केन्द्र स्थापना तथा संचालन कार्यविधि २०७८ |
| १९. | शैक्षिक सहायता सम्बन्धी कार्यविधि २०७८ |
| २०. | मर्मत संभार र कोष संचालन निर्देशिका २०७६ |
| २१. | संघ संस्था दर्ता तथा नविकरण निर्देशिका २०७७ |
| २२. | विजयनगर गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष नियमावली २०७६ |
| २३. | विजयनगर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ |
| २४. | गाउँपालिकाको खानेपानी, सरसफाई एंव स्वच्छता ऐन २०७८ |
| २५. | गाउँपालिकाको भूमि ऐन, २०७८ |
| २६. | गाउँपालिकाको वन ऐन, २०७८ |
| २७. | विजयनगर खरिद नियमावली २०७८ |
| २८. | विजयनगर गाउँपालिकाको कृषि ऐन २०७८ |
| २९. | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८ |
| ३०. | कृषि समूह गठन तथा सञ्जाल कार्यविधि २०७८ |
| ३१. | कृषक समूह विधान |
| ३२. | विजयनगर गाउँपालिका छोरी पढाउँ अभियान सञ्चालन निर्देशिका २०७८ |
| ३३. | आर्थिक ऐन २०७७-०७८ |
| ३४. | विजयनगर गाउँपालिकाको शिक्षा नियमावली २०७४ |
| ३५. | विजयनगर गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन |
| ३६. | विजयनगर गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७४ |
| ३७. | विजयनगर गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ |
| ३८. | न्यायिक समिति कार्यविधि |
| ३९. | गाउँसभा कार्य सञ्चालन नियमावली २०७४ |
| ४०. | एकीकृत सम्पति कर व्यवस्थापन कार्यविधि, २०७४ |
| ४१. | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ |
| ४२. | बजार अनुगमन प्रस्तावना निर्देशिका |
| ४३. | आ.व. २०७५/०७६ को आर्थिक ऐन |
| ४४. | आ.व. २०७५/०७६ को विनियोजन ऐन |

### ८.४.२ गाउँकार्यपालिका कार्यालयमा कार्यरत कर्मचारी

**तालिका नं. ६५ :** कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण

| क्र.स. | नाम | पद | ईमेल | फोन नं. |
|---|---|---|---|---|
| १. | शोभाराम रिजाल | प्रमुख प्रशासकीय अधिकृत | srrijal78@gmail.com | ९८५७०१४८६९ |

| क्र.स. | नाम | पद | ईमेल | फोन नं. |
|---|---|---|---|---|
| २. | श्री हिमलाल पौडेल | अधिकृत छैठौं | bijaynagar.mun7@gmail.com | |
| ३. | श्री हिमकान्त आचार्य | लेखा अधिकृत लेखा (छैठौं) | bijaynagar.mun7@gmail.com | |
| ४. | श्री लक्ष्मण घिमिरे | सुचना प्रविधि अधिकृत | bijaynagar.mun7@gmail.com | |
| ५. | श्री बोधराज भुसाल | सहायक पाँचौ | bijaynagar.mun7@gmail.com | |
| ६. | श्री यमकला रेश्मी | सहायक चौथो | bijaynagar.mun7@gmail.com | |
| ७. | श्री कमला शुक्ला | वालकल्यण अधिकारी | bijaynagar.mun7@gmail.com | |
| ८. | श्री अर्जुन कुमार बेल्वासे | वास संयोजक | bijaynagar.mun7@gmail.com | |
| ९. | श्री दिलिप कुमार धोवी | लेखा सहायक | bijaynagar.mun7@gmail.com | |
| १०. | श्री रवि प्रताप यादव | स.कम्पुटर अपरेटर | bijaynagar.mun7@gmail.com | |
| ११. | श्री ओम प्रकाश थारु | ह.स.चा. | bijaynagar.mun7@gmail.com | |
| १२. | श्री चित्र बहादुर थापा | ह.स.चा. | bijaynagar.mun7@gmail.com | |
| १३. | श्री क्षेत्र बहादुर थारु | हे.स.चा.(व्याक हो लो.) | bijaynagar.mun7@gmail.com | |
| १४. | श्री मुक्तार अलि दर्जी | ह.स.चा. (एम्बुलेन्स) | bijaynagar.mun7@gmail.com | |
| १५. | श्री कृष्ण प्रसाद डुम्रे | सुरक्षा गार्ड | bijaynagar.mun7@gmail.com | |
| १६. | श्री राजेश पासी | सुरक्षा गार्ड | bijaynagar.mun7@gmail.com | |
| १७. | श्री विकाश थारु | सुरक्षा गार्ड | bijaynagar.mun7@gmail.com | |
| १८. | श्री शेर बहादुर तरामु | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| १९. | श्री डिल बहादुर चौधरी | रोलर चालक | bijaynagar.mun7@gmail.com | |
| २०. | श्री राम शंकर खटिक | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २१. | श्री गिर्जापति चौधरी | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २२. | श्री राजु प्रसाद पन्थ | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २३. | श्री दिपक बहादुर खड्का | का.स. | bijaynagar.mun7@gmail.com | |
| २४. | श्री राम शंकर पासी | स्वीपर | bijaynagar.mun7@gmail.com | |
| २५. | श्री हेमराज तेली | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २६. | श्री दिनेश थारु | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २७. | श्री संगम खटिक | ईलेक्ट्रिसियन हेल्पर | bijaynagar.mun7@gmail.com | |
| २८. | श्री नायन वहादुर सारु | कार्यालय सहयोगी | bijaynagar.mun7@gmail.com | |
| २९. | श्री नविन डुम्रे | इन्जिनियर | bijaynagar.mun7@gmail.com | |
| ३०. | श्री हेमन्त कुमार चौधरी | सव इन्जिनियर | bijaynagar.mun7@gmail.com | |
| ३१. | श्री शिव वहादुर बढई | अ.सव इन्जिनियर | bijaynagar.mun7@gmail.com | |
| ३२. | श्री सौरभ उपाध्याय | अमिन | bijaynagar.mun7@gmail.com | |
| ३३. | श्री श्याम पून | रोजगार संयोजक | bijaynagar.mun7@gmail.com | |

| क्र.स. | नाम | पद | ईमेल | फोन नं. |
|---|---|---|---|---|
| ३४. | श्री राजन चौधरी | प्राविधिक सहायक | bijaynagar.mun7@gmail.com | |
| ३५. | श्री नारायण प्रसाद उपाध्याय | एम.आई.एस अपरेटर | bijaynagar.mun7@gmail.com | |
| ३६. | श्री मिना के.सी. | फिल्ड सहायक | bijaynagar.mun7@gmail.com | |
| ३७. | श्री हरिहर बेल्वासे | शिक्षा अधिकृत | bijaynagar.mun7@gmail.com | |
| ३८. | श्री सुस्मा पौडेल | प्राविधिक सहायक | bijaynagar.mun7@gmail.com | |
| ३९. | श्री दिपेन्द्र कपुर कोरी | स्वयमसेवक शिक्षक | bijaynagar.mun7@gmail.com | |
| ४०. | श्री राम सुन्दर माली | कृषि विकाश अधिकृत | bijaynagar.mun7@gmail.com | |
| ४१. | श्री प्रभुनाथ यादव | प्राविधिक सहायक (पाँचौं) | bijaynagar.mun7@gmail.com | |
| ४२. | श्री राजु कुर्मी | ना.प्रा.स | bijaynagar.mun7@gmail.com | |
| ४३. | श्री प्रह्लाद ठाकुर | पशु विकाश अधिकृत | bijaynagar.mun7@gmail.com | |
| ४४. | श्री विशाल थारु | पशु ना.प्रा.स. | bijaynagar.mun7@gmail.com | |
| ४५. | श्री जितेन्द्र थारु | पशु ना.प्रा.स. | bijaynagar.mun7@gmail.com | |
| ४६. | श्री शितल सुनार | उद्यम विकाश सहजकर्ता | bijaynagar.mun7@gmail.com | |

# अनुसूचीहरू

## अनुसूची - १: गाउँपालिकाका निर्वाचित पदाधिकारीको विवरण

| नाम | पद | ईमेल | फोन नं. |
|---|---|---|---|
| गोपाल बहादुर थापा मगर | गाँपालिका अध्यक्ष | gopalthapa55103@gmail.com | ९८५७०५५१०३ |
| लक्ष्मीकुमारी चमैधरी | उपाध्यक्ष | | ९८५७०१४१०२ |

| वडा नं. | वडा अध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | खुल्ला सदस्य | खुल्ला सदस्य |
|---|---|---|---|---|---|
| १. | इन्नर थारु | दमन्ती सरा राना (कुमाल) | जुगुरी दमाई | तीजमान राई | त्रिवेनी कोरी |
| २. | नेपाल चौधरी | रुन्नतीदेवी पाण्डे | नितु दर्जी | सोमई केवट | सहरु भर |
| ३. | हृदय विकास चौधरी | जमुरता केवट | माधुरी लोहार | मोहमद सई मुसलमान | राजकुमार अहिर |
| ४. | तिलकराम कँडेल | निमसरी सुनार | मिना सुनार | बदरुजोमा खाँ | रामस्वरुप चाई |
| ५. | अनवार मोहम्मद मुसलमान | सोनीया विश्वकर्मा | राजमती पासी | चन्द्रभान कोरी | माधवलाल नाउ |
| ६. | प्रेमबहादुर कलवार | शकुन्तला भण्डारी | बली माया कमीनी | आखरुजमा बढई | विष्णु कुमार यादव |
| ७. | दिनेश कुमार चौधरी | आलिया वेगम मिया | दुर्गावती कोरी | आर मोहम्मद नाउ | राजेश तेली |

## अनुसूची - २: चालु आ.व.को बजेट विवरण

**तालिका नं. ६६ :** आ.व. २०८०/०८१ को बजेट विनियोजन

| क्र.सं. | शिर्षक | रकम रू. हजारमा |
|---|---|---|
| | | आ.व. २०८०/०८१ को अनुमान |
| १. | राजश्व | ५५९,९०८,००० |
| (क) | आन्तरिक राजश्व | १६७५४७००० |
| (ख) | राजश्व बाँडफाँडबाट प्राप्त रकम | १४६४८७००० |
| २. | अनुदान | |
| २.१ | संघीय सरकार | ३६७,५००,००० |
| २.१.१ | वित्तिय समानिकरण अनुदान | ११४४००००० |
| २.१.२ | सशर्त अनुदान | २१८१००००० |
| २.१.३ | समपूरक अनुदान | १८५००००० |
| २.१.४ | विशेष अनुदान | १६५००००० |
| २.२ | प्रदेश सरकार | २४८६१००० |
| २.२.१ | वित्तिय समानिकरण अनुदान | ८३११००० |
| २.२.२ | सशर्त अनुदान | ६५५०००० |
| २.२.३ | समपुरक अनुदान | १००००००० |
| २.२.४ | विशेष अनुदान | ० |
| ३. | सामाजिक सूरक्षा भत्ता | |
| ४. | निर्वाचित क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सांसद विकास कोष) | |
| ५. | वैदेशिक सहायता बापत संघीय सरकारबाट प्राप्त रकम | |
| ६. | आन्तरिक ऋण | |
| ७. | नेपाल सरकारबाट प्राप्त ऋण | |
| ८. | गत वर्षको मौज्दात | |

## अनुसूची - ३: विजयनगर गाउँपालिकाको डिजिटल प्रोफाइल तयारीको लागि गरिएको अभिमुखीकरण कार्यक्रममा सहभागीहरू

आज मिति २०८१।०२।०७ गते सोमबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षता तथा तपसिल बमोजिमका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थितिमा विजयनगर गाउँपालिकाको पार्श्वचित्रको मस्यौदा उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो।

स्थान:- सिदार्थ ग्रिन रिसोर्ट बालापुर-२ कपिलवस्तु।

समय:- दिनको [redacted]-१:०० बजे

उपस्थिति:-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री इन्नर थारु | १ नं वडा अध्यक्ष | |
| ४ | श्री नेपाल थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री हृदय बिकास चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री बदरुजमा खाँ | ४ नं कार्यवाहक वडा अध्यक्ष | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री प्रेम बहादुर कलवार | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री दिनेश कुमार चौधरी | ७ नं वडा अध्यक्ष | |
| १० | श्री बलिमाया कमिनी | कार्यपालिका सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | कार्यपालिका सदस्य | |
| १२ | श्री मिना सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री रुन्ती देवी पाण्डे | कार्यपालिका सदस्य | |
| १४ | श्री टंक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री मजिबुर्रहमान मिया | कार्यपालिका सदस्य | |
| १६ | श्री शोभाराम रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |
| १७ | श्री विष्णु कुमार यादव | वडा सदस्य ६ नं वडा | |
| १८ | श्री बिमला कुमारी चौधरी | वरिष्ठ कविराज निरिक्षक | |
| १९ | श्री हिमलाल पौडेल | अधिकृतस्तर छैठौं | |
| २० | श्री हिमकान्त आचार्य | लेखा अधिकृत | |
| २१ | श्री हरिहर बेल्वासे | शिक्षा अधिकृत | |
| २२ | श्री यज्ञ प्रसाद अधिकारी | स्वास्थ्य शाखा प्रमुख | |
| २३ | श्री बासुदेव जमरकट्टेल | अधिकृत छैठौं | |